सूचना र मनोरञ्जन...को
# साप्ताहिक
saptahik.ekantipur.com
कान्तिपुर पब्लिकेशन्स
● वर्ष २४ ● अं...
● काठमाडौं शुक्रबार, माघ २५, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



तस्बिर : टिएनएम

# आकर्षक महिला-पुरुष

पृष्ठ १८ मा

तस्बिर : महेश प्रधान

## राखी सावन्तको छड्के तिलहरी



पृष्ठ ३२ मा

HONEY & ALMONDS
PÔSHAN-WALA LOTION



JOY
beautiful by nature

आफ्नो सुन्दरतालाई
समझदारीपूर्वक
निखार्नुहोस्

पहिलेभन्दा दुईगुणा बढी पोषण भएको जोय हनी एण्ड आल्मण्ड्स एडभान्स नरिसिङ बडि लोसन प्रयोग गर्नुहोस्, यसमा रहेको मह र बदामले त्वचाको भित्रसम्म पुगेर पोषण दिई मोइस्चर प्रदान गर्छ। समझदार बनेर आफ्नो त्वचालाई प्राकृतिक पोषण मात्र हैन स्वस्थपूर्ण निखार पनि दिनुहोस्।




www.joypersonalcare.com | joybeautifulbynature

भ्यालेन्टाइन विशेष

# कुन राशिको प्रेम जीवन कस्तो रहला ?

## सन् २०१९ फेब्रुअरी १४ देखि सन् २०२० फेब्रुअरी १३ सम्मका लागि

### मेष




यो वर्ष मेष राशिका स्वामीहरूको प्रेम जीवन सुखद रहनेछ । तपाईंको दृष्टिकोणले विपरीत लिंगीहरूलाई प्रेम सम्बन्ध अघि बढाउन प्रेरित गर्नेछ । यदि तपाईं प्रेम सम्बन्धमा हुनुहुन्छ भने विवाह हुने सम्भावना छ । प्रेम सम्बन्धमा हुनुहुन्न भने लभ पार्टनर फेला पर्न सक्छन् । विवाहितहरूको हकमा सम्बन्ध केही तनावपूर्ण देखिए पनि अन्त्य सुखद नै होला । लामो समयदेखि छुट्टिएर बसेका श्रीमान्-श्रीमतीबीच पुनर्मिलनको योग छ । विवाहेत्तर सम्बन्ध यो राशिका स्वामीहरूका लागि सदैव हानिकारक रहँदै आएको छ । खासगरी नोकरी गर्ने महिला-पुरुषले कार्यालयमा आफ्ना सहकर्मीहरूसँग गर्ने व्यवहारले शंकाको बीउ रोप्न सक्छ । थोरै सावधानी अपनाउँदा वर्ष तनावरहित बित्नेछ ।

### वृष




वृष राशिका स्वामीहरूको प्रेम जीवन सकारात्मक एवं उत्साहप्रद देखिन्छ । तपाईंको चञ्चल मनका कारण जीवनसाथी वा प्रेमी-प्रेमिकाले पटक-पटक तपाईंको व्यवहारको गलत अर्थ लगाउन सक्छन्, जसका कारण कतिपय समयमा तनावको समेत सामना गर्नुपर्ने हुन सक्छ । यो राशिका स्वामीले वर्षभरि नै आफ्नो पार्टनरले आफूबाट के चाहेको छ भन्ने विषयमा सचेत हुनु हितकर हुन्छ । अर्को पक्षबाट बेलाबखत लाग्ने आक्षेपप्रति अपराधबोध गर्नुभन्दा त्यस्ता कुरालाई क्षणिक आवेगका रूपमा लिन सकियो भने त्यसको सकारात्मक प्रभाव जीवनभर रहनेछ । सानोतिनो विवादलाई ठूलो इस्यु नबनाई अघि बढ्दा जीवन तनावरहित हुनेछ ।

### मिथुन



प्रेम सम्बन्धका दृष्टिले वर्ष मध्यम रहनेछ । यो वर्ष जीवनसाथीसँग मिलेर भविष्यका लागि प्रेम एवं पारिवारिक सामान्जस्यताको मार्ग पहिल्याउने प्रयास गरिनेछ । सिंगलहरूको हकमा असोज-कात्तिकतिर नयाँ सम्बन्ध विकास हुने देखिन्छ । कसैलाई मनमा राखिएको छ भने त्यस्तो सोच भ्रममा परिणत हुनेछ । यतिबेला देखापर्ने मानसिक उथुलपुथुलले शारीरिक हानि पुऱ्याउन सक्छ । प्रेममा रहेकाहरूको सम्बन्ध टुट्न सक्ने अवस्था सिर्जना हुन सक्छ । वादविवादमा नअल्झिनु नै उपयुक्त हुन्छ । अर्को पक्षको विचारलाई सम्मान गर्न सक्ने व्यक्तिको प्रेमसम्बन्ध मात्र सुरक्षित रहनेछ । मनमा इगो राख्दा त्यसले प्रेम जीवनमा पुऱ्याउन सक्ने हानिका लागि राशिका स्वामी आफैं जिम्मेवार हुनुपर्नेछ ।

### कर्कट



प्रेम र रोमान्सका दृष्टिले वर्ष स्मरणीय हुनेछ । आफ्ना प्रेमी वा प्रेमिकालाई राम्रोसँग बुझ्न सफल भइनेछ । आफ्नो प्रेम सम्बन्धलाई अघि बढाउन अर्को पक्षका आफन्तहरूसँग कुरा चलाउन हतार नगर्नु नै बुद्धिमानी हुन्छ । वैवाहिक जीवनमा सानातिना विवाद भए पनि त्यस्ता विवादको छायाँ प्रेम सम्बन्धमा देखिने छैन । शारीरिक रूपमा टाढा भए पनि निरन्तर सम्पर्कमा रहने तपाईंको बानीको अर्को पक्षले सदुपयोग गर्नेछन् । सार्वजनिक जीवनमा तपाईंले व्यहोर्नुपर्ने कतिपय तनावलाई सहयात्रीले आफ्नै तनाव सम्झिँदा ठूलो राहत मिल्नेछ । विपरीत लिंगीको यस्तो व्यवहारले प्रेम जीवनमा अघि बढ्न तथा सक्रिय रहन थप प्रेरणा दिनेछ ।

### सिंह



यो वर्ष तपाईंको चाहनाले नयाँ आकाशमा उड्ने कल्पना गरेको छ । आफ्नो सम्बन्धलाई परिवारमाझ खुलेर देखाउने समय आएको छ । अहिलेको समयमा पनि प्रेम सम्बन्धलाई लुकाउने प्रयत्न गर्नु भनेको भविष्यका लागि खराब संकेत हो । जसले आँट्यो, उही बाँच्यो भन्ने उखान चरितार्थ गर्नुहोस्, तपाईंको प्रेममय सपना यथार्थमा परिणत हुनेछ । विवाहितहरूमा शनि, वृहस्पति तथा राहुबीच देखिएको खगोलिय तनावले प्रभाव देखाउनेछ । यस्तो बेला सम्बन्धमा कटुता निम्तिन सक्छ, तसर्थ जीवन साथीप्रति विश्वास कायम राख्दै आफ्ना भावनाहरूमा नियन्त्रण गर्नुहोला । केही खड्को भए पनि समग्र सम्बन्ध भने सुरुचिपूर्ण नै रहला । चिन्ता लिनुपर्ने कुनै कारण छैन ।

### कन्या




यो वर्ष कन्या राशिको प्रेम जीवनमा उतार-चढाव देखा पर्नेछ । विवाहितको हकमा समय केही तनावपूर्ण देखिन्छ भने प्रेमीहरूको हकमा समय केही गरेर देखाउने अवसरका रूपमा आउनेछ । सामान्य मित्रता पनि प्रेममा परिणत हुन सक्ने योग भएकाले सम्भव भएसम्म आफूलाई मन परेको व्यक्तिसँगको मित्रतालाई अघि बढाउनुहोला । जेठदेखि असोजसम्मको समयमा विछोड हुन सक्छ । यो समयमा कामको सिलसिलामा आफ्ना प्रेमी वा प्रेमिकासँग टाढा जानुपर्ने हुन सक्छ । यतिबेला अनावश्यक शंका-उपशंका गर्दा अर्को पक्षले नकारात्मक धारणा बनाउने सम्भावना भएकाले आफ्ना प्रेमी वा प्रेमिका प्रति दृढ विश्वास व्यक्त गर्नुहोला ।

### तुला



यो वर्षको प्रेम जीवन रोमाञ्चकारी रहनेछ । खासगरी प्रेममा रहेका अविवाहितहरूका लागि वर्ष सानदार सावित हुनेछ । कतिपय अन्तरंग सम्बन्ध गाँसिन सक्छन् । बिछोड भएका प्रेमी वा प्रेमिकासँग पुनर्मिलन हुन सक्छ । कल्पना गरे जस्तो प्रेम प्राप्त गर्न आफ्ना प्रेमी वा प्रेमिकासँग बढीभन्दा बढी समय बिताउनुपर्नेछ । समयमै प्रेम प्रस्ताव राख्न सकिएन भने पछि गएर पछुताउनुपर्ला । असोजको आधाआधीपछि प्रेम यात्रा अझ सबल हुने योग छ भने साउन, भदौतिर प्रेम जीवनमा केही समस्या सिर्जना हुन सक्छ । रिलेसनसिपमा रहेकाहरूको विवाह हुने योग पनि छ । यो वर्ष विवाह गर्ने हो भने त्यो दिगो हुने मात्र नभै जीवनभरका लागि प्रेममय हुन सक्ने देखिन्छ ।

### वृश्चिक



प्रेम जीवनमा मिश्रित परिणाम देखिनेछ । शनि वक्र भएकाले यो राशिका स्वामी तथा उनीहरूका श्रीमती अथवा प्रेमिका बीच खटपट सिर्जना हुनसक्छ । त्यस्तो खटपटले भविष्यका लागि थप संकट सिर्जना गर्न सक्छ, तसर्थ पाइला-पाइलामा सावधानी अपनाउनु आवश्यक छ । तपाईंको अहिलेको प्रेम सम्बन्ध आफ्नै परिवारका लागि अस्वीकार्य छ । यस्तो स्थितिमा सचेत भएर अघि बढ्नु तपाईंको हितमा देखिन्छ । विवाहितहरूको हकमा एक अर्कासँग रिसाउने-खुसाउने क्रम वर्षभरि नै चलिरहनेछ । सम्बन्धलाई दरिलो बनाउन कतै घुम्न जानुभयो भने त्यसको सकारात्मक प्रभाव जीवनभर रहनेछ । खासगरी नवविवाहित दम्पतीले मनोरञ्जक समय बिताउने कुरामा जोड दिनुहोला ।

### धनु



केही धैर्यधारण गर्ने हो भने प्रेम जीवन एक खुड्किला माथि उक्लनेछ । जसले यही वर्ष प्रेम जीवन प्रारम्भ गरेका छन्, उनीहरूको सम्बन्ध निकै सकारात्मक ढंगले अघि बढ्नेछ । चैतको आधाआधीसम्मको समय आशाअनुकूल हुनेछ । यो अवधिमा कुनै नयाँ मानिसले मनमा स्थान जमाउन सक्छन् । वैशाखको आधाआधीतिर त्यही प्रेम सम्बन्धमा तनाव एवं विवाद देखा पर्न सक्छ तसर्थ यो समयमा आफूलाई संयमित रूपले प्रस्तुत गर्नुहोला । यतिबेला आफ्ना भावना र आवेशलाई नियन्त्रणमा राख्नु हितकर हुनेछ । वर्षको मध्यतिर प्रेम जीवनले निश्चित गोरेटो तय गरिसक्नेछ । कतिपयको यही वर्ष विवाह हुन सक्छ । विवाह भैसकेकाहरूको हकमा सानोतिनो विवादले नै तनाव सिर्जना गर्नेछ । त्यस्तो स्थितिमा मौन रहनुमै भलो हुन्छ ।

### मकर




प्रेम जीवनमा नयाँ प्रारम्भ हुँदैछ । यो वर्ष कसैसँग प्रेम हुन सक्छ भने पहिलेदेखि नै प्रेममा भएकाहरूको विवाह हुन सक्छ । प्रेमी-प्रेमिकाहरू रोमान्टिक यात्रामा निस्कन सक्छन् । त्यस्तो यात्राका क्रममा एकले अर्काको सम्मान गर्न सके त्यसको सकारात्मक प्रभाव जीवनभर रहनेछ । होलि डे टुर, रोमान्स तथा मस्तीले यो वर्षभरि नै रोमाञ्चित तुल्याइरहनेछ । जीवनलाई थप प्रेममय बनाउन आफ्ना प्रेमी वा प्रेमिकाको विचार एवं दृष्टिकोणको सम्मान गर्न सक्नुपर्छ । प्रेम जीवनमा मस्त रहे पनि करियरप्रति पनि ध्यान पुऱ्याउनु आवश्यक छ । करियरप्रति हेलचेक्र्याइँ गर्दा त्यसको नकारात्मक प्रभाव देखा पर्न सक्छ । करियरले नै तपाईंको प्रेमलाई निर्देशित गर्ने भएकाले विशेष सावधानी अपनाउनु होला ।

### कुम्भ



यो वर्ष प्रेमको वर्षा नै हुनेछ । कुम्भ राशिको सम्पर्कमा रहने प्रेमी वा प्रेमिका धन र मन दुवैले सम्पन्न हुनेछन् । विवाहितहरूको यो वर्ष खुसीयालीपूर्ण रहनेछ । तैपनि प्रेम र भावनालाई आफ्नो कर्म क्षेत्रमा प्रवेश नगराउनु नै हितकर हुन्छ । आफ्नो प्रेम अनि दाम्पत्य जीवनमा अहम् र ईर्ष्यालाई प्रवेश गर्न नदिनुहोला । आफ्ना प्रेमी वा प्रेमिका, श्रीमान् वा श्रीमतीमाथि अनावश्यक दवाव सिर्जना गर्दा त्यसले प्रतिकुल प्रभाव सिर्जना गर्नेछ । विशेष गरी प्रेम र यौनमा समर्पणको चाहना गर्दा एक अर्काको भावनालाई आफ्नै भावनाका रूपमा स्वीकार गर्न सके त्यसले प्रेम जीवनलाई थप रोमाञ्चक बनाउनेछ ।

### मीन




वर्षका प्रारम्भिक दिनहरूमा प्रेमी-प्रेमिकाहरूले केही अप्ठ्यारा परिस्थितिको सामना गर्नुपर्ने देखिन्छ । प्रेम सम्बन्धमा अचानक उथुलपुथुल आउन सक्छ । जो प्रेम सम्बन्धमा छैनन् उनीहरूका लागि पनि अहिलेको समय ठीक छैन । यस्तो बेला कसैलाई प्रेम प्रस्ताव नराखेकै राम्रो हुन्छ । प्रेमको सन्दर्भमा अहिलेको समय निकै संवेदनशील छ । कतिपय अवस्थामा वैवाहिक सम्बन्ध पारपाचुकेमा परिणत हुन सक्छ भने अविवाहितहरूको हकमा प्रेमी वा प्रेमिकाले अरू कसैसँग सम्बन्ध बढाउने वा विवाह गर्ने योग समेत देखिन्छ । समग्रमा भने हो भन्ने अहिलेको संवेदनशील समयमा प्रेमका मामिलामा हतार गर्दा उल्टो परिणाम हात लाग्न सक्छ ।

स्रोत : एजेन्सीज




KMG
KANTIPUR MEDIA GROUP
डडेलधुरा
DADELDHURA
NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि
PRESENTS
कान्तिपुर
CONCLAVE
Unleashing Nepal's Potential
CONNECTED BY
Ncell
POWERED BY
asianpaints
देशलाई कस्तो दिशा दिने गुनौं, सुनौं र सुनाऔं
कान्तिपुर कन्क्लेभ देशका जटिल समकालीन मुद्दाहरूबारे संवाद गर्ने अवसर हो । यो कुनै नियमित सभा सम्मेलन र सेमिनार होइन, न कुनै कक्टेल जमघट । हामीले सामना गरिरहेका कठिन चुनौतीहरूलाई कसरी सिर्जनात्मक उपयोग गर्न सकिन्छ भन्नेबारे, कोभन्दा को कम विज्ञहरूले विमर्श गर्ने छन् । देश विदेशका ख्यातीप्राप्त बौद्धिक तथा व्यावसायिकहरूको यो दुई दिने बहसमार्फत हामी विभिन्न क्षेत्रमा अज्ञानता चिर्ने प्रकाशको खोजी गर्ने छौं । कान्तिपुर मिडिया ग्रूपले आफ्नो वार्षिकोत्सव पूर्व सन्धामा गर्न लागेको कन्क्लेभ आन्तरिक प्रयोजनका लागि होइन । समाजप्रतिको जिम्मेवारी पूरा गर्नका लागि हो, देशलाई आवश्यक दिशा दिन मिडियाको भूमिका पालना गर्नका लागि हो । नेपाल के चाहन्छ भन्ने बुझ्न नेपाली के चाहन्छन् सोध्नुपर्छ । त्यसकालागि हामी समाजका आशलाग्दा विचारकहरूलाई सुन्ने छौं र आफ्ना मिडियामार्फत सबैलाई सुनाउने छौं ।
फागुन, ५ र ६, २०७५
ASSOCIATE SPONSOR
NEPALLIFE
APP PARTNER
EventsMo
KNOWLEDGE PARTNER
beed
www.kantipurconclave.com
QUANTUM/KC/0119

यात्रा सन्दर्भ



किशोर नेपाल

# सन्तलाई कागजको रातो गुलाब



सुरु-सुरुमा यो सहरमा सन्त भ्यालेन्टाइन दिवसको कति ठूलो चार्म थियो । भ्यालेन्टाइन दिवसको उपलक्ष्यमा काठमाडौंका एउटै पनि रेस्टुराँमा बस्ने सिट पाइँदैनथ्यो । तन्नेरीहरू सिट नपाएकोमा सुस्केरा हाल्थे । कोही रेस्टुराँका उपलब्ध खाली ठाउँमै बसेर प्रेमालाप सुरु गर्थे । आज त्यो समय छैन । भ्यालेन्टाइन दिवस पनि घरको श्राद्ध जस्तो भैसकेको छ । आउँछ, जान्छ । जो यो दिवसको महत्व जान्दथे ती तन्नेरी रहेनन् । आफ्नो प्रेमका दिनहरूमा तन्नेरीहरूले सबैभन्दा बढी मन पराउने 'हटब्रेड' पनि अब आफैं बूढो भैसकेको छ । साना रेस्टुराँबाट उक्लिदै-उक्लिदै लोकप्रिय खाजा मम सोल्टी र अन्नपूर्णसम्म पुगेको छ । कोक, फान्टाको ठाउँ लिएको छ एप्पल साइडरले । दुनियाँ कहाँबाट कहाँ पुगिसकेको छ ।

हो नि, २०७२ को भुइँचालोपछि मानिसले जीवनको अर्थ हराएको छ । वैशाख महिनामा त्यत्रो हल्लायो । नेपालीहरू त सुरा थिए र थोरै मारिए । अरू हुन्थे भने यहाँ जति मारिए, त्यसको डबल मारिन्थे । त्यो बेलादेखि रेस्टुराँ जाने हुलमा कटौती भयो । अहिले त यस्तो समय आयो, रेस्टुराँवालाले 'लौ, ग्राहकहरूलाई दश पर्सेन्ट सर्भिस चार्ज छुट भयो' भन्दा पनि ग्राहक रेस्टुराँको दैलो छिर्न चाहँदैनन् । सहरमा जोडदार हल्ला चलेको छ- रेस्टुराँ खाली रहने यही अवस्था कायम रह्यो भने सरकारले खानेकुरा खानेहरूसँग उठाउँदै आएको तेह्र प्रतिशत भ्याट पनि ग्राहकको तर्फबाट रेस्टुराँ साहूहरूले आफैं तिरेर भए पनि रेस्टुराँ जोगाउने सहमति गरेका छन् ।

त्यसो भयो भने, त्यो अर्को दुर्भाग्य हुनेछ । काठमाडौंका रेस्टुराँहरूमा खानाको स्वाद र स्तर दुवै खस्किनेछ । त्यतिबेला सोल्टी र अन्नपूर्णको मःम भन्दा मांसगल्लीको नारायण दाइले बत्तीसपुतलीको ओरालोमा खोलेको मःम धेरै स्वादिलो हुनेछ । त्यो अवस्थामा सोल्टी र अन्नपूर्णका साहूहरू काठमाडौंमा खोलिएका फुड डेलिभरी कम्पनीहरूमार्फत मांसगल्लीको नारायण दाइको मःम पसलबाट मःम मगाउने धन्दामा लाग्ने छन् । यता नारायण दाइको बत्तीसपुतली कार्यालयलाई भ्याइ-नभ्याइ हुनेछ । उता ठूला होटलहरू सर्भिस चार्ज र भ्याट नलिइकनै मःमबाट पैसा कमाउने अवस्थामा पुग्नेछन् । नेपालको अवस्था नै यही हो कि जोसँग धेरै सम्पत्ति हुन्छ, त्योसँग अझ धेरै सम्पत्ति हुन्छ । यो नेपाली प्रकृतिको शाश्वत नियम हो ।

> यतिबेला हाम्रो देशमा भ्यालेन्टाइन दिवसको नूर गिरेको छ । यसका केही कारण छन् । हाम्रो देशमा बलात्कारका घटना त दिनहुँ भैरहेका हुन्छन् नै । देश सात प्रदेशमा बाँडिएको छ । प्रदेश पिच्छे बलात्कारका अंक र आंकडा फरक-फरक हुने नै भए ।

यतिबेला हाम्रो देशमा भ्यालेन्टाइन दिवसको नूर गिरेको छ । यसका केही कारण छन् । हाम्रो देशमा बलात्कारका घटना त दिनहुँ भैरहेका हुन्छन् नै । देश सात प्रदेशमा बाँडिएको छ । प्रदेश पिच्छे बलात्कारका अंक र आंकडा फरक-फरक हुने नै भए । ती आंकडा मध्ये पनि सुदूरपश्चिम प्रदेशको कन्चनपुरबाट सात महिनाअघि आएको निर्मला पन्तसँग बलात्कारपछि हत्याको समाचार अहिलेसम्म सेलाएको छैन । किनभने, बलात्कारी अहिलेसम्म फेला परेको छैन । बलात्कारी र हत्यारा एउटै हो कि दुई अलग-अलग मानिस हो ? त्यसको पनि किटानी हुन सकेको छैन । विभिन्न मानिसका अनुसार, यो अपराध ठूलै मानिस स्वयं वा उसको सन्तानबाट भएको हो । त्यसैले अहिलेसम्म निर्मलाको हत्यारा फेला नपारिएको हो । यो घटनाले सम्पूर्ण भ्यालेन्टाइन दिवसका अनुरागीहरूको मन खिन्न छ । अनुहार अमिलिएको छ ।

सकस यो मात्र पनि होइन, साँचो सकस दिएको छ– मीटु अभियानले । अहिले कुनै पनि प्रेमीले आफ्नी प्रेमिकामाथि अगाध आस्था र विश्वास राख्ने अवस्था छैन । प्रेमिकाले अचानक प्रेमीसँग कोहिनूर हीरासँग मिल्दोजुल्दो कुनै उपहार मागिन र दुर्भाग्यवशः प्रेमीले त्यो उपहारदिन सकेन भने कुनै पनि बेला बबालका बबलहरू उठने पक्का छ । प्रेमी-प्रेमिका बीचको रहस्य कुनै पत्रकारले थाह पाएको खण्डमा के होला ? पत्रकार पुरुष परेछ भने त अलिकति जोगाउने नियत पनि राख्ला । त्यस्तो भएन र महिला पत्रकार परेको खण्डमा समाचारको शीर्षक तयारै छ, 'प्रेमको वहानामा यौन शोषण ।'

भ्यालेन्टाइनका लागि अहिलेको जमाना खराव छ । हिन्दू धर्मका रक्षकहरू प्रेम दिवसका विरुद्ध डण्डा चलाउन आउने सम्भावना उत्तिकै चर्को छ । यो अवस्थामा प्रेमिल सन्त भ्यालेन्टाइनको नाममा पुष्पार्पण गर्न चाहने प्रेमी-प्रेमिकाले रातो कागजले बनेको गुलावको फूल समर्पण गर्नु नै सर्वोत्कृष्ट हुनेछ ।

## पाठक मञ्च

यस्ता यौनपिपासुलाई निधारमा त्रिशूल छाप हानेर छोडिदिनुपर्छ । (मास्टरमाइन्ड जिगोलो)

**प्रीति लक्ष्मी**

'चिन्नु न जान्नु घचेडी माग्नु' भन्ने उखान धेरै पैलेदेखि चली आएको हो । (मास्टरमाइन्ड जिगोलो) कति मान्छे एकछिन बोलेको भरमा पट्टिने, लाइन मार्नेदेखि जिन्दगी पनि दिन्छन् र फुर्सदमा पछुताउँछन् ।

**विनोद पौडेल**

खेलाडीहरूले नेपालको नाम चम्काउँदै छन् । (हामीकहाँ पूर्वाधारकै समस्या छ) सीमित स्रोत-साधनमा पनि यति गर्न सकेकोमा रोहितजस्ता खेलाडीलाई धन्यवाद । आगामी दिनमा पनि नेपालीको नाम विश्वमा चम्काइरहनु होला ।

**प्रवेश थापा**

किशोर नेपालजस्ता वरिष्ठ पत्रकारले हाम्रो ठाउँका बारेमा लेखिदिनुभएकोमा धेरै-धेरै धन्यवाद । (प्रादेशिक राजधानी हेटौंडा) यहाँहरूलाई हाम्रो सुन्दर ठाउँमा घुमघामका लागि स्वागत छ ।

**स्वस्तिका पाण्डे**

निरुता मलाई मन पर्ने कलाकार हुन् । (निरुताको रेट बढेपछि) नेपाली चलचित्र उद्योगमा समेत भर्खरै आएकाहरूले ५० लाख दाबी गर्न थालिसके । निरुताजत्तिकी माझीएकी कलाकारले अझ राम्रो पारिश्रमिक लिनुपर्छ ।

**सुरेन श्रेष्ठ**

अरू नायक-नायिकाले कति लिइरहेका छन् भन्ने कुरा हामीले भन्नु नपर्ला । निरुतालाई १० लाख देऊ अनि कलाकारको सम्मान हुन्छ, नत्र फिलिम-सिलिम बनाउनु भन्दा त्यो पैसाले बेकरी सप खोल्नु राम्रो हुन्छ ।

**राजेश तामाङ**

सरकारी म्यानपावरले चाहिँ 'योग्य' युवा खोज्ने जिम्मा दलाललाई नै दिन्छ । (कतारमा वैदेशिक रोजगारी) घुमिफिरी कुरा उही हो ।

**चिरञ्जीवी**

twitter follow us on twitter.com/saptahik

Like us on Facebook facebook.com/kantipursaptahik

# बढ्दो मानसिक समस्या



सपना अधिकारी

आजभोलि युवाहरू मानसिक रोगको सिकार हुँदै गएका छन् । नेपालमा मात्र नभएर विकसित देशका युवाहरूमा समेत मानसिक रोग बढ्दो छ । युवाहरू मानसिक रोगका कारण कुनै पनि कार्य राम्रोसँग गर्न नसक्ने अवस्था बढ्दै जानु राम्रो संकेत होइन । सुरुमा सानो रूपमा सुरु हुने मानसिक समस्याले बिस्तारै ठूलो समस्या निम्त्याउँछ ।

इन्टरनेट एवं प्रविधिले पनि धेरै खालको मानसिक समस्या बढाउँदै लगेको छ । केही वर्षअघि देशमा गएको भूकम्पका कारण भएको क्षतिबाट देखिएको मानसिक समस्या बोक्नेहरू अझै सामान्य भैसकेका छैनन । उक्त भूकम्पले थपेको गरिबीका कारण युवाहरूमा मानसिक समस्या थपेको पाइन्छ । वैदेशिक रोजगारी, अशिक्षा, शिक्षित बेरोजगारीका कारणले सिर्जना हुने दुःख अनि ऋण गरी अध्ययनपछि सोचेजस्तो रोजगारी नपाउनु पनि मानसिक समस्या बढ्ने प्रमुख कारण हुन् । हाम्रो देशमा प्रत्येक सरकारले आफ्ना मानिसहरूलाई मात्र काखा लिने, परिवर्तन चाहने युवाहरूको भावना नसमेट्ने, रोजगारीका नयाँ अवसरहरू सिर्जना नहुने हुँदा पनि युवाहरूमा मानसिक तनाव बढ्दै गएको छ । धेरै युवाले आफूभित्र रहेका समस्यालाई गुम्स्याएर राखेको पाइन्छ । त्यस्ता समस्या बाहिर व्यक्त गर्न पनि सकिँदैन । सबैभन्दा ठूलो समस्या विदेशमा रोजगारीमा रहेका युवाहरूमा देखिन्छ । परिवारसँगको विछोड र भनेजस्तो कमाइ नहुँदा कतिपय मानसिक समस्या आत्महत्यासम्म पुगेको पाइन्छ ।

नेपालमा अहिलेसम्म मानसिक समस्या भएका युवाहरूको संख्या कति छ भन्ने यकिन तथ्यांक छैन । हाम्रो सोचमा मानसिक रोगी भन्नासाथ पूर्ण रूपमा सन्तुलन गुमाएको मानिस भन्ने मात्र लाग्छ, तर त्यो मात्र मानसिक रोग होइन । तपाईं-हामीले अपेक्षा नै नगरेका युवाहरू पनि मानसिक समस्यामा हुन सक्छन् । अभिभावकले आफ्ना छोराछोरीको अवस्थामा ध्यान दिनु जरुरी हुन्छ । उमेर, लिङ्गअनुसार शारीरिक विकास कसरी भैरहेको छ ? संवेगात्मक, भावनात्मक एवं सामाजिक रूपमा कसरी अघि बढिरहेका छन्, बुझ्नुपर्छ । युवा वयका छोराछोरीहरू एक्लै समाजमा भिज्न नसक्ने हुँदा उनीहरूलाई त्यो वातावरण मिलाइदिनुपर्छ । यो समय बुबा-आमाको भूमिकामा होइन, एउटा असल साथीका रूपमा साथ दिनुपर्छ ।

आफूलाई मानसिक समस्या भएको कुरा थाहा पाइँदैन र यस्तो अवस्थामा कुलतमा फस्ने सम्भावना बढी हुन्छ । युवाहरूले आफूलाई त्यस्तो समस्या भएको शंका लागे परिवारलाई भन्ने, साथीभाइहरूसँग सेयर गर्ने तथा मनोपरामर्शदाता वा मनोचिकित्सकसँग सम्पर्क गर्नुपर्ने हुन्छ ।

विद्यालय कलेजका पाठ्यक्रमहरूमा मानसिक रोगलाई पनि समेट्नुपर्छ । त्यसैगरी राज्यले यो विषयमा काउन्सिलिङ गर्ने जनशक्ति तयार राख्नुपर्ने आवश्यकता छ ।

(अधिकारी साइकोलोजीमा स्नातकोत्तर अध्ययनरत छिन् ।)

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार saptahik@kmg.com.np वा visa.kafle@kmg.com.np मा पढाउनुहुन अनुरोध छ । उत्कृष्ट विचारलाइ आगामी अंकमा स्थान दिनेछौ ।

मुक्त आकाश

# प्रेमी थरीथरीका सम्बन्ध थरीथरीका



अविरल थापा

प्रेम मानिससँग हुने एक मात्र पवित्र भावना हो। यो सदैव एउटै र उस्तै हुनुपर्ने हो, तर समयसँगै, आधुनिकतासँगै परिभाषा परिवर्तन हुँदो रै'छ। बढ्दो सहरीकरण र बजारीकरणको प्रभावमा प्रेम भावना कम व्यापार बढी हुँदै गएको छ।

कोही दुई जना प्रेमसम्बन्धमा हुनु सुन्दर कुरा हो। कसैले प्रेमको भावना उजागर गर्दा, कसैको ख्याल राख्दा, सन्चो-बिसन्चो सोध्दा उत्पन्न हुने तरंगले जो-कोही ऊर्जाशील हुन्छन्, तर अचेल विशेषतः सहरमा नवयुवाहरूले प्रेम भावना कम एक-अर्कालाई प्रयोग गरी क्षणिक स्वार्थ सिद्ध गर्ने माध्यम बनाउँदै गएको पाइन्छ। कामकाजमा व्यस्त युवायुवतीले पनि सम्बन्धको उपयोग अनेक तवरले गरेको देखिन्छ। प्रेमको अन्तिम गन्तव्य विवाह हुँदै होइन, यो त शाश्वत चलिरहनुपर्छ। आधुनिक युवाहरूमा विवाह गर्नुभन्दा पनि स्वतन्त्रतापूर्वक कसैसँग समस्या नहुन्जेल सम्बन्धमा रहने परिपाटी बढेको देखिन्छ। खुला रूपमा र पर्दापछाडि सहरमा के-कस्ता सम्बन्धका नयाँ शैली प्रचलनमा छन्, एकछिन सरसर्ती हेरौं है त।

**लिभिङ टुगेदर :** सम्बन्धमा रहने यो शैली अलि पुरानै हो। यसमा कुरा मिलुन्जेल केटा र केटी सँगै रहन्छन्। पछि सम्बन्धको घनत्व बढ्दै गए विवाह पनि हुन सक्छ। विवाह गर्नुभन्दा पहिले एक-अर्कासँग कत्तिको सहज हुन सकिन्छ भन्ने कुराको परीक्षण गर्न पनि जोडीहरू यसरी बस्छन्।

**लिभिङ सेपरेट्ली मिटिङ टुगेदर :** यो शैलीमा विवाहित वा अविवाहित दुवै युवायुवती रहन सक्छन्। सहरिया जीवनशैली, स्वतन्त्रताको चाहना, कार्यव्यस्तता आदिले गर्दा समाजका लागि विवाह गरिदिने तर बेग्लाबेग्लै बस्ने तर आवश्यकताको सिद्धान्तअनुसार यौनसम्बन्धका लागि वा अन्य कुराका लागि बेलाबखत भेट्न जाने, सन्चो-बिसन्चो सोध्ने यो भर्खरै सुरु भएको नयाँ शैली हो। यसमा जोडीहरू एक-अर्काप्रति बफादार नै रहन्छन् भन्न सकिँदैन, तर समाजका अगाडि श्रीमान्-श्रीमतीका रूपमा देखिन सक्छन्।

**लिभिङ एलोन :** यो शैलीमा कामकाजी युवाहरू आफ्नो घर भए पनि परिवारसँगै बस्दैनन्। उनीहरू अन्तै डेरा वा फ्ल्याट भाडामा लिएर वा किनेर बस्छन्। परिवारसँग बस्दा नियम र मर्यादामा बस्नुपर्ने, आफूले चाहेको समय वा तौरतरिकाले खान-बस्न नमिल्ने, आफ्नो प्रेमीसँग चाहेको बेलामा भेट्न वा बेड सेयर गर्न नमिल्ने हुँदा युवाहरू एक्लै बस्न रुचाउँछन्। परिवारमा रहँदा विवाह गर्न दबाब बढ्ने तर एक्लै बस्दा आफ्नै तरिकाले यौनचाहनाको व्यवस्थापन गर्न र यौन साथीसँग सम्बन्ध राख्ने स्वतन्त्रता पाइने हुँदा युवाहरू यसतर्फ आकर्षित भएका हुन्।

**कमनप्लेस कमनफन :** प्रेम बेग्लै कुरा हो, यौन बेग्लै कुरा हो, तर प्राकृतिक रूपमै एक-अर्काप्रति आकर्षित भएपछि यौनसम्बन्ध हुनु ठूलो कुरा होइन। सम्बन्ध राख्न सधैं होटल वा रिसोर्ट जानु एकदमै खर्चिलो कुरा हो। त्यसको व्यवस्थापन गर्न मन मिल्ने साथीहरू मिलेर एउटा फ्ल्याट भाडामा लिन्छन् र दामासाहीले त्यसको खर्च बेहोर्छन। त्यो समूह केटाको पनि हुन सक्छ, केटीहरूको पनि हुन सक्छ वा दुवैको पनि हुन्छ। उनीहरू समूहमा बसे जसरी बस्छन् र एक-अर्काको आवश्यकताअनुसार यौनसाथी लिएर उक्त स्थानको उपयोग गर्छन्। युवाहरूका लागि यो सुरक्षित र सस्तो उपाय हो।

**स्लिपिङ टुगेदर :** यो शैलीमा प्रायः विवाहितहरू हुन्छन्। उनीहरूको विवाह अरू कसैसँग भएको हुन्छ तर मानिस असन्तुष्ट प्राणी हो, त्यसैले ऊ अरूसँग पनि आकर्षित हुन्छ नै। आफ्नो श्रीमान् वा श्रीमतीबाट नपाएको सन्तुष्टि प्राप्त गर्न वा कमी परिपूर्ति गर्न कतिपय महिला-पुरुषले बेलाबखत विवाहेत्तर सम्बन्ध राख्न पुग्छन्। उनीहरूबीच उच्च स्तरको सहमति हुन्छ। उनीहरू आफ्नो परिवारसँगै बस्छन् तर बेलाबखत अर्को पक्षबाट आफ्नो चाहना पूरा गर्छन्। सामाजिक रूपमा कतै भेटेका बेला त्यहीअनुरूप आफूलाई प्रस्तुत गर्छन्। यस्तो सम्बन्धमा युवाका साथै अधबैंसेहरू पनि हुन्छन्। कतिपय पुराना प्रेमीहरू जसको अनेक कारणले अन्तै विवाह भयो तर माया टुटेको हुँदैन, उनीहरू पनि यस्तै सम्बन्धमा रमाइरहेका हुन्छन्।

**बेस्टी :** केटाको बेस्टी केटी पनि हुन सक्छ वा केटा नै पनि हुन सक्छ। केटीको हकमा पनि यही कुरा लागू हुन्छ। बेस्टी भन्नाले मिल्ने साथी बुझ्नुपर्छ। केटीकेटी वा केटाकेटा बेस्टी समलिंगी पनि हुन सक्छन् वा बाईसेक्स्युल पनि हुनसक्छन्। उनीहरू सँगै रहेर भावनात्मक वा शारिरिक चाहना पूरा गर्छन। बेस्टीहरू ठ्याक्कै प्रेमी नभै जगेडा प्रेमीजस्ता हुन्। आफूले खोजेजस्तो केटा वा केटी नपाउन्जेल उनीहरू बेस्टीबाट काम चलाउँछन्। सहमतिमा यौनसम्बन्ध राख्छन् र रमाउँछन्। श्रीमान्-श्रीमती हुन्जेल उनीहरूसँग पनि रमाउँछन् तर भएन भने बेस्टीले त्यसको परिपूर्ति गर्छ।

यसरी अनेक तवरका सम्बन्धहरू समाजमा विकसित भैरहेका छन्। कतिलाई यस्तो पनि हुन्छ र भनेर अचम्म पनि लाग्ला तर भित्रभित्र यस्तो सम्बन्ध र व्यवहार फैलिरहेको छ। समाज आदर्शको मुखुण्डो लगाएर र ढोंग रचेर हिंडिरहन्छ तर पर्दापछाडि अनेक लीला पनि चलिरहेकै हुन्छ।

कसैलाई लालच देखाएर, भ्रममा राखेर, झूटो भावना देखाएर कसैको उपयोग नगर्नुहोस्, जे-जस्तो सम्बन्ध राख्नुहुन्छ प्रस्ट भएर राख्नुहोस् जसले पछि आफूलाई, आफ्नो साथीलाई तथा एक-अर्काको परिवारलाई हानि नगरोस्। आफैंले बनाएको र राखेको सम्बन्ध आफ्नै लागि गलपासो नबनोस्। स्वस्थ रहनुहोस्, मस्त रहनुहोस्।

facebook.com/abeeralthapa
Twitter@abeeralthapa



भ्यालेन्टाइन विशेष

पहिलो चलचित्र ऐश्वर्यबाट रजतपटमा स्थापित हुन सफल अभिनेत्री हुन्- दीपिका प्रसाईं । दोस्रो चलचित्र छक्का पञ्जा-३ को अभिनयबाट दीपिकाले आफूमा भएको अभिनय क्षमता प्रमाणित गरिसकेकी छिन् । दिवाकर भट्टराई युवा निर्देशक हुन् । जीवन साथी, स्टुपिड मन, ड्रिम्स तथा ऐश्वर्य जस्ता सफल चलचित्र निर्देशन गरेर निर्देशकका रुपमा आफ्नो अलग पहिचान स्थापित गरिसकेका भट्टराई अहिले भुवन केसीको चलचित्र 'क्याप्टेन' को निर्देशनमा व्यस्त छन् । दुई वर्षदेखि प्रेमि-प्रेमिकाका रुपमा रहेका दीपिका र दिवाकरको जोडीले केही महिनाअघि इन्गेज्मेन्ट गरेर कोर्ट म्यारिजसमेत गरिसकेका छन् । आगामी वैशाखमा धार्मिक परम्परा अनुसार विवाह गर्ने तयारी गरिरहेको यो जोडी गत सोमबार बिहान महादेवस्थान, कोटेश्वरस्थित रिंगो क्याफेमा ब्याक टि पिउँदै साप्ताहिकको भ्यालेन्टाइन दिवसको स्पेसल रिपोर्टका लागि गफिँदै थिए । कुराकानीका क्रममा दीपिका चलचित्रको काममा व्यस्त भएर दिवाकरले आफूलाई समय नदिएको गुनासो गर्दै थिइन् भने दिवाकर भने फागुन १७ पछिको सम्पूर्ण समय दीपिकाकै हो भनेर फकाइरहेका थिए । उनीहरुको कुराकानीको सम्पादित अंश :



# मितिनीकै कारण हामी एक-अर्काको भयौं है !

**दीपिका :** तपाईंको त कति फोन आउने है ? अहिले पनि फोन मै हुनुहुन्छ । यो मोबाइल त हराए पनि हुन्थ्यो ।

**दिवाकर :** अस्ति भरखर एउटा मोबाइल हराएर दुई दिन आनन्द भएको थियो, चलचित्र क्याप्टेनको काम अन्तिम चरणमा पुगेको तिमीलाई थाहा छ नि, क्याप्टेन प्रदर्शन भएपछि यसरी फोन आउँदैन ।

**दीपिका :** एक वर्षभन्दा बढी भैसक्यो तपाईंले क्याप्टेन-क्याप्टेन भन्दै मलाई समय दिन छाडेको । यो चलचित्रपछि पनि तपाईंको व्यस्तता त उही नै हुने होला नि ?

**दिवाकर :** त्यस्तो हुँदैन । यो त ठूलो ब्यानरको ठूलो चलचित्र हो नि । त्यसैले अलि बढी व्यस्त भएको हुँ ।

**दीपिका :** अनि अहिले यहाँ पनि मलाई कुराउनु भयो । मैले तपाईंलाई कुरुञ्जेल दुई कप ब्याक टि पिइसकें ।

**दिवाकर :** ल बाबा, आई एम एक्स्ट्रिम्ली सरी । अब चाहिँ तिमीले त्यसरी कुर्नु पर्दैन । अब हामी राम्रो, रमाइलो मायाको गफ गरौं । झगडा नगरौं, एक-अर्कालाई प्रेम गर्ने भएपछि आज हामी प्रेमकै बारेमा कुरा गरौं ।

**दीपिका :** हाम्रो विवाहको मिति नजिकिइसक्यो, तपाईंलाई त्यसको पनि मतलब छैन ।

**दिवाकर :** तिमी छँदैछौ नि सबै म्यानेज्मेन्ट गर्ने, मैले के नै गर्नुपर्छ र ?

**दीपिका :** मैले मात्र गरेर सम्भव छ र ? सपिङ गर्न थाल्नु परेन, मानिसहरूलाई बोलाउनु परेन । सबै कुराको योजना बनाउनु परेन ?

**दिवाकर :** सपिङका लागि अहिले समय छ । मानिसहरूलाई तिमीले बोलाइ हाल्छौ । बचेको काम म गरौंला नि । यी सबै काममा तिमी आफैं पर्फेक्ट भएकाले नै म काममा मात्र केन्द्रित भएको हुँ । साँच्ची हाम्रो विवाहको मिती कहिलेलाई जुरेको छ र ?

**दीपिका :** तपाईंले विवाहको मिति पनि बिर्सनु भयो हैन ? अब आउने वैशाखमा होइन त ?

**दिवाकर :** वैशाखको अन्तिम साता विवाह गर्ने विषयमा तिम्रो परिवार तथा बुवा-आमाको भनाइ के छ ? केही महिनापछि सार्न मिल्दैन ।

**दीपिका :** हाम्रो विवाह वैशाखमै हुन्छ ।

**दिवाकर :** वैशाखमा मेरो अर्को चलचित्रको सुटिङ पर्छ जस्तो छ । असारमा पानी पर्ने भएकाले त्यो बेला सुटिङ गर्न गाह्रो हुन्छ । त्यसैले बुवालाई भनेर असारको साइत निकाल्न भन ।

**दीपिका :** अब वैशाखपछि मिति सर्दैन । वैशाखबाट पनि पछाडि धकेल्नु भयो भने तपाईंले कि चलचित्र कि बुढी, दुई मध्ये एक रोज्नुपर्छ । यो मेरो अन्तिम निर्णय हो ।

**दिवाकर :** ल ल...वैशाखमै गर्ने । मलाई एउटा कुरा भन त म जन्ती लिएर कहाँ आउनु पर्ने हो ? विवाहको पार्टी कहाँ दिने हो ?

**दीपिका :** तपाईं जन्ती लिएर तपाईंको घर सिन्धुलीबाट मेरो घर धनगढी आउने हो । हाम्रो विवाहको पहिलो पार्टी धनगढी मै हुनेछ ।

**दिवाकर :** यति लामो बाटो जन्ती ? मेरो त हवाट नै लाग्ने भयो ?

**दीपिका :** मेरो कुरा सकिएको छैन...सिन्धुलीमा म भित्रिएपछि दोस्रो पार्टी त्यहीं हुनेछ । त्यसपछि हामी काठमाडौं आएर अझ भव्य पार्टि दिनुपर्छ । बुझ्नु भयो नि ?

**दिवाकर :** तीन-तीनवटा पार्टि दिन जरुरी छ र ? त्यो पार्टीको खर्चले त एउटा फिल्म नै बनाउन पुग्छ ।

**दीपिका :** विवाह भनेको जीवनमा एक पटक गर्ने हो । एक पटक गरिने विवाह अनि त्यसको पार्टि त दिनै पर्यो नि । तपाईंले दुःख गरेर कमाउनु भएको हाम्रै विवाहका लागि होइन र ?

**दिवाकर :** विवाह गर्नु त निकै गाह्रो काम पो होला जस्तो छ, फिल्म बनाउनुभन्दा पनि गाह्रो । अनि तिमीले त सपिङ थालिसकेको भन्थ्यौ त, हैन ?

**दीपिका :** मैले केही गरेकी छैन । म त तपाईंको समयको पर्खाइमा छु । तपाईंले जहिले समय दिनु हुन्छ, त्यही दिनदेखि विवाहको तयारी थाल्ने भनेर बसेकी छु ।

**दिवाकर :** तिमीलाई मेरो सबै च्वाइस थाहा छँदैछ, आफ्नै तरिकाले सपिङ गर्न थाले भयो नि ।

**दीपिका :** सुटको मेजरमेन्ट दिन जाऔं, अरु पहिरनको पनि मेजरमेन्ट गराऔं भनेर धेरै पटक भनिसकें । मेरा लागि त तपाईंसँग समय नै छैन । सबै कुरा विवाहको एक हप्ता अगाडि गर्ने भनेर बस्नु भएजस्तो पो लाग्न थालेको छ । मलाई त कस्तो रिस उठेर आइसक्यो भने ।

**दिवाकर :** तिमीलाई थाहा छ नि म काम भनेपछि कति गम्भीर हुन्छु ? तिमीलाई मेरो काम गर्ने स्टाइल त थाहा छँदैछ ।

**दीपिका :** पर्सनल र प्रोफेसनल लाइफलाई अलिकति फरक त बनाउन मिल्छ नि ? चौबिसै घण्टा काम-काम त कसैले पनि भन्दैन है । बरु चलचित्र 'ऐश्वर्य' का बेला तपाईंसँग मेरा लागि अलि बढी समय थियो । शायद त्यतिबेला मलाई इम्प्रेस गर्न पो थियो कि ?

**दिवाकर :** अलि-अलि त त्यो पनि हो । अर्को कुरा ऐश्वर्यको तिमी अभिनेत्री, म निर्देशक । त्यतिबेला हामी सँगै थियौं, त्यसैले तिमीलाई त्यस्तो लागेको हो ।

**दीपिका :** त्यसो भए मलाई आफ्नो बनाइसकेपछि चाहिं मेरो वास्ता छैन होइन ?

**दिवाकर :** त्यस्तो होइन । त्यो चलचित्रमा हामी सँगै थियौं, सँगै हुँदा तिमीलाई मेरो अभाव महसुस भएको थिएन । फेरी हामी नयाँ-नयाँ प्रेममा पनि थियौं । क्याप्टेनमा तिमी छैनौ, म त्यही चलचित्रको काममा बढी व्यस्त छु । त्यसैले तिमीलाई म टाढा भएको हुँ कि भन्ने लागेको हो । वास्तवमा म सधैं तिम्रै वरिपरि हुन्छु । म सधैंका लागि तिम्रो भैसकेको छु । अबदेखि मेरो धेरैभन्दा धेरै समय तिम्रै लागि हुनेछ, प्रमिस ।

**दीपिका :** अर्को चलचित्रमा व्यस्त भएपछि तपाईंले मेरो अझ बढी केयर गर्नुपर्ने, बेला-बेलामा फोन गरेर अथवा टेक्स्ट गरेर भए पनि खाना खाएकी छौ कि छैनौ ? कुनै कुराको समस्या छ कि ? भनेर चासो दिनुपर्ने होइन र ? मलाई आफ्नो बनाउने बेला तपाईं यस्तो हुनुहुन्न थियो त यार ?

**दिवाकर :** अब रिसाउन छोड बुढी । आउ केही मीठा बात गरौं ।

**दीपिका :** अब म रिसाउने होइन, कम्प्लिट्ली साइलेन्स बस्छु । त्यति गर्दा पनि समय दिन थाल्नु भएन भने म तपाईंलाई नै इग्नोर गर्न थाल्छु ।

**दिवाकर :** त्यसो नभन न प्लिज । म आजैदेखि काम र प्रेमलाई उत्तिकै समय दिन्छु ।

**दीपिका :** पहिले हामी कति रोमान्टिक थियौं, सम्झनु त । तपाईं क्याप्टेनमा व्यस्त हुनुभन्दा अघि हामी हप्तामा दुई-तीन पटक सँगै डिनर गर्न बाहिर जान्थ्यौं । तपाईंले मलाई कत्ति सपिङ गरिदिनु हुन्थ्यो । हामी सँगै फिल्म हेर्न मात्र होइन क्लब गएर डान्स गर्न समेत भ्याउँथ्यौं । प्रेमी-प्रेमिकाका रूपमा छँदै तपाईंले मलाई धेरै माया गर्नु हुन्थ्यो, बुझ्नु हुन्थ्यो, कति मिठो बोल्नु हुन्थ्यो, कति फकाउनु हुन्थ्यो, अहिले त तपाईंलाई काम बाहेक अर्को कुरा याद पनि हुँदैन ।

**दिवाकर :** त्यसो नभन न यार । तिमीले त्यस्तो निराशावादी कुरा गर्‍यौ भने त बर्बादै हुन्छ नि । म आजैको दिनदेखि आफ्नो दैनिकी सुधार्छु । तिमीले पनि मलाई गम्भिर भएर आजसम्म यसरी सम्झाएकी थिइनौ, अब भने म काम र तिमीलाई बराबर महत्व दिन्छु ।

**दीपिका :** द्याट्स लाइक माई लभर... बल्ल म फ्रेस भएँ । तपाईंलाई याद छ हाम्रो पहिलो भेट कसरी भएको थियो ?

**दिवाकर :** किन याद नहुनु । तिमीसँग भेट हुनुभन्दा पहिले म तिम्रो एउटा तस्बिरको फ्यान भएको थिएँ । ऐश्वर्याका लागि तिमीले पठाएको तस्बिर हेर्ने बित्तिकै म तिम्रो फ्यान भएको थिएँ । त्यही चलचित्रका लागि कुराकानी गर्न

तिमी र म पहिलो पटक नयाँ वानेश्वरको एउटा क्याफेमा भेटेका होइन ?

**दीपिका :** हो, बेकरी क्याफेको अपोजिटमा । त्यतिबेला पानी परिरहेको थियो, हामीले पहिलो भेटमा सँगै चिया पिएका थियौं ।

**दिवाकर :** ओहो, तिम्रो त्यो बेलाको एट्टीच्यूट त मान्नै पर्छ है ?

**दीपिका :** अब को-हो, को-हो । जिन्दगी देखेको छैन, बोलेको छैन । पहिलो भेटमै म तपाईंसँग कसरी खुल्न सक्थें त ? त्यति इजी गोइङ पनि हुनु भएन नि ?

**दिवाकर :** कति कल गरेको थिएँ, म्यासेस गरेको थिएँ, तर तिमीले ती सबैलाई इग्नोर गरेको याद छ ? वास्तवमा तिम्रो त्यो पहिलो तस्बिर नै मेरो मनमा बसेको थियो ।

**दीपिका :** मैले त त्यो फोटोलाई चलचित्रका लागि पो पठाएकी थिएँ, तपाईंलाई मनमा राख्न कसले भन्यो ?

**दिवाकर :** मैले पनि त्यो फोटो पहिले त अभिनेत्रीकै नजरले हेरेको थिएँ । तर, जब तिमीलाई वास्तविक रुपमै देखें, मैले अभिनेत्री कम मेरो जीवनसाथी बढि देख्न थालें । पहिलो भेटमै मैले सपनामा देखेकी मेरो घरकी गृहलक्ष्मी तथा मेरी श्रीमती तिमी मै देख्न पुगेंछु ।

**दीपिका :** भन्नाले तपाईंले मेरो सुन्दरतालाई मात्र हेर्नु भएको थियो ?

**दिवाकर :** सुन्दरतालाई मात्र होइन, म तिम्रो व्यवहार, शालिनता, बोल्ने शैली, सम्मान गर्ने शैली आदि कुराले समेत प्रभावित भएको हुँ । एउटा निर्देशकलाई भेट्न आउँदा तिमी हाइफाइ भएर, मोर्डन ड्रेसमा आउँछौं भन्ने लागेको थियो, तर तिमी त अति नै सामान्य रूपमा औपचारिक पहिरनमा आएकी थियौ । मलाई तिम्रो सादगी नै असाध्यै मन परेको थियो । कुराकानी गर्ने क्रममा तिमीमा मैले ऐश्वर्य चाहिँ देखिन, मेरो जीवनसाथी बन्न चाहिँ लायक छ भन्ने मात्र सोचे ।

**दीपिका :** नढाँटी भनौं, मैले तपाईंलाई मेरा लागि भन्दा पनि मेरी मितिनीका लागि मन पराएकी थिएँ । मलाई त चलचित्र क्षेत्रको व्यक्तिसँग प्रेम-विवाह गर्नु नै थिएन । म आफ्नो बुवाबाट ज्यादै प्रभावित भएकाले आफ्नो जीवनसाथी मेरो बुवा जस्तै होस् भन्ने चाहन्थें । मेरो बुवाको सिम्प्लिसिटी तपाईंमा थियो, तर म यति छिटो अनि चलचित्रको निर्देशक जस्तो व्यक्तिसँग नजिकिनु हुन्न भन्नेमा थिएँ । तपाईं राम्रो लागेरै मैले मेरी मितिनीसँग तपाईंको सम्बन्ध गाँसिदिनु पऱ्यो भन्ने सोचेकी थिएँ ।

**दिवाकर :** आम्मामा...त्यस्तो पो योजना थियो ?

**दीपिका :** तपाईं राम्रो मान्छे हो भन्ने बुझेर मैले मेरी मितिनीले राम्रै मान्छे पाउनु होस् भन्ने सोचेकी थिएँ । त्यसबीच एक दिन हामीले बाइकमा लामै यात्रा गर्नुपऱ्यो । त्यही क्रममा तपाईंले मलाई आफ्ना बारेमा सबै कुरा नढाँटि भन्नुभयो । वास्तवमा म तपाईंसँग भएको त्यही कुराले प्रभावित भएकी थिएँ । म त्यो बेला आफ्ना लागि नभै मेरी मितिनीका लागि प्रभावित भएकी थिएँ, तर तपाईंलाई त्यो कुरा बताइन । घर आएपछि केटा त ठिक छ, राम्रै केटीसँग विवाह भए हुन्थ्यो भन्ने सोचेर मितिनीलाई फोन गरेर तपाईंका बारेमा सबै कुरा भनें । त्यो मान्छेसँग हजुरले विवाह गर्दा एकदमै राम्रो हुन्छ पनि भनें ।

**दिवाकर :** तिमीले मलाई पनि त्यही कुरा भन्यौं । त्यतिबेला मलाई तिमीसँग यति धेरै रिस उठेको थियो नि, के भनौं । म ताक्छु मुडो, बञ्चरो ताक्छ घुँडो जस्तै भयो । मैले तिमीलाई मन पराउन थालिसकेको थिएँ, तिमी त मितिनी पो भिडाउन खोज्छौ यार ।

**दीपिका :** त्यसपछि तपाईं र मितिनीबीच फोन र म्यासेन्जरमा कुराकानी पनि हुन थाल्यो होइन ?

**दिवाकर :** त्यसपछि मैले एउटा ट्रिक लगाएँ । तिम्री मितिनीसँग मैले तिम्रो मात्रै कुरा गरिरहें । दीपिका राम्री, बानी व्यहोरा कस्तो राम्रो, बोली कति मिठो, मलाई कति केयर गर्ने जस्ता कुरा गरेर मितिनीलाई वाक्कै बनाइदिएँ । वास्तवमा मैले तिम्री मितिनीसँग कुरा गरेपछि तिमीलाई डाहा-छटपटी होस् भन्ने चाहेको थिएँ ।

**दीपिका :** त्यस्तै भयो नि...मितिनीसँग तपाईंले कुरा गरिरहेको थाहा पाएपछि त मलाई कस्तो गाह्रो भयो । के गरौं र कसो गरौं हुन थाल्यो । अझ भेटेको भन्ने कुराले थप तनाव दियो । मलाई असाध्यै रिस उठ्यो । किनभने मैले पनि तपाईंलाई कहीं न कहीं, कतै न कतै मन पराएकी रहेछु । यद्यपि मैले त्यो कुरा व्यक्त गरिन । तपाईंले मलाई मितिनीसँगको च्याटको स्क्रिन सटसमेत पठाउनु भएको थियो । त्यो कुराले म भित्रभित्रै आगो बलिरहेको थियो । पछि-पछि भएपछि मैले डाहा गर्न थालेको तपाईंलाई पनि थाहा भएछ । मितिनीसँग पनि बोल्न छाड्नु भएछ । एउटा समयमा पुगेपछि मितिनीले 'त्यो केटा मेरा लागि होइन, तपाईंकै लागि ठीक छ' भन्नुभयो ।

**दिवाकर :** मितिनीले अरू के-के भन्नुभयो त ?

**दीपिका :** मसँग त सामान्य कुराकानी मात्र गर्नुभयो । कुराकानीका क्रममा तपाईंकै मात्र कुरा हुन्थ्यो भन्नु भयो । मितिनीको कुरा सुनेपछि म मख्ख परें ।

**दिवाकर :** त्यसपछि मात्र म तिमीसँग कुराकानी गर्न थालें । कुराकानीका क्रममा मैले तिमीसँग जति नाटक गरे पनि म तिमीलाई नै मन पराउँछु भनें । म तिमीसँग प्रेममात्र होइन, विवाह नै गर्न तयार भएको मान्छे । अब बोल्ने पालो तिम्रो हो, को सँग कुराकानी गर्नुपर्छ गर भनें । तिमीले भाइसँग भेट्न भन्यौ ।

**दीपिका :** भाइसँग तपाईंको कुराकानी भएपछि र भाइले 'यो केटा ठीक छ' भने पछि मात्र म पूर्ण रुपमा तपाईंलाई जोडी बनाउन तयार भएकी हुँ । भाइले पनि मलाई कन्भिन्स गऱ्यो ।

**दिवाकर :** ऐश्वर्यको छायांकनमा हामी प्रेमि-प्रेमिका भैसकेका थियौं, तर छायांकनस्थलमा हाम्रो सम्बन्धका बारेमा कसैले थाहा पाएनन् नि होइन ?

**दीपिका :** हो त । हामीले आफूलाई प्रोफेसनल रिलेसनमा सीमित राख्यौं । म तपाईंलाई दिवाकर सर नै भन्थें ।

**दिवाकर :** कोर्ट म्यारिजपछि घुम्न बैंकक जाँदा कति रमाइलो भएको थियो नि हैन ?

**दीपिका :** रमाइलो त भयो नै, तर बैंककको ट्रेन स्टेसनमा दुई घण्टा एक-अर्काबाट छुटेर हराउँदा कति तनाव भयो, याद छैन ?

**दिवाकर :** ओहो..त्यो घटना त सम्झनै मन छैन । स्टेसनमा ट्रेन आएपछि म भित्र छिरें, तिमी छिर्नुअघि ट्रेनको ढोका लाग्यो । भएन त फसाद । झण्डै दुई घण्टापछि भेटिँदा हामीले अर्को जीवन पाए जस्तो भयो नि ।

**दीपिका :** त्यसपछि त मैले तपाईंको हात छाड्दै छाडिन । त्यो घटनापछि डराएर हामी दुई दिनसम्म होटलबाट बाहिर पनि गएनौं । ए साँच्ची, यसपटकको भ्यालेन्टाइन डेको तयारी के छ त ?

**दिवाकर :** भ्यालेन्टाइन डेको साँझ तिम्रा लागि छुट्याइसकेको छु । त्यो साँझ त्यही हाम्रो फेवरेट ठाउँमा गएर डिनर गर्ने ।

**दीपिका :** आहा...आई एम वेटिङ द्याट स्पेसल डे ।

प्रस्तुति : कृष्ण भट्टराई



# प्रेमसप्ताहका सात दिन

भ्यालेन्टाइन डे अर्थात् १४ फेब्रुअरीलाई डे अफ लवका रुपमा मनाइन्छ तर त्यसभन्दा अघि अर्थात् फेब्रुअरी ७ देखि फेब्रुअरी १४ सम्मको सातालाई विक अफ लवका रूपमा प्रेमप्रति समर्पित गरिँदै आएको छ ।

रोजिन शाक्य

### फेब्रुअरी ७ रोज डे

भ्यालेन्टाइन सप्ताहको पहिलो दिन फेब्रुअरी ७ लाई 'रोज डे' मानिन्छ । यो दिनलाई प्रेमको प्रतीक गुलाफप्रतिसमर्पित गरिएको छ । गुलाफको भाषामा रातो गुलाफले भन्छ- म तिमीलाई प्रेम गर्छु । सेतो गुलाफ भन्छ, हाम्रो प्रेम पवित्र छ । पूर्ण रूपले फक्रिएको रातो गुलाफले भन्छ, तपाईं धेरै सुन्दर हुनुहुन्छ । एउटा पूर्णरूपले फक्रिएको गुलाफका साथमा राखिएको दुईवटा गुलाफको कोपिलाले सुरक्षाको आश्वासन दिन्छ । सुन्तला रंगको गुलाफले मेरो प्रेम अनन्त छ र तिमी मात्र मेरी हौ भन्ने बुझाउँछ । लामो डाँठ भएको र डाँठमा काँडासहितको गुलाफको कोपिलाले प्रेम गरेको छु, गरिरहन्छु, कसैबाट डर छैन भन्ने बुझाउँछ । यदि डाँठमा काँडा मात्र छ भने त्यसले तिम्रो सुन्दरता, तिम्रो मधुरतामा मेरो सम्पूर्ण चेतना हराएको छ भन्ने सन्देश दिन्छ । लामो डाँठमा भएको रातो गुलाफले म अझै तिमीलाई प्रेम गर्छु भन्ने कुरा दर्साउँछ । पूर्ण रूपले फक्रिएको गुलाफको फूलको गुच्छाले कृतज्ञता, आभार एवं श्रद्धालाई बुझाउँछ । गुलाफको कोपिलाले मैले पनि प्रेम गरेको छु भन्ने सन्देश दिन्छ । फक्रिएको गुलाफले म तिमीलाई सधैं सम्झिरहन्छु भन्ने कुरा दर्साउँछ । दुईवटा कोपिलाका साथमा फक्रिएको एउटा गुलाफ गोपनीयताको प्रतीक हो ।

### फेब्रुअरी ८ प्रपोज डे

दोस्रो दिन अर्थात् फेब्रुअरी ८ लाई प्रपोज डेका रूपमा मनाइन्छ । यो दिन आफूले लामो समयदेखि मनपराएको व्यक्ति समक्ष प्रेम प्रस्ताव राखिन्छ ।

### फेब्रुअरी ९ चकलेट डे

तेस्रो दिन अर्थात् फेब्रुअरी ९ लाई 'चकलेट डे'का रूपमा मनाइन्छ । यो दिन प्रेमी-प्रेमिका वा श्रीमान्-श्रीमतीले एक अर्कालाई विभिन्न प्रकारका चकलेट उपहार दिन्छन् । गुड मुड र रोमान्सका लागि चकलेटको भूमिका महत्वपूर्ण हुने भएकाले प्रेम र आत्मीय सम्बन्धलाई चकलेटले थप मिठासयुक्त बनाउँछ भन्ने विश्वास गरिन्छ ।

### फेब्रुअरी १० टेड्डी डे

चौथो दिन अर्थात् फेब्रुअरी १० लाई 'टेड्डी डे'का रूपमा मनाइन्छ । विशेष गरी युवतीहरू टेड्डी अर्थात् भालुका बच्चाका गुडियाहरूप्रति बढी लगाव राख्छन् । अतः आफ्नी प्रियसीको चाहना बुझेर नरम कपास, भुवा, भेल्भेट, फेल्ट आदिबाट निर्मित आकर्षक टेड्डी उपहार प्रदान गरिन्छ ।

### फेब्रुअरी ११ प्रोमिस डे

पाँचौं दिन अर्थात् फेब्रुअरी ११ लाई 'प्रोमिस डे' भनिन्छ । यो दिन आफ्नो प्रेमप्रति वचनबद्धता दर्साइन्छ । त्यस क्रममा कहिल्यै नभुल्ने, मन नदुखाउने, जस्तोसुकै परिस्थितिमा पनि साथ नछोड्ने, खुसी राख्ने, धोका नदिने आदि वचनबद्धता व्यक्त गरिन्छ ।

### फेब्रुअरी १२ हग डे

प्रियतमको अँगालोलाई सबैभन्दा न्यानो र सुरक्षित मानेर, सबैकुरा भुलेर प्रियतमप्रति विश्वस्त हुँदै उनमै हराउने छैटौं दिन अर्थात् फेब्रुअरी ११ लाई हग डेका रूपमा अत्यन्त सुखदायी र रोमाञ्चक मानिन्छ ।

### फेब्रुअरी १३ किस डे

सातौं दिन अर्थात् फेब्रुअरी १३ किस डेका रूपमा मनाइन्छ । चुम्बन प्रेम सम्बन्धमा रहेका जोडीले एक-अर्कालाई दिने सबैभन्दा सहज, अविस्मरणीय एवं अलौकिक उपहार हो ।

### फेब्रुअरी १४ भ्यालेन्टाइन डे

यो भ्यालेन्टाइन सप्ताहको सबैभन्दा महत्वपूर्ण दिन हो जसलाई भ्यालेन्टाइन डेका रूपमा मनाइन्छ । भ्यालेन्टाइन सप्ताहका अन्य दिनहरूको तुलनामा यो दिन सबैभन्दा विशेष र रोमान्टिक हुन्छ । आफ्नो प्रेमी-प्रेमिकासँगको सामिप्यता, आत्मीयता एवं प्रेमलाई थप प्रगाढ बनाउने तथा नयाँ उचाइमा पुर्‍याउने सबैभन्दा राम्रो अवसरका रुपमा लिइन्छ यो दिनलाई ।

# विवाह र माया-प्रेम

प्रेमलाई परिभाषित गर्न त्यति सहज छैन । प्रेमका विभिन्न रुप छन् । युवा-युवतीबीचको प्रेम, पति-पत्नीबीचको प्रेम, आमाले आफ्ना सन्तानलाई गर्ने प्रेमबाहेक थुप्रै किसिमका छन् प्रेम तर प्रेमदिवसका बेला प्रेमको अर्थ उमेर पुगेका केटाकेटीले गर्ने प्रेम भन्ने बुझिन्छ ।

माया र प्रेम मानिसको जीवनसँग जोडिएको हुँदा यो निकै संवेदनशील कुरा हो । मायालाई दुई भागमा बाँड्न सकिन्छ : वस्तुप्रतिको माया र व्यक्तिप्रतिको माया ।

देशको माया, सिद्धान्तप्रतिको झुकाव, प्रकृति, स्थान आदिको माया वस्तुप्रतिको माया हो । त्यस्तै मानिसले मानिसलाई गर्ने माया व्यक्तिप्रतिको माया हो । प्रेमका तीनवटा चरण हुन्छन् : चाहना, आकर्षण र निरन्तरता ।

**चाहना** : उमेर पुगेपछि शरीरमा हुने हार्मोनल परिवर्तनका कारण हामी आफूले मन पराएको व्यक्तिप्रति तीव्र रूपमा आकर्षित हुन्छौं । त्यसपछि त्यो व्यक्तिलाई प्राप्त गर्ने र आफ्नो बनाउने चाहना तीव्र हुन्छ । जसले माया, प्रेम वा एकले अर्कालाई मन पराउने अवस्था सिर्जना गर्छ ।

**आकर्षण** : प्रेमको तीव्र चाहनाका कारण आकर्षित व्यक्तिहरूबीच विकास हुँदै गएको सम्बन्ध हो आकर्षण । उक्त आकर्षणका लागि हाम्रो शरीरमा भएका विभिन्न हार्मोन जस्तै डोपामिन, नरडाफिड्रिन, सेरोटेनिनले काम गरिरहेका हुन्छन् ।

**निरन्तरता** : मायाप्रेम निरन्तर भैरहन्छ । यो निरन्तरताका लागि अक्सिटोसिन, भ्यासोप्रेसिन आदि हार्मोनले काम गर्छन् । आफूले मन पराएको व्यक्तिलाई माया गरिरहने कारण यही हो । जुन विवाहमा समेत परिणत हुन्छ । मायाप्रेम यौनिकताको अभिव्यक्ति पनि हो । प्रेममा आत्मीयता र संवाद आवश्यक छ । अपरिपक्व तथा अन्धो प्रेमको परिणाम भयावह हुन सक्छ ।

हिजोआज प्रेमको नाटक गरेर यौनसम्पर्क राख्ने र त्यसपछि छाड्ने घटना धेरै सुनिन्छ । यौन सम्बन्धबाट युवायुवतीको प्रेम अझ प्रगाढ हुन्छ भन्नेहरू पनि प्रसस्तै छन् । यद्यपि प्रेम यौनसम्पर्कमा मात्र सीमित हुन्छ भनेर बुझ्नु गलत हुन्छ । प्रेम त एउटा भावनात्मक सम्बन्ध हो, जुन दुई आत्माबीच सुखदुःखका सबै क्षणमा गाँसिएर आउँछ । जसमा शारीरिक सौन्दर्य, पारिवारिक पृष्ठभूमि, आर्थिक अवस्था आदिले समेत काम गर्छ । धेरै व्यक्तिहरू प्रेमविवाहलाई यौन स्वास्थ्यको दृष्टिकोणले राम्रो मान्छन्, तर व्यवहारमा कमै मात्र त्यस्तो विवाह सफल देखिन्छ । विवाहपूर्वको प्रेम होस् वा विवाहपछिको, सबैभन्दा ठूलो आवश्यकता हो– दुई आत्माबीचको विश्वास र आत्मसम्मान । प्रेममा स्वार्थ छैन भने त्यसलाई विवाहसँग जोडेर हेर्नु हुँदैन ।

मनीषा तामाङ

# प्रणय दिवसमा रोमान्स




राजाराम पौडेल

भनिन्छ- प्रेममा रोमान्स हुन्छ, तर रोमान्समा प्रेम नहुन सक्छ । रोमान्सले प्रेमको मिठास बढाइदिन्छ । फेरि रोमान्सबिनाको प्रेममा दिगोपन नहुन सक्छ । अहिले रोमान्सका लागि मात्र गरिने स्वार्थी प्रेमको बिगबिगी भने बढ्दैछ । स्वार्थीहरू प्रणय दिवसको बहानामा मोजमस्तीमा डुब्छन् । यसबाट साँचो प्रेम गर्न खोज्नेहरूले जोगिनुपर्छ । कसैका बारेमा राम्रोसँग नबुझी, उसको स्वार्थी प्रेममा विश्वास गर्दा धोका भएका उदाहरण कैयौं छन् । सच्चा प्रेम गर्न खोज्नेहरू सतर्क हुँदै सम्बन्ध गाँस्छन् । स्वार्थी प्रेमका कारण प्रणय दिवस मनाउने शैलीमा समेत केही परिवर्तन आएको छ ।

केही समयअघिसम्म जोडी नभएकाहरूले प्रेम अभिव्यक्त गर्न, आफ्नो मनको कुरा भन्न यो दिनलाई प्रयोग गर्थे । अहिले विवाहित जोडी तथा प्रेम सम्बन्धमा रहेका युगल जोडीले रोमान्स गर्ने दिनका रूपमा यसको आकर्षण बढ्दैछ । पहिले प्रेम अभिव्यक्त गर्ने अवसर नहुँदा यो दिनलाई सदुपयोग गरी प्रेम यात्रा प्रारम्भ गरिन्थ्यो । अहिले भने प्रेम अभिव्यक्त गर्न प्रणय दिवस नै कुर्नुपर्ने बाध्यता छैन । प्रविधिमा आएको ठूलो परिवर्तनका कारण आफ्ना मनका कुरा दिनहुँ अथवा भनौं क्षण-क्षणमा आदान-प्रदान हुन थालेका छन् ।

छिनमा प्रेममा पर्ने, छिनमा विछोड हुने, फेरि अर्कोसँग सम्बन्ध बढाउने कार्यमा सामाजिक सञ्जालले पुलको काम गर्दा विगतमा प्रेम गर्नेहरूलाई सघाउने प्रणय दिवसप्रतिको आकर्षणमा केही कमी आएको हो । अहिले यो दिनलाई विवाहित अथवा पहिल्यै प्रेमी-प्रेमिका भैसकेकाहरूले रोमान्स गर्ने दिनका रूपमा प्रयोग गर्न थालेका छन् । यो दिनको बहानामा प्रेमी जोडी तथा विवाहित जोडीहरू घुमघाममा निस्कन थालेका छन् । यस्ता जोडिले विभिन्न उपहार आदान-प्रदान गर्दै यो दिनलाई स्मरणीय बनाउँदै आगामी यात्रा सुमधुर बनाउने प्रयास गर्छन् । प्रणय दिवसका लागि उपहार किन्न पाइने पसलहरूमा समेत विवाहितहरूको संख्या बढ्न थालेको छ । कलेज तथा स्कुल अध्ययनरत केही विद्यार्थीले मात्र रमाइलोका लागि यो दिनलाई प्रेम अभिव्यक्त गर्न प्रयोग गर्ने गरेका छन् ।

मानिसहरूलाई घुम्न तथा रमाउन बहाना चाहिएको छ । प्रणय दिवस पनि त्यस्तै बहानामध्ये एक हो । यो दिन प्रेममा रहेका युवायुवती तथा विवाहित जोडी घुमघाममा हुन्छन् । यस्ता जोडी समय भए लामै यात्रामा समेत निस्कन्छन् । समय अभाव भएका व्यस्त जोडीले समेत यो दिन केही समय एक-अर्काका लागि छुट्याउँछन् ।





> रहस्य र रामरमितामय प्रेमलाई जति नै अर्थ्याउन र परिभाषित गर्न खोजे पनि अधुरो नै रहन्छ । सन्दर्भपिच्छे प्रेमलाई फरक-फरक तरिकाले परिभाषित गर्छन् मानिसहरू । प्रेम सफल हुनेहरूले यसलाई आनन्दको सागर रूपमा व्याख्या गर्छन् । असफल हुनेहरूले पीडाको सागर भन्छन् । कसैको जिन्दगीमा यो बसन्त बनेर आउँछ भने कसैको जिन्दगीमा भुइँचालो ।

भ्यालेन्टाइन विशेष



# बहुरुपी प्रेम

बालिका थपलिया

मुटुलाई प्रेमसँग तुलना गरेर परिभाषित गरिन्छ भन्ने हामी सबैलाई थाहा छ । त्यसैले मुटुलाई प्रेमको वासस्थान भनिन्छ । प्रेमी-प्रेमिकाहरूले प्रेम पत्र लेख्दा कागजका कुनै भागमा मुटुमा वाण हानेको चित्र बनाउँछन् । कसैले जानेर बनाउँछन् तर धेरैले नजानी बनाउँछन् । पश्चिमा समाजले प्रेमका देवता मानेको क्युपिडले साइकीको मुटुमा वाण हानेर आफूतिर ध्यानाकर्षित गरेपछि सुरु भएको उनको प्रेमयात्रा अनेकन् मोड पार गरेपछि सफल भयो । आफू पनि प्रेम गर्न माहिर क्युपिडले दुई अपरिचित महिला र पुरुषको मुटुमा वाण हानेर एक-अर्कासँग नजिक बनाएपछि प्रेमको जालमा फसाइदिन्थे रे ।

प्रेमले जात, धर्म, उमेर सम्पत्ति आदि हेर्दैन भन्ने आदर्श पंक्ति त सर्वविदितै छ । किनभने चोखो प्रेम नियमको चौघेराभित्र पूर्ण बन्न सक्दैन । प्रेमको मामिलामा क्युपिडको धनुषवाणको प्रसङ्ग विल्कुल सान्दर्भिक साबित हुन्छ । पहिले-पहिले मागी विवाह गर्ने चलन हुँदा पनि प्रेमविवाह गर्नेहरूको कमी थिएन । आजकाल त मागी विवाहभन्दा प्रेमविवाहले नै प्रश्रय पाउन थालेको छ ।

प्रेमले दिन-प्रतिदिन आधुनिक रूप लिइरहेको छ । आफ्नै मिल्दो जात, कुलका पुरुष वा युवतीसँग मात्र विवाह गर्नुपर्ने परम्परा क्रमशः तोडिदै गएको छ ।

कसैको घरमा गएर केटी हेरेर विवाह गर्ने प्रचलन हिजोआज विरलै देख्न पाइन्छ । मानिसहरूले आफ्नो जीवनसाथी आफै रोज्न थालेका छन् । त्यसैले प्रेमको विजय भएको भ्यालेन्टाइन डे नेपालमा पनि भव्यताका साथ मनाइँदै आएको छ । पश्चिमी देशबाट भित्रिए पनि यसको मर्म बुझेर सही ढङ्गले मनाउँदा गलत हुन्छ भन्ने होइन । उमेरपिच्छे प्रेमको अर्थ फरक भए पनि प्रेमको भावना कहिल्यै मर्दैन । चोखो मन नै प्रेमको अनुकूल स्थल हो ।

प्रेम जहिल्यै उत्सवमय हुन्छ । प्रेम गर्न हरेक दिन स्वर्णिम अवसर हुन्छ, तर पनि प्रणय दिवसले प्रेम जीवनमा अनेकन राग र झङ्कारहरू बजाइदिन्छ । विपना, सपना र कल्पनाभरि रातास्य गुलाफको वर्षात् गरिदिन्छ । प्रेमदिवसकै प्रभावमा महँगा फूलहरू किनेर प्रेमी-प्रेमिकाले एक-अर्कालाई उपहार दिन्छन् । प्रेम दिवसले युगल जोडीलाई अझ नजिक ल्याउने काम गर्छ । प्रेमको महत्त्व बुझ्नेलाई यो दिन विशेष हर्षको दिन बन्छ । विभिन्न सञ्चारमाध्यमले यसको महत्त्व दर्साएपछि प्रेमप्रति सचेत हुनेहरू व्यग्रतापूर्वक प्रेम दिवसको प्रतीक्षा गरिरहेका हुन्छन् ।

'प्रेमको आँखालाई गुलाफको काँडाले घोचेर फुटाइदिएपछि त्यसको दृष्टि गुमेको हो' भन्ने मान्यता छ । त्यसैले संसारमा आँखा नभए पनि देख्न सक्ने चीजका रूपमा प्रेमलाई लिइन्छ । हामीलाई थाहै छ, प्रेमले हाम्रो उजाड जिन्दगीमा रंग भरिदिन्छ । यसकै शक्तिको प्रभावले प्रेमी-प्रेमिकाहरू गीत, कविता माध्यममार्फत स्वर्गमै पुगेको बयान गरिरहेका हुन्छन् । 'प्रेमको स्पर्शले हरेक मानिस कवि बन्न पुग्छन्' भन्ने एरिस्टोटलको भनाइझैं प्रेमले मानिसलाई कल्पनाशीलका साथसाथै सिर्जनशील बनाउँछ । शरीरको भोक खानेकुराले मेटेझैं, दिमागको भोक शिक्षाले मेटेझैं, मनको भोक प्रेमले मात्र मेट्न सक्छ । प्रेमको भोकमा तड्पिएको मान्छे निराशाले भरिपूर्ण हुन्छ र शून्यता महसुस गर्छ, जसको अभाव उसको पूरै जिन्दगीमा खड्किरहन्छ ।

रहस्य र रामरमितामय प्रेमलाई जति नै अर्थ्याउन र परिभाषित गर्न खोजे पनि अधुरो नै रहन्छ । सन्दर्भपिच्छे प्रेमलाई फरक-फरक तरिकाले परिभाषित गर्छन् मानिसहरू । प्रेम सफल हुनेहरूले यसलाई आनन्दको सागर रूपमा व्याख्या गर्छन् । असफल हुनेहरूले पीडाको सागर भन्छन् । कसैको जिन्दगीमा यो बसन्त बनेर आउँछ भने कसैको जिन्दगीमा भुइँचालो । जेसुकै भए पनि प्रेमले किसिम किसिमले मानिसको मन मुटुलाई छोएको हुन्छ । ढिलो-चाँडो जहिले भए पनि यसले हरेकको मनको ढोका खोलेर प्रवेश गरेकै हुन्छ । हरेक चीजका दुई पक्ष भए पनि संयोग र वियोग पनि प्रेमका दुई छुटाउनै नहुने पक्ष हुन् । यिनीहरूकै आरोह-अवरोहमा प्रेमको चक्र घुमिरहेको हुन्छ ।

अल्पायुमै प्रेमी वा प्रेमिका बितेर जिन्दगीभर एक्लै जिउनेहरू पनि छन् । उनीहरू सम्झनाको सहारामा एक्लो जिन्दगी बाँच्न सम्झौता गरिरहेका हुन्छन् । एक्लै बाँच्न नसकेर अर्को साथीको खोजी गर्नेहरू पनि उत्तिकै छन् ।

'प्रेम' नाम एउटै भए पनि यसको रूप विविधताले भरिपूर्ण हुन्छ । यसका अनेकन आयाम हुन्छन् । यसले कतै आनन्दको मधुमास छर्छ त कतै वेदनाको आभास भर्छ । यो अदृश्य छ तर सारा संसार यसमै टिकेको छ । सृष्टि रहुञ्जेलसम्म यसको अन्त्य छैन । प्रेमलाई कसैले ईश्वर मानेर पूजा गर्छन् कसैले आफनो राक्षसी कार्यमा यसको दुरुपयोग गर्छन् । असफलतालाई सहन नसकेर प्रेमी प्रेमिकाले एक-अर्काको हत्या गरेको घटना पनि हामीले देखेका, सुनेका र पढेका छौं । प्रेममा प्राप्तिमात्र नभएर त्यागको पनि अहम भूमिका हुन्छ भन्ने कूरा नबुझ्नेहरूले त्यस्तो गल्ती गर्छन् ।

क्षणमै हँसाउने र क्षणमै रुवाउने चमत्कारले भरिपूर्ण प्रेमलाई गम्भीर अर्थमा बुझ्नेहरूले विश्व इतिहासमा आफ्नो नाम स्वर्णिम अक्षरले लेखेका छन् । वर्षौंसम्म पनि उनीहरूको नाम उदाहरणका रूपमा लिइन्छ । रोमियो-जुलियट, लैला-मजनू, शिरी-फरहाद प्रेमकै कारण उदाहरणीय छन् । कुनै पनि नियम र सूत्रलाई परिपालन नगर्ने प्रेम हाम्रा लागि भगवान्झैं सम्माननीय छ । अरू चीज बाँड्दा सकिन्छ तर प्रेम जति बाँड्यो त्यति बढ्छ । प्रेम मृगतृष्णा हो जुन जहिले पनि तिर्खाका रूपमा उपस्थित हुन्छ तृप्तिको रूप लिन सक्दैन । प्रेम हाम्रा निम्ति अमृतझैं मीठो र दुर्लभ छ ।

जसरी जूनबिना ताराको अस्तित्व छैन, जसरी धर्तीबिना आकाशको अस्तित्व छैन, जसरी फूलबिना भमराको अस्तित्व छैन त्यसरी नै प्रेमबिना जीवनको अस्तित्व छैन । नदेख्ने गरी सर्वत्र छाएको प्रेमले कदम-कदममा हामीलाई पछ्याइरहेको हुन्छ । हामी यसबाट भागेर कतै पनि लुक्न सक्दैनौं । हाम्रो प्रयास जहिले पनि प्रेमलाई प्रेमकै रूपमा कायम रहन दिने हुनुपर्छ । यसपालीको प्रणय दिवसमा अरूलाई प्रेम गर्न सिकौं । सबैलाई प्रेममय दृष्टिकोणले हेरौं र प्रेम बाँडौं- शुभकामना ।



# प्रेम शाश्वत हुन्छ

दुर्गाप्रसाद धिमिरे

नेपाली बहृत् शब्दकोशमा प्रेमलाई कुनै विषयवस्तु वा व्यक्तिको स्वभाव एवं गुणप्रति मनमा उत्पन्न हुने आकर्षण वा आत्मीयता, अनुराग रूप, गुण, सामीप्य अथवा कामवासना आदिका कारण स्त्री-पुरुषमा परस्पर हुने अनुराग, प्यार, प्रीति, कृपा, दया, माया भनेर परिभाषित गरिएको छ । यही परिभाषालाई विश्लेषण गर्ने हो भने पनि प्रेम अथाह महासागर हो र प्रणय सम्बन्धचाहिँ पानीको एक थोपा मात्र । प्रेम र प्रणय सम्बन्धलाई आधार बनाएर विश्व साहित्यमा महान् कलाकृति र अमर सिर्जनाहरू रचना गरिएका छन् । स्रष्टाहरूले सिर्जना गरेका काल्पनिक पात्रहरू पनि अमर प्रेमका प्रतीकका रूपमा हाम्रा सामु छन् । आदम-इभ, लाल-हिरा, लैला-मजुन, रोमियो-जुलियट, मुकुन्द-इन्दिरा, मुना-मदन आदिलाई सफल र आदर्श प्रेम जोडीका रूपमा लिन सकिन्छ ।

प्रेम एउटा मानवीय सम्बन्ध हो जुन युगौं-युगदेखि मानव समाजमा विद्यमान छ । वैवाहिक/प्रणय सम्बन्ध मात्र प्रेम होइन । प्रेमका अनेकौं रूप र स्वरूप छन् । मातृ प्रेम, भातृ प्रेम, वर्गीय प्रेम, आध्यात्मिक प्रेम, प्रणय प्रेम आदि । प्राप्तिको अपेक्षा नराखी अन्तरआत्माबाट नै प्रस्फुटित हुने हृदयको झंकार नै प्रेम हो । प्रेम अविनाशी हुन्छ तर कुनै निहित स्वार्थबाट प्रेरित प्रेम स्वार्थपूर्ति भएपछि क्रमशः खण्डित हुँदै जान्छ, त्यसैले भनिन्छ- कसैलाई प्रेम गर्नुछ भने अन्तरआत्माबाट निःस्वार्थ प्रेम गर्नुपर्छ । निःस्वार्थ प्रेम सधैं सफल हुन्छ । 'प्रेम' र प्रणय (विवाह) एकै सिक्काका दुई पाटा होइनन् । यी नितान्त भिन्न र पृथक् विषय हुन् । प्रेम हामी सबैसँग सधैं गर्न सक्छौं तर विवाह निश्चित सामाजिक एवं कानुनी मापदण्ड पूरा भएपछि कुनै एक जना व्यक्तिसँग मात्र गरिन्छ ।

प्रेम दिवसको अवसर पारेर यदि कसैलाई 'रातो गुलाब' उपहार दिँदै हुनुहुन्छ भने सबैभन्दा पहिले आफ्नै अन्तरआत्मासँग सोध्नुहोस्, म के गर्दैछु ? मेरो निर्णय उनलाई मान्य होला ? यदि मान्य भैहाल्यो भने हाम्रो सम्बन्ध जीवनभर जीवन्त रहन सक्ला ? म कतै उनको शारीरिक सौन्दर्य, बाहिरी आकर्षण र कृत्रिम व्यवहारबाट प्रेरित भएको त छैन ? यदि त्यसो हो भने सावधान, त्यस्तो प्रणय सम्बन्ध जीवन्त नहुन सक्छ । तपाईं पहिरनबाट प्रेरित हुनुहुन्छ भने पहिरन परिवर्तन गरेपछि तपाईंको प्रेरणा समाप्त हुन्छ । तपाईं शारीरिक आकर्षणबाट प्रेरित हुनुहुन्छ भने त्यो आकर्षण क्रमशः नासिँदै जान्छ । तपाईं कृत्रिम बोलीचाली र व्यवहारबाट प्रेरित हुनुहुन्छ भने वास्तविक व्यवहार र आचरण देखेपछि त्यसको अनुराग स्वतः समाप्त भएर जान्छ, तसर्थ जीवनसाथीका रूपमा कसैसँग प्रणय सम्बन्ध सुरु गर्नुअघि उनको वास्तविक व्यवहार, आचरण, अभिरुचि एवं चरित्रसम्बन्धी मूलभूत कुरा जान्नैपर्छ । नत्र हतारमा विवाह गरेर फुर्सदमा पश्चाताप गर्नु सिवाय केही बाँकी हुँदैन । मुख्य कुरा त जसलाई 'रातो गुलाफ' दिन लालायित हुनुहुन्छ, तपाईंले उनको रूप होइन, 'सार' लाई बुझ्नुपर्छ । प्रणय प्रस्ताव अस्वीकृत नै भयो भने पनि तपाईंले उनलाई उत्ति नै माया गर्नुपर्छ जति पहिले गर्नुहुन्थ्यो, किनभने गुलाफ दिनु तपाईंको चाहना हो भने त्यसलाई स्वीकार गर्नु नगर्नु उनको अधिकार हो । उनलाई सच्चा माया गर्नुहुन्छ भने उनको इच्छाको कदर गर्नु तपाईंको कर्तव्य हो । प्रेम 'हाई' बाट सुरु भएर 'बाई' मा अन्त्य हुनुहुँदैन । युग-युगान्तरसम्म अजर, अमर र कालजयी हुनुपर्छ ।

# प्रकाश सायमीको छनौटमा उत्कृष्ट प्रेम गीत

फेब्रुअरी महिना प्रारम्भ भएसँगै रेडियो तथा टेलिभिजनमा प्रेमभावका गीतको प्रसारण बढ्दो छ । अधिकांश रेडियो तथा टेलिभिजन कार्यक्रममा अहिले रोमान्टिक गीत नै सुन्न पाइन्छ । फेब्रुअरी १४ को पूर्वसन्ध्या पारेर साप्ताहिकले साहित्यकार तथा चलचित्र निर्देशक प्रकाश सायमीलाई सर्वाधिक रोमान्टिक दस-दसवटा नेपाली तथा हिन्दी छनौट गर्न आग्रह गरेको थियो । सायमीले तयार पारेका सबैभन्दा प्रेमिल गीत :



प्रकाश सायमी

### मलाई माफ गरिदेऊ मेरा लोभी नजर

**स्वर** : नारायण गोपाल
**शब्द/संगीत** : गोपाल योञ्जन

युट्युबमा लिरिकल भिडियो उपलब्ध यो गीतमा एक जना प्रेमीले आफ्नी प्रेमिकाको वर्णन गरेका छन् । गायक दिपेशकिशोर भट्टराईद्वारा रि-रेकर्डिङ गरिएको यही गीतको लिरिकल म्युजिक भिडियो ३ लाखभन्दा बढी पटक हेरिएको छ ।

### ऐना नभए आफ्नो अनुहार कहाँ हेर्थौ तिमी

**स्वर** : प्रेमध्वज प्रधान र तारादेवी
**शब्द** : किरण खरेल
**संगीत** : शिवशंकर मानन्धर

एकताका रेडियो नेपालबाट एकै दिनमा दर्जनौं पटक प्रसारण हुने यो रोमान्टिक युगल गीतमा प्रेमि-प्रेमिकाले एक-अर्काको वर्णन गरेका छन् । युट्युबमा यो गीतको लिरिकल भिडियो उपलब्ध छ ।

### तिमी लालीगुराँस फुलेजस्ती

**स्वर** : प्रकाश श्रेष्ठ
**शब्द** : राजेन्द्र रिजाल
**संगीत** : शम्भुजित बासकोटा

गायक प्रकाश श्रेष्ठका गीत कुनै बेला लोकप्रियताको शिखरमा थिए । चलचित्रको पार्श्व गायनमा समेत अब्बल गायक श्रेष्ठका दर्जनौं गीतमध्ये 'तिमी लाली गुराँस फूले जस्ती' अत्यन्त रोमान्टिक छ । यो गीतमा प्रेमीले आफ्नी प्रेमिकाको रूप एवं सौन्दर्यको वर्णन गरेका छन् ।

### तिमी सुन्दर छौ तिमीलाई अझै

**स्वर** : उदितनारायण झा
**शब्द** : किरण खरेल
**संगीत** : शिवशंकर मानन्धर

गायक उदित नारायण झा रोमान्टिक गीतका पर्याय नै मानिन्छन् । कुनै बेला बलिउडमा समेत एकछत्र राज गर्न सफल गायक झाको तिमी सुन्दर छौ.. गीत रोमान्टिक शैलीको छ । यो गीतमा पनि प्रेमिले प्रेमिकाको रूप र सौन्दर्यको प्रसंसा गरेका छन् ।

### भन भन न तिम्रो हजुर कस्तो छ

**स्वर** : दीप श्रेष्ठ तथा दावा ग्याल्मो
**संगीत/शब्द** : दीप श्रेष्ठ

रोमान्टिक गीत गाएर श्रोताहरूको मनमा बस्न सफल गायक हुन्– दीप श्रेष्ठ । गायक श्रेष्ठले गायिका दावा ग्याल्मोसँग युगल गायन गरेको यो गीत असाध्यै रोमान्टिक छ ।

### हिमालसरि म अग्लिरहेछु

**स्वर** : नारायणगोपाल र अरुणा लामा
**शब्द/संगीत** : गोपाल योञ्जन

यो रोमान्टिक युगल गीतका थुप्रै लिरिकल भिडियो युट्युबमा उपलब्ध छन् । नारायण गोपाल तथा अरुणा लामाको स्वरमा रेकर्ड भएको यो गीत कुनै बेला रेडियो नेपालका अनुरोध कार्यक्रममा पटक-पटक प्रसारण हुन्थ्यो । स्वयं नारायण गोपाललाई समेत आफ्ना सयौं गीतमध्ये यो गीत निकै मन परेको बताइन्छ ।

### म तिमी नहुँदा मरे तुल्य हुन्छु

**स्वर** : विनोद राठौर तथा साधना सरगम
**संगीत** : शक्ति बल्लभ
**शब्द** : दिनेश अधिकारी

यो चलचित्र सिमानाको गीत हो । अभिनेता धिरेन शाक्य तथा अभिनेत्री मेलिना मानन्धरको रोमान्टिक अभिनय एवं नृत्य समावेश यो गीत रोमान्टिक छ । गीतमा प्रेमि-प्रेमिकाले एक-अर्काको अभावमा हुन सक्ने सम्भावनाका बारेमा आफ्ना भावना व्यक्त गरेका छन् ।

### रिमझिम रिमझिम पानी पर्ला

**स्वर** : कुमार बस्नेत
**संकलन** : कुमार बस्नेत

लोकगायक कुमार बस्नेतका अधिकांश लोकगीत रोमान्टिक शैलीका छन् । तीमध्ये रिमझिम रिमझिम पानी पर्ला, स्वर मिलाई गीत गाउँला लोक-आधुनिक शैलीको छ । यही गीतबाट गायक बस्नेतले दर्शकलाई नचाउने शैलीका गीत गाउन थालेको केही अन्तर्वातामा उल्लेख गरेका छन् ।

### सुन-चाँदीभन्दा महँगो यो ज्यानलाई

**स्वर/संगीत** : ओमविक्रम विष्ट तथा सुकमित गुरुङ


गायक ओम विक्रम विष्ट तथा गायिका सुकमित गुरुङको यूगल गीत हो 'सुन-चाँदीभन्दा महँगो यो ज्यानलाई...' । प्रकाश गुरुङको शब्द तथा संगीतको यो गीतले पनि एकताका रेडियो नेपालमा राम्रै स्थान बनाएको थियो ।

### लरबरिन्छ यी पाइलाहरु

**स्वर** : इन्दु स्याङ्बो

गायिका इन्दु स्याङ्बोको स्वरमा रेकर्ड भएको यो गीत निकै रोमान्टिक छ । युट्युबमा उपलब्ध नहुने यो गीत एकताका श्रोताहरूको जिब्रोमा झुन्डिन सफल भएको थियो ।









## हिन्दी/उर्दू गीत

### दुनियाँ किसीके प्यार में

**स्वर** : मेहन्दी हसन

दुनियाँ किसीके प्यार में जन्नत से कम नही... गजल अत्यन्त रोमान्टिक छ । मेहन्दी हसनको स्वरको यो गजल आज पनि उत्तिकै कर्णप्रिय मानिन्छ ।

### मेरे प्यार कि उम्र हो इतनी सनम

**स्वर** : लता मंगेशकर तथा मनमोहन सिंह
**संगीत** : उत्तम-जगदिश

हिन्दी चलचित्र वारिसको यो रोमान्टिक गीतमा अभिनेता राज बब्बर तथा अमृता सिंहले अभिनय गरेका छन् ।

रोमान्टिक हिन्दी गीतको अग्रपंक्तिमा आउने यो गीत गीत-गजल रेस्टुराँमा पनि उत्तिकै रुचाइन्छ ।

### पल पल दिलके पास

**स्वर** : किशोर कुमार
**संगीत** : कल्याणजी-आनन्दजी

हिन्दी चलचित्र ब्ल्याकमेलको यो गीतमा धर्मेन्द्र तथा राखीले अभिनय गरेका छन् । युट्युबमा झन्डै ४ करोड पटक हेरिएको यो गीतको शब्द नै रोमान्टिक छ ।

### तु मेरे सामने है

**स्वर** : मोहम्मद रफी
**संगीत** : मदन मोहन

सन् १९६४ मा प्रदर्शनमा आएको हिन्दी चलचित्र सुहागनमा समाविष्ट गरिएको यो गीतमा गुरु दत्त तथा माला सिन्हाले अभिनय गरेका छन् ।

### मेरा दिल भि कितना पागल है

**स्वर** : कुमार सानु
**संगीत** : नदीम-श्रवण

हिन्दी चलचित्र साजनमा समावेश यो गीतमा सञ्जय दत्त तथा माधुरी दिक्षितले अभिनय गरेका छन् । युट्युबमा २ करोडभन्दा बढी पटक हेरिएको यो गीतका रिमेक भर्सन पनि उत्तिकै लोकप्रिय छन् ।

### आज जानेकी जिद ना करो

**स्वर** : फरीदा खानुम

यो पुरानो हिन्दी गजल पनि निकै रोमान्टिक छ । यो गजलको लिरिकल भिडियोले युट्युबमा राम्रो भ्युज पाएको छ ।

### चुरा लिया है तुमने जो दिलको

**स्वर** : आशा भोसले तथा मोहम्मद रफी
**संगीत** : आरडी बर्मन

हिन्दी चलचित्र 'यादों कि बारात' को यो गीतलाई सदावहार मान्नेहरू प्रशस्तै छन् । जीनत अमान तथा विजय अरोराले अभिनय गरेको यो गीतका रिमिक्स भर्सनहरू पनि उत्तिकै लोकप्रिय छन् ।

### कभी मैं कहूँ


**स्वर** : हरिहरण तथा लता मंगेशकर
**संगीत** : शिव-हरि

हिन्दी चलचित्र लम्हेमा समावेश 'कभी मैं कहूँ' प्रमुख रोमान्टिक हिन्दी गीतमध्येको एक हो । उक्त गीतमा श्रीदेवी तथा अनिल कपुरले अभिनय गरेका छन् ।

### ए अजनवी आवाज दे

**स्वर** : उदितनारायण झा
**संगीत** : एआर रहमान

हिन्दी चलचित्र दिल सेको यो गीतमा मनीषा कोइराला तथा शाहरूख खानले अभिनय गरेका छन् । उदितनारायण झाका हजारौं गीतमध्ये यो एउटा उत्कृष्ट रोमान्टिक गीत हो ।





केवल एक प्रश्न

# आधुनिक सहरी प्रेम कस्तो लाग्छ ?



मलाई त आजभोलिको प्रेम ब्याइलर कुखुराजस्तै लाग्छ।

**जितु नेपाल, हास्य अभिनेता**

आधुनिक युगको सहरी प्रेम एकदमै स्वार्थी र प्रदूषित छ।

**बद्री पंगेनी, गायक**

आधुनिक युगको सहरी प्रेम एकदमै बनावटी छ, किनभने यहाँ कसको प्रेम कतिबेला टुट्छ भन्ने भरोसा हुँदैन।

**राधिका हमाल, गायिका**

अहिलेको आधुनिक सहरमा माया-प्रेम भन्ने कुरा नै कहाँ छ र ? पहिले-पहिले चलचित्र हल अनि सिमलको रूखमुनि डेटिङ हुन्थ्यो, तर अहिले त पहिलो डेटिङ नै गेस्ट हाउसमा हुन्छ, अनि कहाँ छ र प्रेम ?

**शंकर बिसी, निर्देशक तथा मोडल**

मानिसअनुसार सोच पनि फरक-फरक हुन्छ। मेरो विचारमा कसैको प्रेम गर्ने शैली मिजासिलो र मीठो हुन्छ। अहिले सहरमा गरिने आधुनिक शैलीको प्रेममा धेरै प्रकारका विकृति छन्। मायाभन्दा पनि स्वार्थ बढी छ।

**शान थापा, निर्देशक**

जस्तो आँगन उस्तै नाच भन्ने उखान छ नि ! हो, अहिलेको आधुनिक युगको सहरी प्रेमको ढाँचा पनि त्यस्तै खालको छ।

**कुलेन्द्र विश्वकर्मा, गायक**

आधुनिक युगको सहरी प्रेम डेरावाल र घरबेटीको सम्बन्धजस्तो छ। हरेक १ गते माया-प्रेम रिन्यु गर्नुपर्छ। बहाल तिर्न नसकेको अर्को दिन अर्को बहालवाला आएर कोठामा बसिहाल्छ।

**लोकराज अधिकारी, गीतकार**

आधुनिक युगको सहरी प्रेम मलाई राम्रै लाग्छ। किनभने केटाकेटी दुवैले एक-अर्कालाई चिन्ने मौका पाउँछन्। यसरी दुवैले एक-अर्कालाई बुझेर केही समयसँगै बिताइसकेपछि मात्र विवाह गर्ने निर्णयमा पुग्छन्, जसले गर्दा विवाहपछिको सम्बन्ध पनि सहज ढंगले अघि बढ्छ। जस्तो पछिल्लो समय लिभिङ टुगेदरमा बस्ने चलन पनि छ। त्यस्तै, डिभोर्सपछि पनि ब्रेकअप पार्टी मनाउने ट्रेन्डसमेत आएको छ, यो भनेको एकले अर्कालाई सम्मान गरेजस्तै हो, जसलाई कुनै रिस राग नभएको भन्नुपर्छ।

**किरण आचार्य, व्यवसायी**

आधुनिक युगको सहरी प्रेम मलाई खासै राम्रो लाग्दैन, किनभने कतिबेला माया बस्यो अनि कतिबेला टुट्यो पत्तो हुँदैन। गाउँको जस्तो निश्चल माया त सहरमा कहाँ पाइन्छ र ?

**श्रीदेव भट्टराई, अभिनेता**

प्रेम शब्द आफैमा निश्चल र पवित्र छ। यसलाई कसरी बुझ्ने र व्यवहार गर्ने आफैमा भर पर्ने कुरा हो। प्रेम छिनमै ओइलिएर जाने पारिजातजस्तो होइन। माया भनेको त कहिल्यै नओइलाउने र नसुक्ने मखमली फूल हो। सहरी प्रेम कामवासनाले प्रेरित क्षणिक आकर्षणमा परिणत हुँदै गएको छ। यसले दुई अक्षरको पवित्र प्रेम शब्दकै उपहास गरिरहेको छ। दुई आत्माको चोखो मिलनलाई बुझ्न नसक्ने मदमत्त जोडीहरूको कामवासना नै सहरी प्रेमजस्तो भएको छ।

**सुनिता दुलाल, गायिका**

माया भनेको माया नै हो। त्यो आधुनिक सहरको होस् वा गाउँको। हामीले मायाको सम्मान गर्न सक्नुपर्छ। त्यसैले आधुनिक प्रेमलाई हेरेर प्रेमको मूल्याङ्कन गर्न मिल्छ जस्तो लाग्दैन।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

मैले बुझेको आधुनिक सहरी प्रेममा प्रेम कम, स्वार्थ बढी हुन्छ।

**धीरज राई, गायक**

हिन्दी सिनेमालाई आधार मानेर जोडी खोज्ने चलनले हामीलाई एकदमै अस्तव्यस्त बनाएको छ। सबैले सिनेमामा देखिएजस्तै खोज्छन्। केही समय दुवै साँच्चिकै हिरो-हिरोइनझैं चरित्रमा रहन्छन्, अनि केही समयपछि एक-अर्कालाई लाञ्छना लगाउँदै टाढिन्छन्। अपरिपक्व उमेरमै सम्बन्धमा रहने हुनाले पनि यस्ता घटनाले तीव्रता लिएको पाइन्छ।

**रोहित मल्ल, मोटिभेटर**

हतारमा मिलन अनि हतारमै बिछोड हुन्छ। सहरी मानिसको दैनिकीजस्तै व्यस्त छ प्रेम पनि।

**दिपेन्द्र लामा, निर्देशक**

नराम्रोचाहिँ लाग्दैन। मन-मुटु उस्तै भए पनि फास्ट फुडे परिवेशले सहरी मायालाई नन-अर्गानिकचाहिँ बनाएजस्तो लाग्छ।

**हेमन्त शर्मा, गायक**

प्रेम पवित्र छ तर प्रेमप्रतिको बुझाइमा कमी आएकाले आधुनिक युगको प्रेममा विकृति देखा पर्न थालेको छ।

**राजाराम गौतम, रंगकर्मी**

समयसँगै हरेक कुरामा परिवर्तन आउनु स्वभाविक हो, तर अहिले क्षणिक रङ्ग-रस अनि स्वार्थ भरिएको माया-प्रेमले वास्तविक माया गर्नेहरूलाई असर गरेको छ। त्यसैले संसारमा जति पनि परिवर्तन होस्। आफ्नो धर्म-संस्कार एवं रीतिरिवाज भुल्नु हुँदैन। समग्रमा भन्नुपर्दा पुराना कुरीतिको पनि अन्त्य होस् अनि आधुनिक युगको माया-प्रेम पनि अलि अनुशासित होस्।

**याम क्षेत्री गायक**

पछिल्लो समयको प्रेमसम्बन्ध छोटो समयमा टुट्छ। सम्बन्ध टुट्नु पक्कै राम्रो कुरा होइन, तर एक-अर्कासँग कम्फर्टेबल हुँदैन भने जबर्जस्ती सँगै बस्नु पनि उपयुक्त होइन।

**इष्टु कार्की, रंगकर्मी**

आधुनिक युगको सहरी प्रेममा पनि प्रेम त हुन्छ, तर त्यो प्रेममा आ-आफ्नो स्वार्थ घुसेको हुन्छ।

**विशाल ढकाल, संगीतकार**

सहरिया मायाप्रेम देखावटी, स्वार्थी अनि पैसा र मोजमस्तीका लागि हो कि जस्तो लाग्छ।

**नवीन पौडेल, गायक**

सबैलाई त भन्दिनँ, तर धेरैजसो हतारमा प्रेम गर्ने अनि फुर्सदमा पछुताउने खालका छन्।

**सुशीला गौतम, गायिका**

अहिलेको प्रेम निकै आधुनिक भैसकेको छ। अहिले बढी स्वतन्त्रता छ, पहिले-पहिलेको जस्तो प्रेमी-प्रेमिकालाई भेट्न झ्यालबाट भाग्नुपर्ने अवस्था छैन। अहिले सामाजिक सञ्जालले गर्दा धेरै सजिलो भएको छ। पहिले प्रेमी-प्रेमिकाले कुराकानी गर्न ल्यान्डलाइन फोन ढुकेर बस्नुपर्थ्यो अनि आफ्नो प्रेमी अथवा प्रेमी हिंड्ने गल्लीसँग प्रेम हुन्थ्यो, तर अहिलेको आधुनिक युगको प्रेम गर्ने शैली बिल्कुलै फरक छ।

**आर्जन पाण्डे, गायक**

प्रेम आफैमा प्रेम हो। यसलाई जित्ने अरू कुनै चिज छैन। त्यसैले म प्रेमका बारेमा कुनै डिबेट गर्दिनँ।

**शिव परियार, गायक**

मलाई त एकदम ठीक लाग्छ, किनभने यो प्रेमी-प्रेमिकाका लागि समय र विकासले दिएको वरदान हो।

**दिलीप रायामाझी, अभिनेता**

सामाजिक सञ्जालको प्रभावमा कलिलै उमेरमा केटाकेटीबीच प्रेम हुनु विकृति हो। उमेर पुगेकाहरूको पनि बिजोगै छ, पिंजडाभित्र सुगाको प्रेमजस्तो। अर्को कुरा, ठाउँ न ठहर बूढीको रहर भनेजस्तो। यसो बिजुलीको पोलमुनि छायाँ मिलाएर गफ गर्नुपर्‍या छ, गन्हाउने खोलाको छेउमा डेटिङ बस्या छन्, लभ पर्नुभन्दा पहिले रुघा लाग्ला भन्ने डर। रेस्टुराँको टेबलमा बसेर चाप्पचुप्प गरेका छन्, अनि पल्लो टेबलमा बसेको मान्छेले नदेखेजस्तो गरिदिनुपर्‍या छ। धन्न बेलैमा जुकरबर्ग जन्मिएछन् र हिजोआजका युवायुवतीलाई केही सहज भएको छ।

**केदार घिमिरे, अभिनेता**

बलिउड


# बलिउडका आइकोनिक लभ स्टोरी

बलिउडमा केही यस्ता सम्बन्ध बने जसलाई कैयौं वर्षपछि पनि स्मरण गरिन्छ । सबै किसिमले पर्फेक्ट मानिए पनि अन्ततः ती सम्बन्धले निरन्तरता पाएनन् । आइकोनिक लभ मानिएका ती लभस्टोरीको अहिले पनि बेलाबखत चर्चा/परिचर्चा हुन्छ ।



## नरगिस - राजकपुर

नरगिस र राजकपुरको प्रेमलाई बलिउडको बहुचर्चित अफेयर्स मानिन्छ, तर यो सम्बन्धको दुःखदायी अन्त्य भयो । नरगिससँग प्रेममा पर्नुपूर्व राज कपुर विवाहित थिए । उनी न नरगिसलाई छोड्न चाहन्थे न आफ्नो परिवारलाई । जब नरगिसलाई यो कुराको बोध भयो, उनी ठूलै तनावमा परिन् । यतिसम्म कि उनले आत्महत्या गर्नेसम्म सोचिन् । त्यसबीच उनको जीवनमा सुनिल दत्त आए । नरगिसले पछि सुनिल दत्तसँग विवाह गरिन् । कैयौं वर्षसम्म राजकपुर र नरगिस न कहिल्यै नजिक आए, न भेटाघाट नै गरे । केही वर्षपछि राजकपुरले आफ्नो छोरा ऋषि कपुरको विवाहमा नरगिस र सुनिल दत्तलाई आमन्त्रण गरे । नरगिसले कैयौं वर्षपछिको उनीहरूको त्यो भेटघाटलाई फिल्मको क्लाइमेक्सजस्तो बताएकी थिइन् । अहिले उनीहरू यो संसारमा छैनन् ।



## अमिताभ - रेखा

रेखा र अमिताभको प्रेम चर्चा त्यतिबेला सुरु भएको थियो, जतिबेला अमिताभ जयासँग विवाहमा बाँधिई सकेका थिए । सन् १९७३ मा अमिताभ र जयाको विवाहको केही वर्षपछि रेखा र अमिताभको अफेयर्सको चर्चा हुन थालेको हो । भनिन्छ, सन् १९७७ मा उनीहरूको प्रेम चलचित्र 'दो अनजाने'को सुटिङका दौरान अमिताभ र रेखा नजिकिएका थिए भने सन् १९७८ मा उनीहरूको सम्बन्ध उत्कर्षमा पुगेको थियो । सुरुमा रेखा र अमिताभ रेखाकी साथीको घरमा भेट्थे । सन् १९८१ मा यस चोपडाले जया-अमिताभ तथा रेखाको सम्बन्धलाई लिएर चलचित्र 'सिलसिला' नै निर्माण गरे । यही चलचित्रमा अमिताभ र रेखा अन्तिम पटक एकसाथ देखिएका थिए । त्यही बेलादेखि अहिलेसम्म उनीहरू न कहिले अनस्क्रिन, न कहिले अफस्क्रिन एक-अर्काको सामुन्ने देखिए । अहिले रेखा इभेन्ट, एवार्ड तथा सार्वजनिक समारोहहरूमा सिन्दूर लगाएर पुगिरहेकी हुन्छन्, तर त्यो सिन्दूर कसको नामको हो, अहिलेसम्म रहस्यकै गर्भमा छ । भनिन्छ, रेखा अमिताभसँग विवाह गर्न चाहन्थिन्, उनी अरू कसैको सिन्दूर आफ्नो सिउँदोमा भर्न चाहन्नथिन् ।



## देवानन्द - सुरैया

बलिउडका थुप्रै प्रेमकथामा देवानन्द र सुरैयाको प्रेमलाई आइकोनिक मानिन्छ । जतिबेला सुरैया बलिउडकी सुपरस्टार थिइन्, त्यतिबेला देवानन्दले बलिउडमा पाइला मात्र टेकेका थिए । देवानन्दले पहिलो पटक सुरैयालाई सन् १९४८ मा चलचित्र 'विद्या'को सेटमा देखेका थिए, जसमा देवानन्दले भनेका थिए, 'सबैले मलाई देव भन्छन्, तपाईं मलाई कुन नामले बोलाउन मन पराउनुहुन्छ ?' सुरैयाले भनेकी थिइन्, 'देव' । पहिलो आँखा जुधाइमै देवानन्दले सुरैयालाई मन दिए । त्यसपछि उनीहरूले कैयौं चलचित्रमा सँगै काम गरे । देवानन्द पछिसम्म पनि सुरैया आफ्नो पहिलो प्रेम भएको कुरा बताउँथे । दुवैको प्रेमको बीचमा सुरैयाकी हजुरआमा बाधक भएकी थिइन्, उनले अलग-अलग धर्मका कारण उनीहरूको सम्बन्ध स्वीकार गरिनन् । सुरैयाकी हजुरआमा उनको अर्कैतिर विवाह गरिदिन चाहन्थिन् भने देवानन्द कोर्ट म्यारिज गर्न चाहन्थे । दोहोरो दबाबका बीच सुरैयाले अन्तिम निर्णय लिनुपर्ने थियो । सुरैयाको मन टुट्यो, उनले देवानन्दसँगको सम्बन्ध मात्र तोडिनन्, जीवनभर विवाह नगर्ने फैसलासमेत गरिन् । अहिले दुवै जनाको निधन भैसकेको छ ।



## मधुमाला - दिलीपकुमार

मधुमाला यति सुन्दर थिइन् कि मानिसहरू त्यसै मोहित हुन्थे । दिलीपकुमार र मधुमालाको प्रेम सन् १९५१ मा चलचित्र 'तराना'को सेटबाट सुरु भएको थियो । दिलीपकुमार मधुमालाको प्रेममा दिवाना थिए । एकदमै गहिरो प्रेममा परेका दुवै सुपरस्टारको विवाह भने हुन सकेन । भनिन्छ, मधुमालाका पिता अताउल्लाह खानलाई यो सम्बन्ध मन परेको थिएन । दिलीप र मधुमालाको कुरा इन्गेजमेण्टसम्म पुगेको थियो, तर विवाहपूर्व मधुमालाका अगाडि सर्त राखिएको थियो– न उनले चलचित्रमा काम गर्नेछिन्, न त पितासँग कुनै सम्बन्ध राख्नेछिन् । मधुमालाका लागि उनका पिता निकै प्रिय थिए । दिलीपको त्यस्तो सर्त उनलाई मन पर्ने कुरै भएन, त्यसपछि उनीहरूको सम्बन्धमा विवाद सुरु भयो । केही समयपछि उनीहरू सधैंका लागि अलग भए । उनीहरूले चारवटा चलचित्रमा सँगै काम गरेका छन् ।



## माधुरी - सञ्जय

फिल्म 'साजन'को सुटिङका दौरान सञ्जय दत्त र माधुरी दीक्षित एकदमै निकट भएका थिए । त्यसपछि उनीहरूको अफेयर्स बलिउडमा चर्चाको विषय बन्यो । त्यतिबेला सञ्जय दत्त विवाहित थिए । उनीहरूको सम्बन्ध माधुरी दीक्षितका पितालाई रत्तिभर मन परेको थिएन । जब खलनायकका दौरान सञ्जय दत्त जेल गए, त्यही बेलादेखि माधुरी उनीबाट टाढा भएको मानिन्छ । त्यसपछि उनीहरूको लभस्टोरी पनि अधुरै रह्यो ।

# एउटा साइलेन्ट लभ स्टोरी

भिषा काफ्ले/जनक तिमिल्सिना



■ प्रेममा न विषय चाहिने न समय चाहिने, समय कति हुन्छ भन्ने पनि छैन, समय र विषयबिनाको छलफल असिमित हुन्छ ।

तस्बिर : नवराज बाले

माया नै हो भनूँ भने 'आई लभ यू' भन्ने शब्द दुवैको मुखबाट कहिल्यै निस्किएन । माया होइन भनौं भने आधा रातसम्म फोनमा कुराकानी हुन्थ्यो । त्यो पनि एक-दुई घण्टा, एक-दुई पटक होइन, प्रत्येक रात घण्टौंसम्म । अवस्था यस्तो भयो कि राजनीतिक दर्शन र अध्ययनमा लगनशील अनेरास्ववियु नेतृको सेड्युल नै बिग्रियो । दर्शनको साटो अव्यक्त प्रेम अध्याय सुरु भयो । हालैको एक भेटमा एमाले नेतृ तथा अनेरास्ववियुकी पुर्व अध्यक्ष रामकुमारी झाँक्री १३ वर्षअघि पुगिन् । त्यो फ्ल्यासब्याकमा छुटेका कुरा थप्न उपस्थित थिए नेपाल सरकारका उपसचिव पशुपति पुरी अर्थात् रामकुमारीका श्रीमान् ।

कुरा २०६२ साल अन्तिमतिरको हो । जतिबेला दोस्रो जनआन्दोलन चलिरहेको थियो । उक्त आन्दोलनकी एक शशक्त हस्ती थिइन्- रामकुमारी । आन्दोलनको केन्द्र थियो बानेश्वर एरिया । आन्दोलनसँगै खाजा खाने स्थान पनि त्यहीं वरपरका क्याफे हुन्थे । एक दिन क्याफेमा चिया खाने सन्दर्भमा उनकी एक जना साथी नयाँ साथी लिएर खाजाखान क्याफे पुगिन् । चिनजान भयो, तत्कालीन राजनीतिक परिवेशको कुराकानी भयो । राजनीतिककर्मी भएकाले धेरैले रामकुमारीसँग फोन नम्बर लिन्थे-दिन्थे । त्यसैगरी सहजै फोन नम्बर साटासाट भयो । रामुकमारी बेलुका कोठामा पुग्दा नपुग्दै कल आइसकेको थियो । त्यो फोन गर्ने अरू कोही नभएर दिउँसो भेट भएका उनै पशुपति थिए ।

के पहिलो भेटमै पशुपतिले रामकुमारीलाई मन पराइसकेका थिए त ? 'मायाले नै त होइन होला । मैले अन्य कामले नै गरेको हुनुपर्छ ।' पशुपति सम्झन्छन् 'पहिलो भेट थियो, लभ-विवाह आदि कुनै प्रसंग नै थिएन,' तर रामकुमारी भने काम त बहाना मात्र भएको बताउँछिन् 'दिउँसो भेट भएको मान्छे घर नपुग्दै फोन आउनु, काम त बहाना मात्र रहेछ (लामो हाँसो) ।' तर रामकुमारीलाई त्यो पहिलो कलको नम्बर नै कण्ठ भयो । यसलाई उनी संयोग मान्छिन् अनि त्यो भेटलाई नै आफ्नो जीवनको माइलस्टोनका रूपमा लिन्छिन् ।

'सार्वजनिक अनुहार हुनुहुन्थ्यो टिभीमा देखिरहेको, मेरो साथीकी श्रीमती उहाँको पनि साथी हुनुहुँदो रहेछ, उहाँकै माध्यमबाट भेट भएको हो ।' खाँटी कुरा पशुपतिले खोले, 'चिया पिउने सन्दर्भमा भेट भएको हो ।' पहिलो भेट भएको विषयमा दुवैका कुरा खासै बाँझिनन् । त्यसपछि भेटघाट र फोनकल सामान्य हुन थाल्यो । आन्दोलनको मध्यअवस्था भएको हुँदा उनीहरूबीच आन्दोलनकै विषयमा पनि कुराकानी हुन्थ्यो । 'जब आन्दोलन सकियो अनि भेटघाट र फोनकल बाक्लिन थाल्यो ।' रामकुमारी सम्झन्छिन् 'यतिसम्म कि म प्रायः कुनै पनि ठाउँमा समयमा नपुग्ने मान्छे, पहिलो औपचारिक भेटमा म उहाँभन्दा पहिले पुगेछु ।' त्यसो भए गणतन्त्र आए सँगै तपाईंहरूको मायाप्रेम पनि विकसित भयो होइन ?

'मायाप्रेम भन्ने कि नभन्ने ?' रामकुमारी सोचमग्न भइन् । त्यही बेला पशुपतिले सामान्य कुरा चुहाउन खोजे, 'निरन्तर भेट हुँदै जाँदा अबचाहिँ विवाह गर्नुपर्छ भन्ने लाग्न थाल्यो । त्यत्तिकैमा रामकुमारीले पशुपतिलाई रोक्दै भनिन्, 'मेरो धेरै बोल्ने बानी छ ।' 'भेटघाटका लागि कुनै न कुनै प्रसंग हुन्थ्यो । भेटघाट गर्न मन लाग्थ्यो तर त्यहाँ कहिल्यै पनि मायाप्रेमका कुरा भएनन् ।'

अव्यक्त प्रेममा परेका यी दुईको प्रेमकहानी पनि गजबकै देखियो । राजनीतिक रूपमा सचेत एक नेतृ र नेपाल सरकारका अधिकृत स्तरका जिम्मेवार कर्मचारी एक-अर्कासँग भेटघाट गर्न बहाना खोज्थे, जब बहाना मिल्थ्यो अनि राजनीतिक, सामाजिक एवं राज्य संयन्त्रका विषयमा कुराकानी हुन्थे । 'व्यक्तिगत भन्दा पनि समसामयिक कुराकानी बढी हुन्थ्यो ।' पशुपति भन्छन्, 'उहाँ सार्वजनिक जीवनको मान्छे, त्यस्तो कुरा हुनुसामान्य थियो ।' यसलाई रामकुमारी यसरी प्रस्ट पार्न खोज्छिन्, 'मसँग कुराकानीभन्दा पनि आएका साथीभाइहरूसँग चिनजान र कुराकानी गर्दा नै छुट्टिने समय भैसक्थ्यो ।'

### अनि घण्टौंसम्म फोनमा

वन विभाग, बबरमहलमा कार्यरत पशुपति दोस्रो जनआन्दोलनपछि लेखनाथ नगरपालिका सरुवा भए । पोखरा गएपछि भने बल्ल दुवैले माया झाँगिएको महसुस गरे । कुनै दिन फोनमा कुराकानी नभए दुवैलाई के-के बिर्सिएजस्तो लाग्न थाल्यो । दिउँसो दुवै व्यस्त, अति आवश्यक परेका बेला मात्र कुरा हुन्थ्यो । 'उहाँसँग भेट हुनुअघि म १० बजेपछि नियमित रूपमा अध्ययन गर्थे ।' रामकुमारी भन्छिन्- 'फोन नियमित भएपछि पढाइ नै बिग्रियो ।' भनेपछि साँच्चै माया बसेछ ? प्रश्न भुइँमा खस्न नपाउँदै पशुपति भन्छन्, 'माया भएरै त होला नि ! यति धेरै सम्पर्क भएको ।' उनीहरूको माया यति गहिरियो कि राती दस बजे सुरु भएको कुराकानी घण्टौंघण्टासम्म चल्न थाल्यो । ५९ मिनेटमा गएर टुंगिने फोनका कल एकै रातमा धेरै पटक रिकल भए । 'कुरा गर्दै जाँदा एउटा टपिक्स सकिएपछि भोली बिहान यस्तो कार्यक्रम छ अब सुतौं भन्यो फेरि कहाँबाट अर्को टपिक्स आउँथ्यो, फेरि कुरा लम्बिन्थ्यो ।' रामकुमारी सम्झन्छिन्- 'एक रातमै धेरै पटक घण्टा-घण्टा बितेका छन् ।' राधाकृष्ण मैनालीको एक पुस्तकमा उल्लेख भएको वाक्यझैं लाग्छ रामकुमारीलाई - प्रेममा न विषय चाहिने न समय चाहिने, समय कति हुन्छ भन्ने पनि छैन, समय र विषयबिनाको छलफल असिमित हुन्छ ।

### अनि विवाहको योजना

०६२ अन्तिमदेखि २०६६ सालसम्मको झन्डै चार वर्ष पशुपति र रामकुमारीले कतिपटक भेटघाट गरे, कति घण्टा फोनमा वार्तालाप गरे होला ? दुवैले यो प्रश्नको जवाफ सम्झन सकेनन्, तर एउटा कुरा भने उनीहरू दुवै आत्मविश्वासका साथ भन्छन्, दुवैजना एक-अर्कालाई मन पराउँथे तर कहिल्यै मुख खोलेर एक अर्कालाई 'आई लभ यू' भनेनन् र 'आई वान्ट म्यारी विद यू' पनि भनेनन् । किन त ? 'माया कहिले बस्यो भन्ने ठ्याक्कै याद नै भएन ।' रामकुमारी भन्छिन्, 'विवाह गर्ने ६ महिना अघि मात्र पो याद भएछ, ए हाम्रो त अब विवाह पो हुँदैछ है भनेर ?'

त्यसो त पशुपतिले सुरु-सुरुमा उनीहरूबीच विवाह होला भन्ने सोचेकै थिएनन् । बिस्तारै कुरा गर्दै जाँदा विचार मिल्दै गयो । 'म पनि विवाह गर्ने उमेर पुगेको थिएँ, उहाँको पनि विवाह गर्ने बेला भएको थियो, साँच्चै भन्दा हाम्रो उमेर घर्किन लागेको थियो ।' पशुपति सम्झन्छन्, 'दुवै एक्ला-एक्लै भएपछि ल विवाह गरौं न त भनियो, त्योभन्दा अघि विवाह गर्ने भन्ने औपचारिक प्रस्ताव कहींबाट भएको थिएन ।'

यद्यपि रामकुमारीको मनमा भने पहिले नै हामी विवाह गर्छौं भन्ने थियो । कसरी गर्ने, कहिले गर्ने भनेर एक-अर्काले कुरा राख्नै परेन । अनि विवाह पछि के गर्ने कुनै प्लानिङ भएन, गरेनन् पनि । त्यसो भए त्यत्रो वर्षको संगतमा कुराचाहिँ के हुन्थे त ? प्रश्न तेस्याइयो । एकै सासमा उनले भनिन्, 'हामी अरूका बारेमा कुरा गर्थ्यौं, तर आफ्ना कुरा कहिल्यै गरेनौं, माया, प्रेम अनि विवाह गर्ने कुरा हाम्रो एजेन्डा नै बन्दैनथे ।'

अचम्म नै मान्नुपर्छ । यति शिक्षित र चेतनशील जोडी आफुले कुरा राखेर प्रेम र विवाहमा पुगेका होइन रहेछ । कुरा अन्तिम-अन्तिमतिर खुल्यो, जसले उनीहरूको पहिलो भेटघाट गराइदिएका थिए उनीहरूले नै दुवैलाई विवाह गर्न सल्लाह दिए । 'विवाह गर भनिसकेपछि गर्ने-नगर्ने हाम्रो मामिला भयो ।' पशुपतिले कुरा उप्काए, 'त्यो कुरा आइसकेपछि दुवैमा विवाह गर्ने भन्ने चाहिँ भएछ तर मुख खोलेर कहिल्यै भनिएनछ ।'

विवाहको मिति पनि भ्यालेन्टाइन डेलाई नै रोजेका थिए दुवैले, तर भाग्य भनौं वा दुर्भाग्य, फागुन २ गते परेको त्यो दिन नेपाली पञ्चांगअनुसार लगन नभएको दिन निस्कियो । त्यो दिन मात्र नभएर माघ कटेपछि एकै पटक असारमा मात्र लगन देखिएपछि उनीहरूले हतार-हतारमा माघ २९ गते विवाह गरे । विवाहका लागि यति हतार भयो कि रामकुमारीले आफूले सारी किन्न समेत नभ्याएर साथीले किनेर ल्याइदिएकी थिइन ।

### परिवार र राजनीति

परिवार र राजनीतिलाई फरक रूपमा ट्रिट गर्नुपर्ने रामकुमारीको बुझाइ छ । 'मैले सीमाभन्दा बाहिर गएर परिवारमा अधिकार खोज्न थाले भने त स्वभाविक रूपमा द्वन्द्व सुरु हुन्छ नि ।' उनी भन्छिन् 'परिवारभित्र त स्वीकार्यता हुनुपर्‍यो नि, त्यो कार्य भएपछि जुनसुकै कुरामा आबद्ध भए पनि केही फरक पर्दैन ।' रामकुमारीको यो कुरामा पशुपति पनि सहमति जनाउँछन्, 'हाम्रो परिवारमा मूल्य र मान्यता मात्र होइन, दैनिक गरिने क्रियाकलापको पनि एउटा नियम छ ।' पुरी भन्छन्, 'त्यो नियम नै हाम्रो परिवारिक सम्बन्धको सबैभन्दा मजबुत पाटो हो ।'

परिवार त सिस्टम बनाएर चलाइएको छ, तर व्यवसायिक जीवनका कुरालाई लिएर घरमा कत्तिको तनाव हुन्छ त ? यो पटक प्रश्न तेर्सियो पशुपतितर्फ । 'आ-आफ्ना समस्या एक-अर्कामा सेयर हुन्छ र त्यसलाई ट्याकल गर्न एक-अर्कालाई सुझाव दिने तथा छलफल गर्ने काम हुन्छ ।' पशुपति भन्छन्, ' कुनै पनि कुरालाई नकारात्मक रुपमा लिइँदैन, दुवै जना मिली समाधान खोज्छौं ।'

### सफल परिवार

रामकुमारी र पशुपति दुवैमा एउटा समानता छ, त्यो भनेको एक-अर्काप्रति ठूलो आशा र सपना नहुनु हो । यदि अरूमा ठूलो सपना देख्यो र भोलि पाइएन भने फ्रस्टेसन हुन्छ भन्नेमा दुवै विश्वस्त छन् । दुवैको सफलताको सुत्र भनेको आ-आफ्नो ठाउँमा अधिकतम प्रयास गर्ने र त्यसका लागि मेहनत गर्ने हो । त्यसैले त विवाह अघि र अहिले उनीहरूको सम्बन्ध उस्तै छ । अहिलेसम्म ठूलो विमति पनि सिर्जना भएको छैन । 'जब अविश्वास बढ्छ तब उतारचढाव आउने हो ।' रामकुमारी भन्छिन् 'हामी एक-अर्काको कुरा एकदमै बुझ्छौं, हामीले समाज बुझेका छौं र समाजले हामीलाई पनि बुझेको छ भने उतारचढाव आउनुपर्ने कुनै कारण हुँदैन ।'

थोरैमा सहज तरिकाले एड्जस्ट गर्न आफूहरूले सिकिसकेको पशुपति बताउँछन् । 'वास्तवमा भन्ने हो भने हाम्रो अलि फरक परिवार छ, हल्का पाराको छ, सिरियस कुरा पनि हुँदैन ।' पुरी भन्छन्, 'भविश्यमा के होला भन्ने चिन्ता पनि छैन, चलेकै छ, बसुन्जेल अप्ठ्यारो छैन' छोराको पनि त्यति ठूलो चिन्ता छैन, किनभने उनीहरूका छोरा हुर्किसके । पढाइ सुरु भैसक्यो अनि दुवै जनालाई यो पनि थाहा छ मानिस तनावमा त्यो बेलामा हुन्छ जब धेरै धन कमाउन, घर, गाडी जोड्न मन लाग्छ । जुन चाहना उनीहरूमा छैन किनभने कमाइ ठिकै छ, सामान्य नेपाली बराबरकै उठबस छ ।

विकेन्ड उत्सव

# कोकोबीचमा नताशा





भ्यालेन्टाइन डे को अवसरमा १४ फेब्रुअरीको दिन पोखराको खपौदीमा 'भ्यालेन्टाइन डे हर्ट एट्याक पार्टी' हुँदैछ । कोकोबीच पोखराको उक्त प्रस्तुतिमा युकेकी बेली डान्सर नताशा रोज मुख्य आकर्षण हुनेछिन् । नताशाले त्यहाँ बेली डान्सका साथै फायर डान्ससमेत गर्ने बताइएको छ । डिजे सेसन, बारटेन्डिङ सो, म्याजिक शो, लव गेम्स, ककटेल, विविक्यु, क्यान्डल तथा रोजले उक्त कार्यक्रममा रौनक थप्नेछन् ।


**स्थान :** कोकोबीच, खपौदी, कास्की
**समय :** मध्यान्ह १२ बजेदेखि मध्यरातसम्म
**प्रवेश शुल्क :** प्रति कपल २ हजार २ सय २२ रुपैयाँ ।

विकेन्ड डेस्टिनेशन

# जोडीका लागि उपयुक्त क्याफे, रेस्टुराँ


**गार्डेन अफ ड्रिम्स, त्रिदेवी सडक, ठमेल**

गार्डेन अफ ड्रिम्स अर्थात स्वप्न बगैंचाको सुन्दर परिवेशले कसलाई पो नलोभ्याउला र ? तत्कालीन नेपाली सेनाका फिल्ड मार्सल केशरशमशेर जबराले युरोप भ्रमणका बेला बेलायतका राजा किङ एडवार्ड सातौं को बगैंचा अवलोकन गरेर फर्किएपछि सन् १९२० मा नेपालमा पनि त्यस्तै बगैंचा निर्माण गराएका थिए । ऐतिहासिक तथा शास्त्रीय शैलीको यो बगैंचा वास्तुविद् किशोरनरसिंह राणाले डिजायन गरेका हुन् । यहाँ ६ वटा ऋतुका नामबाट तयार पारिएका सदनहरूका साथै युरोपेली शैलीका बरण्डा छन् । यो ठाउँ प्रेम जोडीका लागि मात्र नभई परिवारसहित घुम्न समेत उपयुक्त छ ।



**बुँइगल लाउन्ज, मैतीदेवी**

सहरमा शान्त, क्याफे, रेस्टुराँ पाउन मुस्किल हुन्छ । एकछिन समय बिताउँन रेस्टुराँको खोजी गर्दा भने जस्तो रेस्टुराँ फेला पार्न त्यति सहज छैन । मैतीदेवीमार्गस्थित बुँइगल लाउन्ज भने कोलाहलबीच शान्त छ । यहाँ पुग्ने जो कोहीलाई खोजेजस्तो रेस्टुराँ भेटिएको महसुस हुनेछ । एपिटाइज योर टेस्ट बड नारा बोकेको बुँइगलको मेनुमा इटालियन चप्सी, कन्टिनेन्टल सिजलर, चाइनिज सुप, इन्डियन बिरयानी आदि परिकार उपलब्ध छन् । २८ आना जग्गामा फैलिएको यो रेस्टुराँभित्र हल, लबी, लाउन्ज, कफी गार्डन आदि समेटिएका छन् ।



**अगेनो, धोबीघाट**

चिडियाखानाबाट अलि अगाडि मोडिएपछि पुगिन्छ, अगेनो- द हेस्टिया । ठूलो क्षेत्रफलमा फैलिएको अगेनोमा बुँइगल, बार्दली, रमझम, जम्काभेट, विश्राम कक्ष, बैठक कक्ष नामका कोठा तथा लबीहरू छन् । यहाँको शान्त र सुन्दर वातावरणले सबैलाई लोभ्याउँछ । अपांग एवं बालमैत्री अवधारणामा डिजाइन गरिएको अगेनोमा इन्डियन तथा कन्टिनेन्टल परिकार समेत उपलब्ध हुन्छन् । यहाँ नेपालीपनको झ-झल्को पाइन्छ ।

**कफी पसल, जावलाखेल**

एक पटकमा ५० जना अटाउँन सक्ने कफी पसल । गत मंसिरदेखि सञ्चालनमा आएको हो । यहाँ भ्यालेन्टाइन डेका लागि स्पेशल प्यान केक तयार गरिएको छ भने यो क्याफेलाई विशेष रूपमा सजाइएको छ । कफीका बिभिन्न २० प्रकारका भेराइटी उपलब्ध हुने कफी पसलमा सञ्चालक रमेश श्रेष्ठले साढे ९ वर्ष अस्ट्रेलिया बसेको अनुभव प्रयोग गरेका छन् । यो क्याफे जोडीहरूका लागी स्पेशल रहेको बताउँछन् उनी ।

**एलिस रेस्टुराँ, गैरीधारा**

गैरीधारास्थित शान इन्टरनेसनल कलेजको ठीकविपरीत स्थानमा छ- एलिस रेस्टुराँ । ठूलो क्षेत्रफलमा फैलिएको, शान्त क्षेत्र र बस्नका लागी आरामदायक एलिसमा मीठा परिकारहरूको स्वाद चाख्न पाइन्छ । यो जोडीहरूका लागि राम्रो रेस्टुराँ हो ।

**यी पनि**

इमिगो दि, नागपोखरी
क्याफे सोमा, झम्सिखेल
निर्भाना क्याफे एड रेस्टुराँ
द चिम्नी रेस्टुराँ, दरबारमार्ग,
निर्भाना क्याफे एण्ड रेस्टुराँ, विजेश्वरी
रेभुलेसन क्याफे एण्ड रेस्टुराँ, ठमेल

विकेन्ड लाइभ

# मन मगन भक्तपुर-२०७५



भोली शनिबार लोकप्रिय गायक दीपक बज्राचार्य बृहत् एकल गायन कार्यक्रममा प्रस्तुत हुने भएका छन् । रस लाइट मेडियाले 'मन मगन यात्रा' अन्तर्गत 'मन मगन भक्तपुर-२०७५' शीर्षकको एकल गायन कार्यक्रम आयोजित गर्न लागेको हो । भक्तपुरको सल्लाघारीस्थित खुलाचौरमा प्रस्तुत यो विशेष सांगीतिक कार्यक्रमले ' कला, संस्कृति र पर्यटन प्रवर्द्धनमा संगीत' भन्ने नारा बोकेको छ जसमा गायक दीपक बज्रँचार्यलाई उनको म्युजिकल ब्याण्ड रिदमले साथ दिनेछ । कार्यक्रममा बाल गायिका समीक्षा अधिकारी पनि विशेष आकँर्षणका रूपमा रहने छिन् भने फेसन शो कार्यक्रमको अर्को आकर्षण हो ।

**समय :** दिउँसो १२:३० बजे । **आयोजक :** रस मिडिया

विकेन्ड म्यूजिक




# आज डी-मोर्चा भोलि मंगोलियन हार्ट

भोलि माघ २६ गते शनिबार नेपाली पप ब्यान्ड मंगोलियन हार्ट पोखरामा प्रस्तुत हुने भएको छ । पोखरा प्रदर्शनी केन्द्र नयाँबजारमा आयोजित प्रथम ल्होछार महोत्सव-२०७५ मा शनिबार साँझ मेन भोकलिस्ट राजु लामासहित लोकगायक मिलन लामाको प्रस्तुतिसमेत समेटिनेछ । सोही स्थानमा आज शुक्रबार डी-मर्चा ब्यान्डले प्रस्तुति दिँदैछ भने भाइ गुरुङको प्रस्तुतिसमेत आजै हुनेछ । नेपाल तामाङ घेदुङ नालामुख एकाइ समिति कास्कीद्वारा आयोजित उक्त महोत्सवमा तामाङ संस्कृतिको प्रदर्शनी मुख्य आकर्षण हुनेछ ।

**स्थान :** पोखरा प्रदर्शनी केन्द्र नयाँबजार, पोखरा
**समय :** बिहान ११ बजेदेखि राति ८ बजेसम्म
**प्रवेश शुल्क :** दिउँसो ८० रुपैयाँ, साँझ २ सय रुपैयाँ

विकेन्ड राइड

# होन्डा नेपाल ड्रिम कप



द होन्डा नेपाल ड्रिम कपले नेपालमा पहिलो पटक मोटरसाइकल च्याम्पियनसिपको आयो जना गर्दैछ । यसको मुख्य उद्देश्य सडक दुर्घटना कम गर्न जनचेतना जगाउनु हो । यसमा राइडर्सहरूले कसरी सुरक्षित रूपमा बाइक चलाउने भन्ने ज्ञान बटुल्न सक्छन् । यो च्याम्पियनसिपका विजेताले होन्डा इन्डिया ड्रिम कपमा सहभागिता जनाउन पाउनेछन् । यो प्रतिस्पर्धा आज र भोलि गरेर २ दिन सञ्चालन हुनेछ ।

**स्थान :** स्याकार सेफ्टी राइडिङ ट्रेनिङ सेन्टर, ग्वार्को
**रजिस्ट्रेसन :** ३ हजार रुपैयाँ (व्यक्तिगत) तथा ५ हजार रुपैयाँ (सामुहिक)

संयोजक : नरेन्द्र रौले

चलचित्र समीक्षा

# असफल भए राम्रा प्रयासहरू

माघ १८ गते शुक्रबार एकसाथ तीनवटा नेपाली चलचित्र गोपी, रणवीर तथा सय कडा दश प्रदर्शनमा आए । मेकिङका हिसाबले तीनवटै चलचित्रलाई उत्कृष्ट मानियो, प्रचार-प्रसारमा पनि यी तीन चलचित्रबीच प्रतिस्पर्धा चल्यो भने माउथ पब्लिसिटी समेत प्रसस्त भयो । यद्यपि चलचित्रको सही मूल्यांकन सिनेमा हलमा हुन्छ । सिनेमा हलमा दर्शकको भीड जति बढी हुन्छ, त्यति नै उक्त चलचित्र सफल भएको मानिन्छ । यद्यपि यो साता प्रदर्शनमा आएका तीनवटै चलचित्रको व्यवसायिक पक्ष भने निराशाजनक छ । चलचित्र प्रदर्शन प्रारम्भ भएको तीन दिनपछि चलचित्र वितरक तथा जडिबुटीस्थित पुष्पाञ्जली सिनेमा हलका सञ्चालक गोपालकाजी कायस्थले फेसबुकमा एउटा स्टाटस लेखे- 'हलमा दर्शक नभएर झिँगा धपाउँदै । हलमा दर्शक आउन फागुन १७ नै कुर्नु पर्ने भो- जय क्याप्टेन ।' कायस्थको उक्त स्टाटस शुक्रबार प्रदर्शन भएका तीन चलचित्रप्रति लक्षित थियो । चलचित्र अभिनेता तथा निर्माता दीपकराज गिरीले पनि सिनेमा हलमा दर्शकको अभाव भएको आशयसहितको व्यंग्यात्मक स्टाटस लेखेका छन्- 'दर्शक हराएको सूचना...' । शुक्रबार प्रदर्शन भएका चलचित्र हेरेका दर्शकहरुको प्रतिक्रिया सकारात्मक नै छ भने समीक्षकहरुको मिश्रित । यद्यपि चलचित्रको व्यवसायिक पक्षले भने यी चलचित्रका लगानीकर्ताहरुको निद्रा गायब बनाएको छ ।

## गोपी



दीपेन्द्र लामाको निर्देशनमा तयार भएको चलचित्र गोपीले स्वरोजगारको कथा बोकेको छ । विदेश जाने र पैसा कमाउने परिवारको चर्को दबाबलाई एकातिर पन्छाएर स्वदेशमै केही गर्न सकिन्छ भन्ने सन्देश बोकेको यो चलचित्रले गाईपालनलाई मुख्य विषय बनाएको छ । मणिकर्ण केसीको निर्माणमा बनेको यो चलचित्रमा विपिन कार्की, वर्षा राउत तथा सुरक्षा पन्त मुख्य भूमिकामा छन् ।

**समीक्षक टिप्पणी**

गोपी रचनात्मक हिसाबले असफल देखिन्छ । यो चलचित्र मसाला चलचित्र अनुरूप सूत्रबद्ध छैन । दृश्यभाषामा 'गोपी' कमजोर लाग्छ । 'गोपी' को कमजोर पटकथाको धरातलमा हिँड्दा निर्देशक दीपेन्द्र लामा धर्मराएका छन् । धेरै दृश्यहरू समान प्रकृतिका र एउटै कोणबाट खिचिँदा पट्यार लाग्ने जोखिम बढी हुन्छ । कलाकारहरूको अभिनयमा खोट नभए पनि भूमिका बलियो नबन्दा पात्रहरू सशक्त हुन सकेका छैनन् । प्राविधिक रूपमा पनि फिल्म अब्बल बन्न सकेको छैन । कथा अघि बढाउन प्रयुक्त गीतले केही राहत भने दिएको छ । यो चलचित्र दर्शकलाई विषयसँग र पात्रको मनोभावनासँग एकाकार गराउनबाट चुकेको छ । यसमा निर्देशकको गृहकार्य फितलो देखिन्छ ।

**सुशील पौडेल, कान्तिपुर दैनिक**

गाईपालेर देशमै उद्यम गरेका युवालाई मुख्य भूमिकामा उभ्याइनु आफैंमा सुखद हो तर विषयले मात्र चलचित्रलाई विशेष बनाउँदैन । कसिलो संरचना र सिर्जनशील दृश्य नहुँदा चलचित्र फिक्का भैदिन्छ । गोपीको नियति यही हो । चलचित्रको पटकथामा अनेकौं अर्ग्यानिक तत्व भए पनि पर्दामा त्यसलाई सिलसिलेवर रुपमा बुन्न निर्देशक धेरै कोणबाट चुकेका छन् ।


**गोकर्ण गौतम, नेपाल साप्ताहिक**

निर्देशक दीपेन्द्र लामाले उत्कृष्ट विषय त उठाए तर उत्कृष्ट कथा भन्नबाट चाहिँ चुके, किनभने कथा सरल हुनु कमजोरी होइन तर आवश्यक पात्रहरूलाई सही प्रकारको गति नदिनु र अनावश्यक पात्रहरूलाई जोड दिनु नै चलचित्र गोपीको कमजोरी हो । चलचित्र हेर्दै जाँदा कतिपय पात्रको दृश्य आउँदा एकदम उराठ लागेर आउँछ । जुन विषयलाई लिएर चलचित्र बनाइएको हो त्यो नै पो बिर्सिएको हो कि जस्तो पनि लाग्छ ।

**गणेश भट्टराई, नयाँकुरो डटकम**

## सय कडा दश

रामशरण पाठकद्वारा निर्देशित चलचित्र सय कडा दशमार्फत



व्यंग्यकार मनोज गजुरेल पहिलो पटक चलचित्र कलाकारका रूपमा देखा परेका छन् । भ्रष्टाचार विरुद्ध प्रेम भन्ने नारा बोकेको यो चलचित्रमा गजुरेलसँगै राजाराम पौडेल, करुणा श्रेष्ठ, अमृत ढुंगाना, उत्तम न्यौपाने आदि कलाकारले अभिनय गरेका छन् ।

**समीक्षक टिप्पणी**

सय कडा दशलाई म सामाजिक अभियन्ता चलचित्र भन्न रुचाउँछु । चलचित्रमा मनोरञ्जनभन्दा सन्देश बढी छ । अख्तियार र सरकारले बोक्नु पर्ने सन्देश यो चलचित्रले बोकेको छ । सन्देश दिने हिसाबले चलचित्र राम्रो बनेको छ । भ्रष्टाचारीले यो चलचित्र हेर्‍यो भने भविष्यमा भ्रष्टाचार गर्नुअघि दश पटक सोच्न बाध्य हुन्छ । यद्यपि चलचित्रको मेकिङमा कमी-कमजोरी छ । खासगरी पात्र चयन तथा पटकथामा धेरै नै कमजोरी छ ।

**डब्बु क्षेत्री, राजधानी दैनिक**

यो वर्ष प्रदर्शन भएका अधिकांश चलचित्रको मुख्य समस्या भनेकै पटकथा हो । सय कडा दशमा पनि त्यही समस्या दोहोरिएको छ । चलचित्रको विषयवस्तु जति नै राम्रो भए पनि लेखन तथा प्रस्तुतीकरण राम्रो भएन भने त्यो कमजोर हुन्छ । यो चलचित्रको कथा अब्बल छ, तर संरचना कमजोर छ । चलचित्रको व्याकरणलाई पछ्याइएको छैन । यसको ग्रामरमै समस्या छ । यद्यपि सन्देशको दृष्टिकोणले जति जनाले चलचित्र हेर्नु भएको छ, सबैले राम्रो मान्नु भएको छ ।

**विष्णु शर्मा, मुभिमाण्डु डटकम**

समग्रमा चलचित्रको सन्देशबाहेक अन्य कुरा खासै प्रभावकारी लागेन । भ्रष्टाचारीलाई आत्मग्लानी गराउने कथा भए पनि प्रस्तुतीकरण राम्रो छैन । चलचित्रमा समावेश गरिएका कतिपय कुरा प्राक्टिकल लाग्दैनन् । यो चलचित्रले भ्रष्टाचार विरुद्ध जागरुक त गराउँछ तर प्रस्तुतीकरण नै फितलो छ । विषयवस्तु राम्रो भए पनि मेकिङ फितलो भएपछि कसको के लाग्छ र ?

**लक्ष्मण सुवेदी, नयाँ पत्रिका दैनिक**

## रणवीर

दक्षिण भारतीय चलचित्र निर्देशनको अनुभव संगालेका गोविन्द सिहं भण्डारीको निर्देशनमा तयार भएको चलचित्र रणवीरमा सुशील सिटौला, शुभेच्छा खड्का, सुपुष्पा भट्ट, प्रशान्त ताम्राकार, टिका पहारी, हरिहर अधिकारी, रवि गिरी, भोलाराज सापकोटा आदि कलाकारले अभिनय गरेका छन् । यो चलचित्र एक्सन लभ स्टोरी विधामा आधारित छ ।

**समीक्षक टिप्पणी**

चलचित्र रणवीरको मूल कथा अभिनेता सुशिल सिटौलाको वरिपरि घुमेको छ । एक्सनले भरिएको ट्रेलरमै सिटौलालाई अभिनेता प्रशान्त ताम्राकारसँग घम्साघम्सी गर्दा नसुहाएको थुप्रै प्रतिक्रिया आएका थिए । सुशीलकै कारण चलचित्र नचल्ने शंका पनि रिलिजपूर्व नगरिएको होइन् । यद्यपि चलचित्र हेरेपछि सुशीलको अभिनयले प्रशंसा पाएको छ । अग्लो कद र शारीरिक बलका प्रशान्तसँग उनको भिडन्तले दक्षिण भारतीय चलचित्रको झझल्को दिन्छ । बदला लिन उनले शारीरिक बनावटमा ल्याएको परिवर्तन पनि तारिफयोग्य छ ।

**मनिष अञ्जान, फिल्मीखबर डटकम**

सुकिलो मुकिलो मान्छे, हेर्दै खाई लाग्दो ज्यान, बदलाको भाव र गुण्डाले हिरोलाई आफ्नो अगाडि ल्याउन हिरोइनको प्रयोग




गरेको छ भने त्यो एक्सन चलचित्र नै हो । कुनै एक्सन फिल्म कथानक हुन्छ, कुनै भयानक । चलचित्र रणवीर कथानक त त्यति लाग्दैन, तर भयानक चाहिँ छ । त्यसैले रणवीर कथानक भन्दा पनि सिचुएसनल एक्सन फिल्म हो । चलचित्रले बलियो कथा बुन्न नसक्नु यसको कमजोर पक्ष सावित भएको छ । चलचित्रमा दक्षिण भारतीय चलचित्रको शैलीलाई मात्र आधार बनाइएको छैन, कथा पनि उतैबाट उतारिएको छ । त्यही कथा भित्रको तानाबाना नेपाली समाजमा प्रस्तुत गर्दा केही अपाच्य समेत देखिन्छ ।

**समीर बलामी, फिल्मीफण्डा डटकम**

एक्सन चलचित्रको संख्या कम भएका बेला रणबीरले त्यसको अभाव पूर्ति गरेको छ । दक्षिण भारतीय चलचित्रको अनुभवलाई निर्देशक भण्डारीले सकारात्मक रूपले प्रस्तुत गरेका छन् । चलचित्रको पृष्ठभूमि संगीत राम्रो छ । मेकिङमा कम्प्रमाइज गरिएको छैन । यद्यपि केही कमिकमजोरी नभएका होइनन् । पात्र छनोटमा ध्यान दिन सकिएको भए यो चलचित्र अझ उत्कृष्ट बन्न सक्ने थियो ।

**बैकुण्ठराज पराजुली, फिल्मीनेपाल डटकम**

## आजदेखि समर लभ

युवापुस्तामाझ चर्चित उपन्यास समर लभमा आधारित चलचित्र 'समर लभ' शुक्रबारदेखि नेपालभर प्रदर्शन हुँदैछ । युवापुस्ताको प्रेममाथि लेखिएको उपन्यासले पाठकमाझ निकै चर्चा कमाएको थियो । मुस्कान ढकालले त्यही लोकप्रिय उपन्यासमाथि बनेको चलचित्र 'समर लभ' निदेशन गरेका हुन् । चलचित्रमा आशिष पिया तथा रेवती क्षेत्रीको मुख्य भूमिका छ । उपन्यासका पात्रअनुसार चलचित्रमा अतीतको भूमिका आशिषले तथा सायाको भूमिका रेवतीले निर्वाह गरेका छन् । उपन्यासकी अर्की मुख्य पात्र सुस्मिताको भूमिकामा नम्रता सापकोटा देखिँदै छिन् । चलचित्रमा लेखकको भूमिका सुरजसिंह ठकुरीले निर्वाह गरेका छन् । यस्तै, अतीतका साथी किरण भण्डारीको भूमिकामा शिशिर भण्डारी छन् । आशिष र रेवतीको यो पहिलो चलचित्र हो । चलचित्रका पात्रमा दर्शकले आफैंलाई फेला पार्न सक्ने निर्देशक मुस्कान ढकाल बताउँछन् । चलचित्रका बारेमा निर्देशक ढकाल भन्छन्, 'समर लभ पुस्तकलाई पाठकहरूले जति माया दिनुभएको छ, जसले यसको भाव बुझ्नुभएको छ, सोहीअनुसार कथाको मर्म मर्न दिएको छैन, उपन्यास जति दमदार छ, चलचित्र अझ दमदार छ ।' समर लभ प्रेममा आधारित चलचित्र हो । यो चलचित्रको छायांकन कथामा उल्लेख भएका ठाउँहरूमै गएर गरिएको निर्माण पक्षले जनाएको छ । समर लभमा काठमाडौं, पोखरा, धनगढी, नर्वेको ओस्लो, सिंगापुर, मलेसिया आदि ठाउँ समेटिएका छन् । योचलचित्र निर्माणमा २ करोड ८० लाख रुपैयाँ खर्च भएको बताइएको छ । यो चलचित्रको छायांकन सञ्जय लामाले गरेका हुन् ।

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

## ह्याप्पी भ्यालेन्टाइन डे






अनमोल केसी
तथा
प्रियंका एमभी
Log on to :
facebook
www.facebook.com/kantipursaptahik
तस्बिर : महेश प्रधान
लोकेसन : रोयल ब्याङ्क्वेट, तीनकुने
संयोजन : कृष्ण भट्टराई




# आकर्षक महिला-पुरुष

जनक तिमिल्सिना/महेश तिमल्सिना

सर्वाधिक आकर्षक महिला-पुरुषको खोजी सजिलो काम होइन । आकर्षक महिला-पुरुष यस्तै हुन्छन् भनेर ठोकुवा गर्ने वस्तुवादी एवं वैज्ञानिक मापदण्ड पनि छैन । कसैलाई कसैको आँखा मन पर्छ त कसैलाई पर्फेक्ट फिगर । कोही क्याडबरी ओठप्रति आकर्षित भैरहेका हुन्छन् त कसैलाई चकलेटी अनुहारले तानिरहेको हुन्छ । कोही अनुहारको वनावट त कोही रंगमा मुग्ध भैरहेका हुन्छन् । कसैलाई बौद्धिक सुन्दरताले लोभ्याइरहेको हुन्छ । त्यसैले सर्वस्वीकार्य 'ड्रिम गर्ल' वा 'ड्रिम ब्वाई'को खोजी जटिल विषय हो ।

संसारभर फरक-फरक मापदण्डका आधारमा सर्वाधिक आकर्षक महिला-पुरुष खोजी गरिन्छ । त्यसमा सर्वेक्षण, जनमत, व्यवसायिक सफलता, प्रभाव, सामाजिक योगदान, बौद्धिकता, सुन्दरताजस्ता पक्षलाई आधार बनाइएको हुन्छ । आकर्षण महिला-पुरुष छनौटमा प्रायःजसो मिडियामा छाइरहने, सेलिब्रेटी तथा सामाजिक भूमिका देखिएका व्यक्तिहरू नै पर्छन् । विगत १० वर्षदेखि प्रणय दिवसको अवसर पारेर साप्ताहिकले विविध क्षेत्र एवं व्यवसायिक पृष्ठभूमिका प्रतिनिधि पात्रका मतका आधारमा नेपालका सर्वाधिक आकर्षक पुरुष-महिला खोज्ने जमर्को गरिरहेको छ ।

सर्वेक्षणका क्रममा सहभागीहरूलाई व्यक्तित्व, सुन्दरता, बौद्धिकता, काम एवं प्रभावलाई आधार बनाउन अनुरोध गरिएको थियो । ती प्रतिनिधिहरूले छनौट गरेको सूचीका आधारमा सबैभन्दा बढी मत पाउने १० जनालाई साप्ताहिकले सर्वाधिक आकर्षक महिला-पुरुषका रूपमा छनौट गरेको हो । हरेक वर्षझैं यस पटकको सर्वेक्षणमा पनि समाजमा सकारात्मक प्रभाव छाड्ने व्यक्ति, मिडियामा निरन्तर छाइरहने परिचित अनुहार, सार्वजनिक पदमा रहेका र आफ्नो प्रभावले समाजलाई तरंगित गर्ने अनि सेलिब्रेटी छवि भएकाहरूकै बोलवाला छ । केही नयाँ अनुहारले यो वर्षको आकर्षक १० मा पदार्पण गरेका छन् । गत वर्ष सर्वाधिक आकर्षण १० पुरुष-महिलामा स्थान बनाएका केही व्यक्तित्व भने बाहिरिएका छन् ।

मिस नेपाल वर्ल्ड श्रृंखला खतिवडा यस पटक सर्वाधिक आकर्षक महिलाको सूचीको पहिलो स्थानमा छिन् । उनको बौद्धिकता, सुन्दरता, निडरता तथा क्षमताको सबैले प्रशंसा गर्दै उनलाई सबैभन्दा बढी मत दिएका थिए । खासगरी मिस वर्ल्डमा श्रृंखलाले देखाएको आत्मविश्वासले उनलाई सर्वाधिक आकर्षक महिलाको सूचीको पहिलो स्थान पुर्‍यायो । उनी सर्वाधिक आकर्षक महिलाको सूचीमा पदार्पणमै पहिलो स्थानमा कब्जा गर्न सफल भइन् ।

०७४ को संस्करणमा तेस्रो नम्बरमा रहेकी अभिनेत्री प्रियंका कार्की यस पटक एक स्थान माथि उक्लँदै दोस्रो स्थानमा पुगेकी छिन् । दोस्रो स्थानका लागि उनको युवापुस्ताकी उदीयमान अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहसँग कडा प्रतिस्पर्धा भएको थियो । प्रियंका ०७२-०७३ गरी लगातार दुई संस्करणमा सर्वाधिक आकर्षण महिलाको सूचीको पहिलो स्थानमा थिइन् । जबरजस्त स्टारडम र आकर्षक जीउडालकी प्रियंकाको प्रभाव गत वर्षको तुलनामा यो वर्ष केही बढेको देखियो ।

ड्रिम गर्ल साम्राज्ञी राज्यलक्ष्मी शाह सर्वाधिक आकर्षक महिलाको सूचीको तेस्रो स्थानमा छिन् । ०७३ को संस्करणमा १० औं स्थानमा रहेकी शाह ०७४ मा ठूलो फड्को मार्दै दोस्रो नम्बरमा पुगेकी थिइन्, तर, यस पटक उनले त्यही स्थान ओगटिरहन सकिनन् ।

सम्मोहित तुल्याउन सक्ने सुन्दरता, सरलता र भद्र व्यक्तित्वका कारण 'सदाबहादर सुन्दरी'को छवि बनाएकी पूर्व युवराज्ञी हिमानी शाह यस पटक तीन स्थान तल झर्दै चौथो स्थानमा पुगिन् । गत वर्ष उनी सर्वाधिक आकर्षक महिलाको सूचीको पहिलो स्थानमा थिइन् । यस पटक पनि हिमानीको सामाजिक अग्रसरता र सुन्दरतालाई धेरैले रुचाए । उनी निरन्तर सर्वाधिक आकर्षक महिलाको उत्कृष्ट १० को सूचीमा अटाउँदै आएकी छिन् ।

ग्ल्यामरस लुक्सकी धनी मोडल तथा अभिनेत्री अदिती बुढाथोकी सर्वाधिक आकर्षक महिलाको सूचीको पाँचौं स्थानमा यथावत् छिन् । उनी ०७४ मा पहिलो पटक सर्वाधिक आकर्षक महिलाको सूचीमा पर्दा पनि पाँचौं स्थानमै थिइन् । उनलाई 'बोल्ड एन्ड ब्युटिफुल' अभिनेत्रीका रुपमा धेरैले मत दिएका छन् ।

अभिनेत्री नम्रता श्रेष्ठ आकर्षक महिलाको सूचीको छैटौं स्थानमा पर्न सफल भएकी छिन् । निरन्तर सर्वाधिक आकर्षण महिलाको उत्कृष्ट १० को सूचीमा पर्दै आएकी नम्रता गत वर्ष कडा प्रतिस्पर्धाबीच बाहिरिएकी थिइन् । यस पटक उनले पुनरागमन गरेकी छिन् । सुन्दरता एवं निडरतासँगै उनको अब्बल अभिनय क्षमताले मानिसहरूलाई आकर्षित गरिरहेको छ । ०७२ को संस्करणमा तेस्रो स्थानमा रहेकी नम्रता ०७३ मा पाँचौं स्थानमा पुगेकी थिइन ।

पूर्व मिस नेपाल तथा अभिनेत्री सृष्टि श्रेष्ठ सर्वाधिक आकर्षक महिलाको सूचीको सातौं स्थानमा छिन् । गत वर्षको तुलनामा उनले यस वर्ष आफ्नो प्रभाव वृद्धि गरेको पाइन्छ । गएको वर्ष उनी नवौं स्थानमा थिइन् । सृष्टि यस पटक दुई स्थान माथि उक्लिन सफल भइन ।

गायनसँगै कामुक जीउडाल एवं आकर्षक ठुम्काका कारण चर्चामा रहने गायिका गायिका इन्दिरा जोशी यस पटकको सर्वेक्षणको आठौं स्थानमा छिन् । गएको संस्करणमा उनी छैटौं स्थानमा थिइन् । २०६९ र २०७१ को संस्करणमा इन्दिरा सर्वाधिक आकर्षक महिलाको सूचीको पहिलो नम्बरमा थिइन् । २०७२ मा चौथो स्थानमा रहेकी जोशी २०७३ मा तेस्रो स्थानमा उक्लिएकी थिइन्, तर गएको संस्करणमा ३ स्थान तल झर्दै छैटौं स्थानमा पुगेकी इन्दिरा यस पटक दुई स्थान खस्कदैं आठौं नम्बरमा छिन् ।

गायिका मेलिना राई पहिलो पटक सर्वाधिक आकर्षक महिलाको सूचीमा अटाएकी छिन्। उनी ९ औं स्थानमा छिन्। गत वर्ष थोरै मतले बाहिरिएकी मेलिनाको जादुयी स्वर एवं शारीरिक सुन्दरतालाई धेरैले मन पराएका छन्।

मेलिनासँगै सर्वेक्षणबाट सर्वाधिक आकर्षक महिलामा नयाँ पुस्ताकी अभिनेत्री आँचल शर्माको उदय भएको छ। आँचल सर्वाधिक आकर्षण महिलाको सूचीको दसौं स्थानमा छिन्। नवौं र दशौं स्थानमा मेलिना र आँचलबीच कडा प्रतिस्पर्धा थियो। आँचलको सुन्दरताका लागि धेरैले दिल खोलेर भोट दिए।

'म्युजिक भिडियो क्वीन'का रुपमा समेत चर्चा कमाएकी अभिनेत्री केकी अधिकारी सर्वेक्षणमा राम्रो मत पाउन नसकेपछि बाहिरिइन्। ०७३ मा नवौं स्थानमा रहेकी अधिकारी गएको वर्ष ५ स्थान माथि उक्लँदै चौथो स्थानमा पुगेकी थिइन्। केकीको बौद्धिकता एवं अभिनय क्षमताको धेरैले प्रशंसा गरेपनि त्यो उत्कृष्ट १० भित्र अटाउन पर्याप्त भएन्।

गएको वर्ष सर्वाधिक आकर्षक महिलाको सातौं र आठौं स्थानमा रहेका क्रमसः अभिनेत्री दीपिका प्रसाईं एवं पूर्व नेपाल सुन्दरी निकिता चाण्डक पनि उत्कृष्ट १० को सूचीबाट बाहिरिए। 'बलिउड फ्लेवर'को 'बोल्ड लुक'का कारण फरक पहिचान स्थापित गरेकी दीपिकाको सुन्दरताका लागि धेरैले भोट दिएका थिए। विवेकशील पार्टीबाट काठमाडौंको नगरपालिकाको मेयरमा उम्मेदवार भएपछि चर्चामा आएकी रञ्जु दर्शना यसपटक यो सूचीमा छैनन्। गत वर्ष उनी १० औं स्थानमा थिइन्। उनीहरूको स्थान क्रमसः श्रृंखला खतिवडा, नम्रता श्रेष्ठ, मेलिना राई र आँचल शर्माले लिएका छन्।

अभिनेत्री स्वस्तिमा खड्का पनि झिनो मतले उत्कृष्ट १० को सूचीमा अटाउन सकिनन्। सिपोरा गुरुङ, एलिसा राई, त्रिशाला गुरुङ, सुरक्षा पन्त, आना शर्मा, वर्षा राउत, पूजा शर्मा, सारा सिर्पाली, तृष्णा गुरुङ, मनिता देवकोटा, शिल्पा मास्के तथा शुभेच्छा खड्का थोरै मतान्तरमा उत्कृष्ट १० को सूचीबाट बाहिरिए। रिमा विश्वकर्मा, श्वेता खडका, वर्षा शिवाकोटी, सविता कार्की, आस्था राउत आदिले उल्लेखनीय मत पाए पनि उत्कृष्ट १० को सूचीमा अटाउन सकेनन्। त्यसबाहेक, मिलन अमात्य र रिष्मा गुरुङलाई पनि केहीले उत्कृष्ट १० महिलाको सूचीमा राख्नुपर्ने भन्दै मत दिएका थिए।

सर्वाधिक आकर्षक पुरुषतर्फ गत वर्षको नतिजामा उलटफेर भएको छ। सर्वाधिक आकर्षक पुरुषको उत्कृष्ट १० को सूचीमा आधाजसो नयाँ अनुहारले स्थान बनाएका छन् भने आधा अघिल्लो संस्करणकै दोहोरिएका छन्, यद्यपि उनीहरूको पनि स्थान परिवर्तन भएको छ।

राष्ट्रिय क्रिकेट टिमका कप्तान पारस खड्का सर्वाधिक आकर्षक पुरुषको पहिलो स्थानमै यथावत छन्। गएको वर्ष पहिलो स्थानमा रहेका पारस २०६९, २०७०, २०७१ मा समेत पहिलो स्थानमै थिए। पारसको व्यक्तित्व एवं उनको नेतृत्वमा राष्ट्रिय क्रिकेट टिमले हासिल गरिरहेको सुखद् नतिजालाई यसको कारण मान्न सकिन्छ।

क्रिकेटर पारसलाई पछ्याउँदै अर्का युवा क्रिकेटर सन्दीप लामिछाने दोस्रो स्थानमा छन्। गत संस्करणमा पहिलो पटक सर्वाधिक आकर्षक पुरुषको सूचीमा सातौं स्थानमा परेका सन्दीप यो संस्करणमा ५ स्थान माथि उक्लदैं दोस्रोमा पुगेका हुन्। सन्दीपले पहिलो स्थानमा लागि पारससँग तीव्र प्रतिस्पर्धा गरेका थिए।

०७३ को सर्वेक्षणमा सर्वाधिक मत प्राप्त गरेर आकर्षक पुरुषको सूचीको पहिलो स्थानमा रहेका नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले यस पटक उत्कृष्ट १० मा पुनरागमन गरेका छन्। गत वर्ष उत्कृष्ट १० को सूचीबाट बाहिरिएका घिसिङ यस पटक तेस्रो स्थानमा छन्। उनको कुशल व्यवस्थापकीय क्षमतालाई धेरैले मनैदेखि प्रशंसा गरेर मत दिए।

अभिनेता अनमोल केसी सर्वाधिक आकर्षक पुरुषको सूचीको चौथो स्थानमा छन्। उनी गएको वर्ष ठूलो फड्को मार्दै ८ औं स्थानबाट दोस्रोमा उक्लिएका थिए। ०७२ को संस्करणमा पहिलो स्थानमा रहेका अनमोल चकलेटी लुक्स एवं स्टारडमको पर्याय मानिन्छ।

सर्वाधिक आकर्षक पुरुषको सूचीमा अभिनेता प्रदीप खड्काले शानदार पदार्पण गरेका छन्। युवा पुस्ताका लोकप्रिय अभिनेता प्रदीप पदार्पणमै पाँचौं स्थानमा छन्। प्रदीपसँगै हास्यकलाकार तथा अभिनेता सन्दीप क्षेत्रीको पदार्पण पनि उत्कृष्ट रह्यो। सन्दीप सूचीको छैटौं स्थानमा छन्।

०७३ मा सर्वाधिक आकर्षण पुरुषको छैटौं स्थानमा रहेका नायक सौगात मल्ल गत वर्ष सातौं स्थानमा थिए। थिएटरबाट चलचित्रमा आएका मल्ल यसपटक पनि त्यही स्थानमा छन्। ०७४ को संस्करणमा सर्वाधिक आकर्षक पुरुषको उत्कृष्ट १० को चौथो स्थानमा रहेका दयाहाङ राई यस पटक आठौं स्थानमा पुगेका छन्। अब्बल अभिनय क्षमताका धनी राईको प्रभाव घट्दै गएको देखिन्छ।

पहिलो पटक सर्वाधिक आकर्षक पुरुषको उत्कृष्ट-१० मा स्थान बनाउने क्रममा अभिनेता आशिरमान देसराज जोशी ९ औं तथा नाजिर हुसैन १० औ स्थानमा छन्। आशिरमान र नाजिरको सुन्दरताका साथै अभिनयलाई धेरैले मन पराएका छन्। पछिल्ला दुई संस्करणमा तेस्रो स्थानमा रहेका युवा नेता गगन थापा यस पटक बाहिरिएका छन्। गएको संस्करणमा पाँचौं स्थानमा रहेका युवा फुटबलर विमल घर्तीमगर पनि उत्कृष्ट-१० बाट बाहिरिएका छन्। विमल थोरै मतले मात्र पछि परेका हुन्।

गत वर्ष सूचीको आठौं, नवौं र दसौं स्थानमा रहन सफल पहिलो नेपाल आइडल बुद्ध लामा, भिजे रवि लामिछाने, अभिनेता पल शाह यस पटक बाहिरिएका छन्। गायक स्वप्न सुमन, भिजे सुरजसिंह ठकुरी, गायक नितेशजंग कुँवर, अभिनेता विपिन कार्की, गायक निशान भट्टराई, अभिनेता आयुष्मान देसराज जोशी तीव्र प्रतिस्पर्धाका बीच उत्कृष्ट दसमा छैनन्। क्रिकेटर सोमपाल कामी, अभिनेताहरू पुष्प खड्का, निखिल उप्रेती, निराजन प्रधान, सुशील श्रेष्ठ, सलिममान बानियाँ, क्रिकेटर दीपेन्द्रसिंह ऐरी, फुटबलर रोहित चन्द तथा नवयुग श्रेष्ठलाई पनि कतिपयले मत दिएका थिए। अभिनेताद्वय धीरज मगर र मनिष श्रेष्ठको नाम पनि सर्वेक्षणका क्रममा केही सहभागीले लिएका थिए।

## आकर्षक पुरुष छनौटकर्ता

झरना थापा (निर्देशक), ऋचा शर्मा (अभिनेत्री), रेनशा वान्तवा राई (निर्देशक/कोरियोग्राफर) माल्भिका सुब्बा (मिडिया पर्सन), सरस्वती प्रतीक्षा (साहित्यकार), निकिता आचार्य (व्यवयायी), आरोही शर्मा (अभिनेत्री), शिक्षा संग्रौला (मोडल), सुपुष्पा भट्ट (अभिनेत्री/मोडल), इष्टु कार्की (रंगकर्मी), अनिता दाहाल (चिकित्सक), रश्मी (मेकअप आर्टिष्ट), आश्ना अवस्थी (कोरियाग्राफर), खुश्बु राना (फेसन डिजाइनर), एलिसा श्रेष्ठ (फेसन डिजाइनर), मीना निरौला (गायिका), नन्दा अधिकारी (मेकअप आर्टिष्ट)।

## आकर्षक महिला छनौटकर्ता

अनिलकेशरी शाह (बैकर), डा. सुशील कोइराला (सौन्दर्यविद्/चिकित्सक), दिलीप रायमाझी (अभिनेता), दिवाकर भट्टराई (निर्देशक), सुविन भट्टराई (लेखक), कुमार कट्टेल (हास्य कलाकार), गम्भीर विष्ट (कोरियोग्राफर), प्रमोद अग्रहरि (अभिनेता), शान थापा (म्युजिक भिडियो निर्देशक/पब्लिसिटी डिजाइनर) एन्जिल मास्के (फोटोग्राफर), सुवास खकुरेल (क्रिकेटर), साहिल खान (भिडियो एडिटर), भरत रेग्मी (भिडियो एडिटर), लक्ष्मी ठाकुर (हेयर ड्रेसर), सुशील नेपाल (भिजे), टेकेन्द्र शाह (भिडियो एडिटर), रोशन प्रसाईं (विज्ञापन व्यवसायी)।

### विगतका केही आकर्षक महिला

**२०७४ का आकर्षक १० (क्रमअनुरूप)**

हिमानी शाह, साम्राज्ञी राज्यलक्ष्मी शाह, प्रियंका कार्की, केकी अधिकारी, अदिती बुढाथोकी, इन्दिरा जोशी, दीपिका प्रसाई, नीकिता चाण्डक, सृष्टि श्रेष्ठ तथा रन्जु दर्शना।

**२०७३ का आकर्षक १० (क्रमअनुरुप)**

प्रियंका कार्की, हिमानी शाह, इन्दिरा जोशी, सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ, दीपाश्री निरौला, गौरिका सिंह, सिपोरा गुरुङ, केकी अधिकारी तथा साम्राज्ञी राज्यलक्ष्मी शाह।

### विगतका केही आकर्षक पुरुष

**२०७४ आकर्षक १० (क्रमअनुसार)**

पारस खड्का, अनमोल केसी, गगन थापा, दयाहाङ राई, विमल घर्तीमगर, सौगात मल्ल, सन्दीप लामिछाने, बुद्ध लामा, रवि लामिछाने तथा पल शाह।

**२०७३ आकर्षक १० (क्रमअनुसार)**

कुलमान घिसिङ, दयाहाङ राई, गगन थापा, पारस खड्का, दीपकराज गिरी, सौगात मल्ल, विमल घर्तीमगर, अनमोल केसी, सर्वेन्द्र खनाल तथा आयुष्मान देशराज।

# कसले के भने ?

युवा लेखक सुबिन भट्टराईले मिस नेपाल वर्ल्ड श्रृंखला खतिवडालाई सर्वाधिक आकर्षक महिलाको सूचीको पहिलो नम्बरमा राखे। उनले मीठो मुस्कान, नरम आवाज र सरल व्यक्तित्वकी धनी श्रृंखला सुन्दरताको परिचायक बन्न पुगेकी उल्लेख गरे। भट्टराईको रोजाइमा आँचल शर्मा, साम्राज्ञी राज्यलक्ष्मी शाहदेखि स्वस्तिमा खड्का र नम्रता सापकोटा आदि परे। विज्ञापन व्यवसायी रोशन प्रसाईं तथा भिडियो एडिटर भरत रेग्मीले पनि श्रृंखलालाई पहिलो नम्बरमै भोट गरे।

निर्देशक दिवाकर भट्टराईले सर्वाधिक आकर्षक महिलाको पहिलो नम्बरमा श्रृंखला खतिवडाको पक्षमा मत दिए। उनले अभिनेत्री दीपिका प्रसाई, साम्राज्ञी राज्यलक्ष्मी शाह, प्रियंका कार्की, अदिती बुढाथोकी, हिमानी शाह आदिलाई भोट गरेका छन्।

चर्चित अभिनेता दिलीप रायमाझीले श्रृंखलालाई आन्तरिक र बाह्य सुन्दरताका लागि पहिलो नम्बरमा भोट दिए। उनको रोजाइमा अभिनेत्री प्रियंका कार्कीदेखि गायिका मेलिना राईसम्म छन्। बैंकर अनिलकेशरी शाहको रोजाइमा साम्राज्ञी राज्य लक्ष्मी शाह पहिलो स्थानमा छिन्। त्यसपछि उनले मिस नेपाल युनिभर्स मनिता देवकोटा, श्रृंखला खतिवडा, नम्रता श्रेष्ठ, केकी अधिकारी आदिलाई भोट गरेका छन्।

सौन्दर्यविद् तथा चिकित्सक डा. सुशील कोइरालाले हिमानीलाई घर्कंदो उमेरमा पनि 'सेक्सी र ब्युटिफुल' भन्दै उनको सुन्दरताको प्रशंसा गरेका छन्। डा. कोइरालाले मिस नेपाल वर्ल्ड श्रृंखला खतिवडादेखि इन्दिरा जोशीसम्मको नाम राखे।

म्युजिक भिडियो निर्देशक तथा पब्लिसिटी डिजाइनर शान थापाले सुन्दरता, देशभक्ति, सामाजिक सोच एवं सरलपनका लागि हिमानी शाह अनि सुन्दर तथा आत्मविश्वासी भएकीले श्रृंखला खतिवडालाई छनौट गरे। अर्का म्युजिक भिडियो निर्देशक गम्भीर विष्टले प्रियंकालाई भोट दिए। उनले वर्षा राउत, हिमानी शाह, केकी अधिकारी आदिको पक्षमा पनि मत जाहेर गरेका छन्।

क्रिकेटर सुवास खकुरेलको छनौटमा मनिता पहिलो नम्बरमा परिन्। उनले साम्राज्ञीदेखि श्रृंखलासम्मलाई भोट गरे। चर्चित भिडियो एडिटर साहिल खानले साम्राज्ञीको सुन्दरताको प्रशंसा गर्दै पहिलो नम्बरमा भोट दिए। फोटोग्राफर एन्जिल मास्केको रोजाइमा पनि साम्राज्ञी पहिलो नम्बरमा थिइन्। भिजे सुशील नेपालले पहिलो नम्बरमा प्रियंका कार्कीको नाम लिए भने दोस्रोमा श्रृंखलालाई रोजे। उनले अदिती बुढाथोकी, मेलिना राई, साम्राज्ञी आदिलाई पनि भोट दिएका छन्।

अभिनेत्री ऋचा शर्माले पारस खड्काको स्पोर्टम्यानसिप र आकर्षक लुकको प्रशंसा गर्दै पहिलो नम्बरमा मत दिइन्। कोरियाग्राफर आश्ना अवस्थीले पनि नेपाली क्रिकेटलाई अगाडि लान पारसको भूमिका उत्कृष्ट भएको भन्दै पहिलो नम्बरमै भोटिङ गरेकी छिन्। निर्देशक तथा अभिनेत्री झरना थापाको पहिलो रोजाइमा क्युट लुकका अनमोल केसी छन्।

अभिनेत्री माल्भिका सुब्बाले युवा स्टार अनमोल केसीलाई भोट दिएकी छिन्। त्यसैगरी उनले क्रिकेटर पारस खड्कादेखि अभिनेता प्रदीप खड्का आदिलाई समेत मत दिएकी छिन्। कोरियोग्राफर तथा मेकअप आर्टिष्ट रश्मिको रोजाइमा सन्दीप लामिछाने, अनमोल केसी, आशिरमान देशराज, पारस खड्का, प्रदीप खडका, कुलमान घिसिङदेखि युवा गायक स्वप्न सुमनसम्म छन्।

मेकअप आर्टिष्ट नन्दा अधिकारीले लोडसेडिङ अन्त्य गर्न मुख्य भूमिका खेलेको उदाहरणीय ब्यक्तित्व भन्दै कुलमान घिसिङलाई पहिलो नम्बरमा राखिन्। अभिनेत्री आरोही शर्माले सन्दीप लामिछानेलाई पहिलो रोजाइमा राखेकी छिन् भने मोडल शिक्षा संग्रौलाको रोजाइमा अनमोल पहिलो स्थानमा छन्। चिकित्सक अनिता दाहालले कुलमान घिसिङ, सन्दीप लामिछाने, पारस खड्का आदिको भूमिकाको प्रसंशा गर्दै मत दिएकी छिन्, अभिनेत्री तथा मोडल सुपुष्पा भट्टको रोजाइ पनि सन्तुलित किसिमको छ।

गायिका मीना निरौलाले आकर्षण पुरुष छनौटमा ह्युमरस व्यक्तित्व भन्दै सन्दीप क्षेत्रीको नाम लिइन्। उनले आकर्षक व्यक्तित्व र राम्रो क्रिकेटर भएका कारण पारसका पक्षमा पनि मत जाहेर गरिन्। युवा व्यवसायी निकिता आचार्यले क्रिकेटमार्फत संसारभर नेपालको ख्याति बढाएकोमा सन्दीपलाई पहिलो स्थानमा राखिन्। उनले युवा गायकद्वय नितेशजंग कुँवर र निशान भट्टराईको स्वरको प्रसंशा गरिन्।

कोरियाग्राफर तथा निर्देशक रेनशा वान्तवा राईलाई कुलमान घिसिङको व्यवस्थापकीय गुणले तान्यो। त्यसैगरी, उनले पारस खड्का, विपिन कार्की आदिलाई आकर्षक पुरुषका रूपमा भोट गरिन्। फेसन डिजाइनर एलिसा श्रेष्ठको रोजाइमा पनि कुलमान पहिलो स्थानमा थिए भने फेसन डिजाइनर खुश्बु रानाले सौगात मल्ललाई भर्सटाइल अभिनेताका रूपमा पहिलो स्थानमा राखिन्। यस्तै, रंगकर्मी इष्टु कार्कीले ठूलो युवा प्रतिभा भन्दै पहिलो भोट सन्दीपलाई दिएकी छिन्।

चर्चित युवा लेखक सरस्वती प्रतीक्षाले पहिलो रोजाइमा कुलमान घिसिङलाई राखिन्। 'घिसिङ उज्यालो नेपालको परिकल्पना साकार तुल्याउने प्रतिभा हुन्,' दोस्रो स्थानमा पारसलाई राख्दै उनले भनेकी छिन्, 'पारसले सुस्ताएको नेपाली खेल जगत्मा पुनर्जागरण ल्याउँदै नेपाली क्रिकेटलाई विश्वस्तरमा स्थापित गराउने अहम् कार्यको नेतृत्व उनले गरेका छन्।'



# आकर्षक पुरुष

### १. पारस खड्का

झन्डै एक दशकदेखि नेपाली राष्ट्रिय क्रिकेट टिमको नेतृत्व गरिरहेका छन्- पारस खड्का। उनकै नेतृत्वमा नेपाली क्रिकेटले एकपछि अर्को सुखद् नतिजा हासिल गरिरहेको छ। ६ फिट १ इन्च अग्ला पारसको आकर्षक व्यक्तित्वले धेरैलाई मोहित तुल्याउँछ। ३१ वर्षीय अलराउन्डर पारस राइट ह्यान्ड ब्याट चलाउँछन् भने उनी राइट ह्यान्ड मिडियम फास्ट बलर हुन्।

### २. सन्दीप लामिछाने

पछिल्ला चार वर्षमा युवा क्रिकेट सेन्सेसनका रूपमा सन्दीप लामिछानेको उदय पनि गज्जब कै छ। सन्दीपले 'नाम र दाम' दुवै कमाउँदै राष्ट्रिय रूपमा मात्र होइन, अन्तर्राष्ट्रिय रूपमै तहल्का मच्चाइरहेका छन्। आर्थिक हिसाबले विश्वको सबैभन्दा ठूलो क्रिकेट लिग इण्डियन प्रिमियर लिग (आइपिएल)देखि बिग बाससम्मका ठूला र प्रतिष्ठित प्रतियोगितामा उनको उपस्थिति त्यसको प्रमाण हो। चितवनका १८ वर्षीय सन्दीप सन् २०१६ देखि राष्ट्रिय टिममा सहभागी छन्।

### ३. कुलमान घिसिङ

लोडसेडिङ हटाएर कुशल व्यवस्थापकमा दरिएपछि कुलमान घिसिङ धेरैका प्रिय भएका हुन्। विद्युत् प्राधिकरणको प्रबन्ध निर्देशक नियुक्त भएपछि घिसिङले आफ्नो व्यवस्थापकीय कुशलता दर्साउँदै इच्छाशक्ति र क्षमता भए असम्भव केही छैन भन्ने उदाहरण प्रस्तुत गरे। प्राधिकरणमा सुधारका काम गरेर त्यसलाई नाफामा पुऱ्याए। रामेछापको बेथानमा जन्मिएका घिसिङले पुल्चोक क्याम्पसबाट पावर सिस्टम इन्जिनियरिङमा मास्टर्स तथा पोखरा विश्वविद्यालयबाट ईएमबीए गरेका छन्।

### ४. अनमोल केसी

चकलेटी लुक्सका अभिनेता अनमोल केसीलाई अहिले नेपाली चलचित्रका सबैभन्दा महँगा स्टार मानिन्छ। युवापुस्ताका अभिनेताहरूमा उनको स्टारडम सबैभन्दा शक्तिशाली छ। अनमोलको नामैले फिल्म हिट हुन्छन्। रोमान्टिक अभिनेता भुवन केसीका २४ वर्षीय छोरा अनमोल जता गए पनि प्रशंसकहरूबाट घेरिन्छन्।

### ५. प्रदीप खड्का

प्रदीप खड्का नेपाली सिने उद्योगका चर्चित स्टार हुन्। ललितपुरको कुसुन्तीमा जन्मिएका खड्काले मार्केटिङमा स्नातकोत्तर गरेका छन्। छोटो अवधिमै ठूलो स्टारडम निर्माण गर्न सफल प्रदीप अहिलेका महँगा अभिनेतामा गनिन्छन्। लियोनार्दो डि कार्पियोलाई आर्दश मान्ने २९ वर्षीय प्रदीपले एक समय नेपाल टेलिभिजनमा 'भुराभुरीको हल्लाखल्ला' शीर्षकको कार्यक्रम समेत चलाएका थिए। प्रदीप अभिनेतासँगै मोडल तथा निर्माता पनि हुन्।

### ६. सन्दीप क्षेत्री

सन्दीप क्षेत्री वीरगन्ज, छपकैयाबाट सिनेमाको हिरो बन्न भनेर काठमाडौं आएका थिए। उनले त्यसका लागि अभिनयको तालिम लिए अनि थिएटरमा काम गरे तर, आफ्नो ह्युमरस क्यारेक्टरका कारण उनले पछि नेसनल टेलिभिजनमा 'विकेन्ड शो' तथा 'द फलप शो' कार्यक्रम चलाए। जब कान्तिपुर टेलिभिजनबाट 'ह्वाट द फलप' को प्रसारण प्रारम्भ भयो, त्यसपछि क्षेत्रीले पछाडि फर्केर हेर्नुपरेको छैन। ३४ वर्षीय सन्दीप अहिले चलचित्र, स्टेज तथा टेलिभिजन सबैतिर छाइरहेका छन्। ५ फिट १० इन्च अग्ला सन्दीपले म्यानेजमेण्टमा स्नातकोत्तर गरेका छन् भने उनी विज्ञापन, चलचित्र आदिमा काम गर्नुका साथै प्राध्यापनसमेत गर्छन्।

### ७. सौगात मल्ल

भर्सटाइल अभिनेताका रूपमा सौगात मल्लको बेग्लै पहिचान छ। ब्लकबस्टर 'लुट'मा हाकु कालेको भूमिकामा दमदार अभिनय गरेपछि प्रसिद्धि कमाएका मल्ल थिएटर हुँदै चलचित्रमा आएका हुन्। नवपरासीका सौगात स्टाइलभन्दा बढी अभिनयमा विश्वास गर्ने अभिनेता हुन्। मल्लको आकर्षक व्यक्तित्व एवं अभिनय क्षमतालाई धेरैले रुचाएका छन्।

### ८. दयाहाङ राई

भोजपुरमा जन्मिएका दयाहाङ राई भिन्न अभिनय क्षमताका कारण लोकप्रिय छन्। ५ फिट ७ इन्च अग्ला राईले सन् २००६ मा 'अनागरिक'बाट चलचित्रमा डेब्यु गरेका थिए। चलचित्र 'लुट'को गोफ्लेको भूमिकामा उनलाई धेरैले मन पराए। अभिनयसँगै निर्देशन एवं लेखनमा समेत सक्रिय दया थिएटर हुँदै चलचित्रमा आएका हुन्।

### ९. आशिरमान देशराज जोशी

अभिनेता आशिरमान देशराज जोशीको चर्चा चलचित्र 'ग्याङ स्टार ब्लुज'बाट भएको हो। ६ फिट ३ इन्च अग्ला आशिरमान युवतीहरूमाझ निकै लोकप्रिय छन्। बैंकर रविना देशराजका छोरा आशिरमानको अभिनय क्षमताको प्रसस्त प्रशंशा हुने गरेको छ। उनी अभिनेतासँगै मोडल तथा भिजे समेत हुन्।

### १०. नाजिर हुसेन

बारा स्याउलीचोकका नाजिर हुसेन 'पुन्टे परेड'बाट नेपाली चलचित्रमा भित्रिएका हुन्। थिएटर हुँदै सिने नगरीमा आएका हुसेनको अभिनय क्षमता अब्बल छ नै उनी शारीरिक रूपमा समेत उत्तिकै आकर्षक छन्। आधा दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरिसकेका नाजिरले झन्डै २ दर्जनजति नाटकमा अभिनय गरेका छन्। स्नातक तहमा अध्ययनरत २७ वर्षीय हुसेन ५ फिट १० इन्च अग्ला छन्।

# आकर्षक महिला



## १. श्रृंखला खतिवडा

आर्किटेक्ट इन्जिनियरिडमा स्नातक हेटौंडाकी श्रृंखला खतिवडा मिस नेपाल वर्ल्ड-२०१८ उपाधि जितेदेखि नै चर्चामा छिन् । उनी सौन्दर्यको सबैभन्दा ठूलो प्रतिस्पर्धा मिस वर्ल्डमा एसिया एवं ओसियाना क्षेत्रबाट टप १२ मा मात्र पुगिनन्, 'ब्युटी विद पर्पस' तथा 'मल्टीमिडिया' एवार्ड समेत हात पार्न सफल भइन् । वामपन्थी पारिवारिक पृष्ठभूमिबाट सौन्दर्य प्रतियोगितामा उनको आगमन फरक घटना थियो । ५ फिट ६ इन्च अग्ली २३ वर्षीया श्रृंखलाको सौन्दर्य, बौद्धिकता तथा आकर्षक छविले धेरैलाई मोहित तुल्याउने गरेको छ ।

## २. प्रियंका कार्की

जबरजस्त स्टारडम र आकर्षण लुक्स प्रियंका कार्कीका खास आकर्षण हुन् । सन् २००५ मा मिस टिनको उपाधि जितेपछि चर्चामा आएकी प्रियंकाको छवि 'भर्सटाइल' छ । 'मेरो 'ब्रेस्ट फ्रेन्ड'मार्फत चलचित्र उद्योगमा भित्रिएकी प्रियंका अहिलेकी सर्वाधिक व्यस्त अभिनेत्री हुन् । युनिभर्सिटी अफ नर्थ एलाबा (अमेरिका)बाट फिल्म मेकिडमा स्नातक गरेकी प्रियंका भिजे, कार्यक्रम प्रस्तोता, प्रोड्युसर, कोरियोग्राफर, गायिका, मोडल तथा डान्सर पनि हुन् ।

## ३. साम्राज्ञी राज्यलक्ष्मी शाह

चार वर्षमै जबरजस्त स्डारडम हासिल गर्ने अभिनेत्री हुन्- साम्राज्ञी राज्यलक्ष्मी शाह । उनले सन् २०१६ मा चलचित्र 'ड्रिम्स'बाट डेब्यु गरेकी थिइन् । डेब्यु चलचित्रबाटै उनको सुन्दरता र उम्दा अभिनयको चर्चा सुरु भयो । २२ वर्षीया साम्राज्ञी वीरगन्जमा जन्मिएकी हुन् । आफ्नो सेक्सी फिगर, आकर्षक लुक्स, आम युवतीभन्दा पृथक र सौम्य उपस्थितिका कारण उनी युवाहरूमाझ ड्रिम गर्लको छवि बनाउन सफल छिन् ।

## ४. हिमानी शाह

घर्कदो उमेरमा अद्वितीय सुन्दरता र मोहनी लगाउने मादक मुस्कानले पूर्व युवराज्ञी हिमानी शाहलाई अझ खास बनाएको छ । अग्लो सिलित्त परेको जीउडाल, गोरो लाम्चो अनुहार तथा त्यसमै विशेष गरी बुनिएको बब शैलीको केस विन्यासमा उनी परीझैं देखिन्छिन् । प्रायः सारी, चोलोमा सार्वजनिक हुने शाहको 'हृदयस्पर्शी मुस्कान'का प्रशंसक लाखौं छन् । काठमाडौंमा जन्मिएर यतै हुर्किएकी 'सदाबहार सुन्दरी' हिमानीको शालिनता एवं नम्र व्यवहारले सबैलाई मोहित तुल्याउँछ । उनी अहिले हिमानी ट्रष्टमार्फत समाजसेवामा सक्रिय छिन् ।

## ५. अदिती बुढाथोकी

अदिती बुढाथोकीको 'ग्ल्यामरस लुक्स'को पर्याप्त चर्चा हुन्छ । 'बोल्ड एन्ड ब्युटिफुल' देखिनु उनको मुख्य विशेषता हो । मुम्बईमा बसेर बलिउड तथा दक्षिण भारतीय चलचित्रमा अवसरको खोजी गरिरहेकी यी २६ वर्षीया सुन्दरीले केही हिन्दी गीतका म्युजिक भिडियोमा समेत अभिनय गरेकी छिन् । झापा, दमक पुर्ख्यौली घर भएकी अदिती ५ फिट ५ इन्च अग्ली छिन् । फेसन डिजाइनर आमाकी छोरी भएकाले पनि होला अदितीमा गजबको फेसन सेन्स छ । फिट रहन जिम तथा योग गर्ने अदिती भेजिटेरियन हुन् । सामाजिक सञ्जालमा पनि उत्तिकै लोकप्रिय अदितीले 'कृ' बाट चलचित्र उद्योगमा डेब्यु गरेकी थिइन् ।

## ६. नम्रता श्रेष्ठ

क्युट लुक तथा अब्बल अभिनय क्षमता नम्रता श्रेष्ठका मुख्य विशेषता हुन् । थिएटर तथा म्युजिक भिडियो हुँदै सुपरहिट चलचित्र 'सानो संसार'मार्फत रजतपटमा आएकी नम्रताको आन्तरिक सौन्दर्य पनि प्रभावशाली छ । चलचित्रमा प्रायः लभरगर्लका रूपमा प्रस्तुत हुने नम्रता धेरै आधुनिक युवाहरूकी ड्रिम गर्ल हुन् । उम्दा अभिनय क्षमताकी नम्रताले प्रतिष्ठित राष्ट्रिय चलचित्र पुरस्कारसमेत हात पारिसकेकी छिन् ।

## ७. सृष्टि श्रेष्ठ

आकर्षक शारीरिक बनावटकी सृष्टि श्रेष्ठले 'गाजल' बाट नेपाली चलचित्रमा डेब्यु गरेकी हुन् । श्रेष्ठ चितवनमा जन्मिएकी हुन् । सन् २०१२ की नेपाल सुन्दरी सृष्टि बलिउड अनप्लगड म्युजिक भिडियो 'कभी जो बादल बरसे...' गीतमा अभिनय गरेपछि थप चर्चामा आएकी थिइन । सेक्सी फिगर तथा ओठको विशेष आकर्षणका कारण यी २९ वर्षीया सुन्दरी धेरैको रोजाइमा पर्छिन् ।

## ८. इन्दिरा जोशी

इन्दिरा जोशी पप गायनमा सर्वाधिक रुचाइएको नाम हो । स्टेजमा प्रस्तुत हुने आकर्षक शैलीका कारण 'स्टेज क्वीन'को उपाधि पाएकी जोशी गायन रियालिटी शो नेपाल आइडलकी निर्णायक पनि हुन् । आकर्षण जीउडालकी धनी नवलपरासीकी इन्दिरा पप, आधुनिक मात्र होइन, चलचित्रको पार्श्व गायनमा समेत उत्तिकै सफल मानिन्छन् । ५ फिट ७ इन्च अग्ली जोशी गायन रियालिटी शो 'नेपाली तारा' मार्फत गायन संसारमा भित्रिएकी हुन् ।

## ९. मेलिना राई

'मेलोडियस स्टार' मेलिना राईले आधुनिक तथा पार्श्व गायनमा अलग पहिचान बनाएकी छिन् । मोरङमा जन्मिएकी २६ वर्षीया मेलिना संगीतकार पिताकी पुत्री हुन् । ११ वर्षको उमेरमा पहिलो गीत रेकर्ड गराएकी मेलिनाले अहिलेसम्म १२ सयभन्दा बढी गीतमा आफ्नो स्वर दिइसकेकी छिन् । उनका दर्जनौं गीत सुपर-डुपर हिट छन् । 'नोभेम्बर रेन'बाट चलचित्रमा पार्श्व गायन थालेकी ५ फिट अग्ली मेलिना शारीरिक रूपमा पनि उतिकै सुन्दर छिन् । अंग्रेजीमा स्नातक यी सुन्दर गायिका लाखौंको मनमस्तिष्कमा राज गर्न सफल छिन् ।

## १०. आँचल शर्मा

गोरो अनुहार तथा आकर्षक जिउडालकी आँचल शर्मा पछिल्लो पुस्ताकी चर्चित अभिनेत्री हुन् । सन् २०१६ मा 'नाइ न भन्नु ल-४' बाट सिने नगरीमा डेब्यु गरेकी आँचल सन् २०१५ की मिस प्लस टु पनि हुन् । शर्माले अहिलेसम्म ५ वटा चलचित्रमा अभिनय गरिसकेकी छिन् । काठमाडौं चावहिलकी २१ वर्षीया आँचल ५ फिट ५ इन्च अग्ली छिन् । खानपिनकी सौखिन आँचलले सोसल वर्कमा स्नातक गरेकी हुन् ।



तस्बिर: महेश प्रधान

# प्रेमका अनेक पाटा

भनिन्छ- माया वा प्रेम बिना संसार चल्दैन। त्यही भएर होला यही शब्दको सबैभन्दा बढी चर्चा हुन्छ। यसको ठोस परिभाषा र तथ्य भने अहिलेसम्म आएको छैन, तथापि विश्वमा यो विषयमा अनेकौं अध्ययन भएका छन्। प्रेमलाई शारीरिक तथा मानसिक दुवै कुराले प्रभाव पार्छ। प्रेमकै कारण संसारमा ठूला-ठूला व्यक्तिहरूको पतन हुनेदेखि प्रेमकै कारण कुख्यात अपराधीहरू सन्त-महन्त भएका उदाहरण प्रशस्तै छन्।

प्राणीको उत्पति कालदेखि नै एक-अर्कामा प्रेम रहँदै आएको जानकारहरू बताउँछन्। भाषा वैज्ञानिक जे आर रोस प्रेम मानिस-मानिसमा मात्र नभएर एक प्राणीले अर्को प्राणीसँग पनि गर्ने बताउँछन्। मानिसका सन्दर्भमा हेर्ने हो भने आमाबुबा, छोराछोरी, घर परिवार, साथीभाइ बीचको प्रेमलाई फरक रूपमा लिइन्छ। दुई विपरीत लिंगी विचको प्रेमलाई अलग तरिकाले हेरिन्छ। दुई विपरीत लिंगी बीचको प्रेमको बढी चर्चा हुन्छ। यसैलाई लिएर विश्वमा ठूला युद्ध भएका छन्, हजारौं पेजका ग्रन्थ लेखिएका छन्, अर्बौं कविता रचिएका छन्। विभिन्न कालखण्डमा यसलाई व्यक्ति गर्ने शैली परिवर्तन हुँदै गएको पाइन्छ। हाम्रो समाजको पछिल्ला केही दशक हेर्ने हो भने पनि प्रेमलाई व्यक्त गर्ने शैलीमा आकाश-पातालको फरक हुँदै गएको छ। अहिले प्रेम दर्शाउने दिवसकै रूपमा 'भ्यालेन्टाइन डे' औपचारिक रूपमै मनाउन थालिएको छ। इटालीबाट सुरु भएको यो दिवस मनाउने प्रचलन अहिले हाम्रो देशको गाउँ-गाउँमा पुग्दैछ।

## उल्का पिण्डको लिलामी

फेब्रुअरी १४ अर्थात् भ्यालेन्टाइन डेका दिन ब्रिटिस कम्पनी क्रिस्टीले मुटु आकारको उल्का पिण्ड लिलाम गर्ने भएको छ। सन् १९४७ को फेब्रुअरी १२ का दिन रुसको साइबेरियामा खसेको उक्त उल्का पिण्डको नाम 'हार्ट अफ स्पेस' राखिएको छ। फेब्रुअरी ६ मा प्रारम्भ भएको उक्त उल्का पिण्डको लिलामी फेब्रुअरी १४ मा सम्पन्न हुनेछ। कम्पनीले उक्त उल्का पिण्ड ३ देखि ५ लाख डलरमा बिक्री हुने अनुमान गरेको छ।



## कपल गेम



प्रेमी-प्रेमिकाको जोडीदेखि श्रीमान्-श्रीमतीलाई लक्षित गरेर धेरै किसिमका खेलहरू विकसित गरिएका छन् र ती खेल विश्वका विभिन्न भागमा लोकप्रिय छन्। यी खेल जोडीहरूबीच भावनात्मक सम्बन्ध बढाउने ध्येयले विकास भए पनि यसले पाउन थालेको लोकप्रियताले ठूलै प्रतियोगिताको रूप लिँदै गएको छ। प्रेमी-प्रेमिकाहरू मिलेर खेल्ने खेल धेरै किसिमका छन्। यद्यपि यहाँ प्रस्तुत खेल प्रतियोगिता हुने खेल मात्र हुन्।


### चुम्बन प्रतियोगिता

चुम्बन प्रतियोगिताको अवधारणा अहिले धेरै देशमा विकास भैरहेको छ। अझ यो प्रतियोगिता भ्यालेन्टाइन डेकै दिन आयोजित हुन्छ। कुनै पनि जोडीले सहभागिता जनाउन पाउने यो प्रतियोगितामा जसले लामो समयसम्म चुम्बन गर्न सक्छ उही विजेता हुन्छ। यो प्रतियोगितालाई रोचक बनाउन केही आयोजकले चुम्बन गर्दै नाच्नु पर्ने जस्ता नि सयमसमेत तय गरेका छन्।

### श्रीमती बोक्ने प्रतियोगिता

फिनल्यान्डमा बार्षिक रूपमा आयोजना हुने श्रीमती बोक्ने प्रतियोगिता अहिले विभिन्न मुलुकमा समेत सञ्चालन हुन्छ। यो खेलको विकास अठारौं शताब्दीमा फिनल्यान्डवाट भएको मानिन्छ। त्यतिबेला पुरुषहरू छिमेकी गाउँका केटी चोर्न जान्थे। यसरी अर्कै ठाउँकी युवती चोर्न गएपछि बोकेर भाग्नुपर्ने अवस्था सिर्जना हुन्थ्यो। यही कुराबाट यो खेलको बिकास भएको मानिन्छ।

यो प्रतियोगितामा श्रीमतीलाई जसरी भएपनि बोकेर निर्धारित दूरी जसले पहिले पूरा गर्छ उही विजेता हुन्छ। अहिले यो प्रतियोगिताको विश्व च्याम्पियनसिपसमेत हुन्छ। यो प्रतियोगिताको विश्व च्याम्पियनशिपमा इष्टोनियाका माडिस उस्रोग सर्वाधिक ७ पटक विश्व विजेता भएका छन्। यो खेल अमेरिका, अस्ट्रेलिया, बेलायत तथा एसियाका केही भूभागमा समेत सञ्चालन गरिन्छ।




## कीर्तिमानहरू



### लामो चुम्बन

अहिलेसम्मको सबैभन्दा लामो चुम्बन गरेर थाइल्यान्डका एकहाइ तिरनरात तथा लसाना तिरनरातले गिनिज बुकमा कीर्तिमान बनाएका छन्। उनीहरूले लगातार ५८ घण्टा ३५ मिनेट ५८ सेकेन्ड चुम्बन गरेका थिए।

### जीवित लामो समय बस्ने जोडी

जापानका एक जोडी विवाहपछि ८१ वर्षसँगै बसेका थिए। सन् १९१० मा जन्मिएका मासाओ मत्सुमुतो तथा सन् १९१७ मा जन्मिएकी मियोक सोनोदाबीच १९३७ मा विवाह भएको थियो। उनीहरू अहिले १ सय ९ तथा १ सय १ वर्षका छन्।

### अग्ला जोडी

सन् २०१३ मा विवाह गरेका चीनका एक जोडी अहिलेका जीवित अग्ला जोडी हुन्। ७ फुट ९ इन्च अग्ला सन मिङ्ग तथा ६ दशमलव १ फिट अग्ली छु यान ले यो १४ नोभेम्बर २०१३ मा सर्वाधिक अग्ला जोडीको प्रमाणपत्र लिएका हुन्।

### पुरानो प्रेम कविता

३ हजार ५ सय वर्षअघि सुमेरियन राजा सुसिनले उनकी रानीलाई सुनाएको कवितालाई सबैभन्दा पुरानो प्रेम कविता मानिएको छ। पुरातत्वविद्हरूले उक्त कविता माटोमा लेखिएको बताएका छन्।

### वृद्धावस्थामा विवाह गर्ने जोडी

१ फेब्रुअरी २००२ मा प्रोन्ली जोडीको विवाहलाई सबैभन्दा वृद्धावस्थामा गरिएको विवाह मानिन्छ। ९६ वर्षीया बर्ती एन्ड्रोय तथा ९४ वर्षीया फियोर डु रोमानिन क्लापियसले भव्य समारोहबीच विवाह गरेका थिए।

### लामो इन्गेज्मेन्ट

सबैभन्दा लामो इन्गेजमेन्ट मेक्सिकोसिटीका दुई वृद्ध दम्पतीको विवाहमा भएको थियो। सगाइ अक्टोभियू गिलान तथा एड्रिआना मार्टिननेजको १९९६ मा इन्गेजमेन्ट हुँदाको उमेर ८२ वर्ष थियो।

### लामो अंकमाल

२४ घन्टा ३३ मिनेट लामो अंकमाल अहिलेसम्मकै सबैभन्दा लामो अंकमाल हो। १३ जून २०१० मा राँना ओएनल तथा थेरेसा केरले यो कीर्तिमान राखेका हुन्। उनीहरू क्यानाडाका नागरिक हुन्।

### लामो विवाह

नर्थ अमेरिकाका हर्बर्ट पिसर तथा जेमिमिरा पिसरले ८६ वर्ष ९ महिना १६ दिन लगाएर गरेको विवाह सबैभन्दा लामो विवाहका रूपमा विश्व कीर्तिमान मानिएको छ। उनीहरूले १३ मे १९२४ देखि २७ फेब्रुअरी २०११ सम्म विवाह गरेका थिए। उनीहरू प्रत्येक दिन प्रेमविवाह गर्थे।

# १४ थरी चुम्बन









### अधर चुम्बन
यो चुम्बन एउटा सामान्य बौद्धिक चुम्बन हो। यो सामान्यतः साथीलाई गरिन्छ। यद्यपि यो प्रेमीलाई गरिने चुम्बनको सुरुवात पनि हुनसक्छ।

### हातमा चुम्बन
हातको पछाडि तथा औंलाको बीचमा गरिने चुम्बनले प्रशंसालाई बुझाउँछ। यो पनि एक प्रकारले सामान्य र सभ्य चुम्बन हो।

### एस्किमो चुम्बन
यो मायालु खालको चुम्बन हो। यो चुम्बन प्रायः आमाबाबुले साना नानीबाबुहरूलाई गरेको पाइन्छ। वयस्कहरूमा यसलाई रोमान्टिक चुम्बनका रूपमा लिइन्छ।

### फ्रेन्च किस
फ्रेन्च किस जिब्रोको क्रियाकलापसँग सम्बन्धित हुन्छ। यसमा दुईवटा जिब्रोको सक्रियताले उनीहरूको भावना प्रकट गर्छ।

### सिंगल लिप किस
यो एउटा सूक्ष्म चुम्बन हो। एक-एकवटा ओठमा गरिने यो चुम्बनले प्रेमी-प्रेमिकाबीचको पारस्परिक सहयोगलाई बुझाउँछ। यसबाट उनीहरू एक-अर्कामा कति सहयोगी छन् भन्ने कुरा बुझ्न सकिन्छ।

### एयरबल किस
एयरबल किसलाई सबैभन्दा संवेदनशील चुम्बनका रूपमा लिइन्छ। यो कान र कानको वरपरको भागमा गरिने चुम्बन हो। यो प्रेमीहरूबीचको सबैभन्दा रोमान्टिक चुम्बन हो।

### बटरफ्लाई किस
दुई जना आमुन्ने-सामुन्ने भएर आँखीभौंमा गरिने चुम्बनलाई बटरफ्लाई किस भनिन्छ। यस किसिमको चुम्बनले एक-अर्काको आन्तरिक इसारालाई बुझाउँछ र मायामा पागलपन जगाउँछ।

### लिंगरिङ चुम्बन
ओठमा ओठ जोडेर लामो समय गरिने चुम्बन नै लिंगरिङ किस हो। यो चुम्बन पूर्ण रूपमा एक-अर्कालाई उत्तेजनामा ल्याउन र मायाको गहिराइमा पुऱ्याउन गरिन्छ।

### गालामा चुम्बन
अर्ध रूपमा अँगालो मारेर गालामा गरिने चुम्बनले गहिरो मायालाई जनाउँछ। यस प्रकारको चुम्बन प्रायः भेट हुँदा वा बिदाइका बेला गरिन्छ।

### लिभ मार्क किस
यसलाई लिपिष्टिक किस पनि भनिन्छ। युवतीहरूले ओठमा लिपिस्टिक लगाएर युवाहरूको गाला, घाँटी वा ओठमा चुम्बन गर्दा त्यसको दाग बसेको हुन्छ। यो कुनै आवेग-संवेगभन्दा पनि सामान्य खेल जस्तो हुन्छ।

### सेक्रेट म्यासेज किस
युगल जोडीहरू भावनात्मक रूपमा नजिक भएपछि शारीरिक रूपमा एक हुन तयार भएका वेला यो चुम्बन आदान-प्रदान हुन्छ। दम्पती वा स्थायी प्रेममा परेकाहरू यो चुम्बन गर्छन्।

### लिजार्ड किस
यसमा युगल जोडीको जिब्रो मुखभित्र बाहिर गर्न छेपारोले जिब्रो निकालेजस्तै गरिन्छ। यो मायाले भरिएको चुम्बनले स्वर्गीय आनन्दको अनुभव गराउँछ।

### एयर किस
सेलिब्रेटीहरूले आफ्ना प्रशंसक वा प्रशंसकले सेलिब्रेटीहरूप्रति शुभेच्छा प्रकट गर्न यस्तो चुम्बन गरेको पाइन्छ। टाढैबाट गरिने यो किसलाई रोमान्टिक मानिँदैन।

### स्युडेक्टिभ किस
यसलाई मदहोस बनाउने किसका रूपमा लिइन्छ। थोरै मुख खोलेर गरिने यो चुम्बन अरुलाई आफूप्रति आकर्षण गर्न प्रयोग गरिन्छ। यस्तो किसबाट विपरीत लिंगी साथी आफ्नो बसमा आउँछन्।

अहमद रजा
वाइजटोस्टडटकम

# प्रेमका प्रकार

### रमाइलो प्रेम
यस्तो प्रेमलाई सबैभन्दा खतरनाक प्रेम मानिन्छ। रमाइलो प्रेमले तत्कालभन्दा पनि दीर्घकालमा समस्या निम्त्याउँछ। विवाहेत्तर सम्बन्धलाई रमाइलो प्रेमको उपमा दिइन्छ।

### दीर्घकालीन प्रेम
सुख-दुःख तथा सहज-असहज परिस्थितिमा एक-अर्कालाई साथ दिने मायालाई आजीवन माया भनिन्छ। यस प्रकारको प्रेम विवाहपछि जीवनपद्धतिसँग जोडिन्छ।

### चञ्चले प्रेम
यसलाई देखासिखी प्रेम पनि भनिन्छ। भर्खरै टिन एजमा प्रवेश गरेका जोडी अर्काको देखासिखीमा यस्तो प्रेममा पर्छन्। संसार रंगीन छ भनेर सोच्नेहरू यस्तो प्रेममा हुन्छन्।

### प्रेमिल प्रेम
भावनात्मक रूपमा जोडिएकाहरूबीच यस्तो प्रेम हुन्छ। घरपरिवार, साथीभाइ दाजु-दिदी, दिदी-भाइबीच पनि यस्तो प्रेम हुन्छ। यो प्रेम निःस्वार्थ हुन्छ।

### पागल प्रेम
यो कसैप्रति आकर्षित भएपछि हुने प्रेम हो। यसमा सही-गलत, राम्रो-नराम्रो, वरपर केही विचार गरिँदैन।

### एकतर्फी प्रेम
यो कुनै व्यक्तिप्रति आकर्षित भएर उक्त व्यक्तिको धारणा नै नबुझी हुने प्रेम हो।

### स्वार्थी प्रेम
यो कुनै पनि स्वार्थका लागि नाटकका रूपमा गरिने प्रेम हो। यस्तो प्रेम आफूले चाहेको फाइदा लिइसकेपछि आफैं टुट्छ।



## रोचक तथ्य



वैज्ञानिक सर्वेक्षणअनुसार एउटा सुन्दर अनुहारले सुन्दर शरीरभन्दा बढी आकर्षित गर्छ।

विश्वमा प्रत्येक दिन ३ लाखभन्दा बढी मानिस पहिलोपटक डेटिङ जान्छन्।

इन्टरनेटमा LOL को अर्थ Lots of Love अर्थात् 'धेरै माया' भन्ने बुझिन्छ।

संस्कृतमा माया जनाउने ९६ वटा तथा फारसीमा ८० वटा शब्द छन् भने अंग्रेजीमा एउटै शब्द छ– 'लभ'।

सानो आवाजमा बोल्ने पुरुष ठूलो स्वरमा बोल्ने पुरुषको तुलनामा महिलाका लागि बढी स्मरणीय क्षण दिन सक्षम हुन्छन्।

१८ देखि २० वर्षमा भएको ब्रेकअप सबैभन्दा बढी पीडादायी हुन्छ।

२५ प्रतिशत प्रेम विवाह राम्रोसँग चल्छन् भने ७५ प्रतिशत पारपाचुकेमा पुगेर टुंगिन्छन्।

प्रेम प्रस्तावको मामिलामा ९० प्रतिशतभन्दा बढी युवकले युवतीले भन्दा पहिले 'आई लभ यू' भन्छन्।

एक वैज्ञानिक अनुसन्धानअनुसार मन परेको व्यक्तिलाई अंकमाल गर्नु भनेको मस्तिष्कमा एउटा पेनकिलरले गर्ने असर बराबर हो।

प्रेमपछि बिछोड हुँदा महिलालाई भन्दा पुरुषलाई बढी पीडा हुन्छ।

जब कोही प्रेमको रमाइलोमा झुम्छ त्यतिबेला उसको दिमाग कम चलिरहेको हुन्छ।

मायामा धोका खाने मानिस बौद्धिकतामा समेत कमजोर हुन्छ।

शब्द तथा तस्विरहरू (एजेन्सिका सहयोगमा संयोजन)

# मिस इको इन्टरनेसनल

मोडल मुना गौचनलाई मिस इको इन्टरनेसनल नेपाल-२०१९ छनौट गरिएको छ । मिस इको इन्टरनेसनल प्रतियोगिताका लागि नेपालको आधिकारिक संस्था ग्रिन आर्ट्स मिडियाले आयोजना गरेको एक समारोहबीच मुनालाई औपचारिक रूपमा मिस इको इन्टरनेसनल नेपाल-२०१९ का रूपमा मुकुट पहिऱ्याइएको थियो । अब मुनाले मिस इको इन्टरनेसनलमा नेपालको आधिकारिक प्रतिनिधित्व गर्नेछिन् । मिस इको इन्टरनेसनल-२०१९ आगामी फागुन २८ देखि चैत्र १६ गते सम्ममा इजिप्टमा संचालन हुनेछ । मिस इको इन्टरनेसनलमा यस अघि नगमा श्रेष्ठ, प्रिन्सा श्रेष्ठ, रोनाली अमात्य तथा मौनता लामाले नेपालको प्रतिनिधित्व गरेका थिए । ५ फिट ५ इन्च अग्ली २२ वर्षिया मुना गौचन फेश अफ क्लासिक डायमण्ड-२०१७ की विजेता हुन् । टेलिभिजन तथा छापा विज्ञापनमा छाइसकेकी मुनाले चलचित्र चपली हाइट टु, जालो तथा जालो रिटर्नस्मा अभिनय गरिसकेकी छिन् ।







# म्यानहन्ट इन्टरनेसनल

विवेश श्रेष्ठ इन्टरनेसनल नेपाल-२०१९ को विजेता भएका छन् । आफ्ना १४ जना प्रतिस्पर्धीको तुलनामा आफूलाई अब्बल प्रमाणित गर्न सफल विवेशले मिस्टर फिजिकको एवार्डसमेत आफ्नो पोल्टामा पारेका थिए । म्यानहन्ट विजेता विवेशले आगामी जूनमा अस्ट्रेलियाको सिड्नीमा हुने ग्ल्याम नेपाल फेसन विकमा सहभागिता जनाउने कुरा बताइएको छ ।

प्रतियोगिताको अन्तिम पाँचमा पर्न सफल प्रशान्तजंग शाह मिस्टर इन्टरनेसनल नेपाल-२०१९ का रूपमा पुरस्कृत भए भने आर्यन सिटौला मिष्टर ग्लोबल नेपाल-२०१९ घोषित भए । विवेश, प्रशान्त र आर्यन तीनै जनाले आ-आफूले जितेको उपाधिको अन्तर्राष्ट्रिय संस्करणमा नेपालको प्रतिनिधित्व गर्नेछन् ।

# मिस सुपर मोडल ग्लोब



माघ २१ गतेदेखि विश्व क्यान्सर दिवसको अवसरमा भारतमा सञ्चालन भैरहेको मिस सुपर मोडल ग्लोबमा नेपालका तर्फबाट १७ वर्षीया अदिति अधिकारीले सहभागिता जनाइरहेकी छिन् । युनिग्लोब कलेजकी छात्रा अदिति नेक्स्ट मोडल्स नेपालले संचालन गरेको मोडल हन्ट-२०१८ को उपाधि विजेता हुन् । त्यही कारणले अदितिले मिस सुपर मोडल ग्लोब-२०१९ मा सहभागिता जनाउने अवसर प्राप्त गरेकी हुन् । मिस सुपर मोडल ग्लोब-२०१९ फागुन २ गते सम्पन्न हुनेछ ।

यसअघि कोरियाको इन्चिन सहरमा सम्पन्न पाँचौं लक्जरी ब्रान्ड मोडल एवार्ड, ग्लोबल फेसन विक-२०१८ मा सहभागिता जनाएकी अदितिले 'फेसनिस्टा एन्ड ब्रान्ड अनरी एम्बेसडर फर जे जुन कस्मेटिक प्रोडक्ट' शीर्षकको एवार्ड समेत प्राप्त गरेकी थिइन् ।



# मिस गोरखा

सौन्दर्य कला व्यवसायी संघ गोरखाले आयोजना गरेको दोस्रो संस्करणको मिस गोरखा-२०१८ को उपाधि नेहा श्रेष्ठले जितेकी छिन् । शनिबार गोरखकाली चलचित्र हल गोरखामा भएको अन्तिम प्रतिष्पर्धामा सहभागी १४ जनामध्ये द्रव्य शाह बहुमुखी क्याम्पसमा स्नातक तह अध्ययनरत २२ वर्षीया श्रेष्ठले बेस्ट फोटोजेनिकको पुरस्कार समेत हात पारिन् । प्रतियोगितामा बारपाककी किरण घले मोस्ट ट्यालेन्टसहित फस्टरनर्सअप तथा मास्कीछापकी प्रिति थापा मगर बेस्ट स्माइलसहित सेकेन्ड रनर्सअप घोषित भए भने भ्युअर च्वाइसको पुरस्कार अनुश्का सुनारले हात पारिन् ।

# सुपर ममा धाँधलीको आरोप



पोखरा सुपर मम-२०७५ को उपाधि ज्योति हमालले जितेकी छिन् भने सविता सापकोटा फस्ट रनर्सअप तथा पूनम श्रेष्ठ सेकेन्ड रनर्सअप घोषित भएका छन् । उपाधिका लागि ७ जना प्रतियोगीले प्रतिस्पर्धा गरेका थिए । नन्द इन्टरटेनमेन्ट हाउसले आयोजना गरेको यो प्रतियोगितामा धाँधली गरी विजेता घोषणा गरिएको आरोप केही प्रतियोगीले लगाएका छन् । आयोजकले भने बमोजिम टिकट नबेचेका कारण विजेता घोषणा गर्दा पक्षपात गरिएको उनीहरूको गुनासो छ ।

रोचक कुरा त के भने विजेताले प्राप्त गरेको नगद पुरस्कारको खाम भित्र पैसा वा चेक थिएन, मात्र कागजमा लेखिएको थियो 'पछि भेटौला' । त्यस्तो दृश्य देखेपछि सेकेन्ड रनर्सअप पूनम श्रेष्ठ थापा आक्रोशित भइन् । आयोजक भने शनिबार भएका कारण पैसा साट्न नपाएको भन्दै पन्छिए । आइतबार विजेता र उपविजेतालाई बोलाएर नगद पुरस्कार प्रदान गरिए पनि सेकेन्ड रनर्सअप पूनम भने पुरस्कार लिन गइनन् । आयोजकले अपमान गरेका कारण आफूले पुरस्कार नलिएको उनले बताइन् ।

हरेक प्रतियोगीले ५ सय फारम शुल्क बुझाएका थिए । तालिम शुल्कबापत १२ हजार बुझाएका प्रतियोगीहरूले आयोजकले भनेअनुसारको तालिमसमेत नदिएको गुनासो गरेका छन् । त्यसबाहेक उनीहरूलाई फाइनल प्रतियोगिताका लागि ५ सय रुपैयाँ दरका टिकट बिक्री गर्न लगाइएको थियो ।

यता प्रतियोगिता संयोजक देवेन्द्र शाही प्रतियोगिता निष्पक्ष भएको दाबी गर्छन् । प्रतियोगी किरण शर्मा भने पैसाका कारण प्रतिभा ओझेलमा परेको बताउँछिन् । पैसा अगाडि राखेर टाइटल किन्नुपर्ने रहेछ, जुन हामीले सकेनौं,' उनले भनिन् । यो कार्यक्रम पैसा कमाउन मात्र आयोजित गरिएको सेकेन्ड रनर्सअप पूनमको आरोप छ ।

राजाराम पौडेल




## हेरिटेज पेजेन्टका लागि रोजिन

विभिन्न उमेर समूहको सौन्दर्य प्रतियोगिता तथा फेसन शोको कोरियोग्राफीमा डेढ दशकदेखि सक्रिय फेसन कोरियोग्राफर तथा संचारकर्मी रोजिन शाक्य अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता हेरिटेज पेजेन्ट-२०१९ का लागि अफिसियल कोरियोग्राफर नियुक्त भएका छन् । माघ २९ देखि फागुन ५ गतेसम्म सिंगापुरमा संचालन हुने यो प्रतियोगिता अन्तर्गत मिस तथा मिसेज हेरिटेज इन्टरनेसनल-२०१९ का विजेता छनौट हुनेछन् । यो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता ई प्लानेटको ब्यानरमा संचालन हुन लागेको हो ।

# मिसेज नेपाल टुरिज्म



मिसेज नेपाल टुरिज्म- २०१९ को उपाधि छिरिङ डोल्मा शेर्पाले जितेकी छिन् । बौद्ध फूलबारीकी छिरिङले मुख्य उपाधिबाहेक बेस्ट हेयर एवार्ड पनि आफ्नो पोल्टामा पारेकी थिइन् । यो प्रतिस्पर्धामा ट्यालेन्ट उपाधिसहित संगीता खड्का पौडेल फस्ट रनर्सअप, पर्सनालिटी एवार्डसहित इन्दिरा लामिछाने सेकेन्ड रनर्सअप, बेस्ट स्किन एवार्डसहित मुक्ता सेढाई थर्ड रनर्सअप भएका थिए । यो प्रतियोगिता स्टार वन इन्टरटेनमेन्टको ब्यानरमा सञ्चालन भएको थियो ।



# विदेश घुमेर चर्चामा आएका नेपाली दम्पती



विदेश घुम्ने रहर कसलाई नहोला ? अझ माया गर्ने साथी र खल्तीमा टन्नै पैसा भयो भने त जोकोही यो संसारको फन्को लगाउन चाहन्छन् । यस्तो किसिमको सोच प्रेमिल जोडीहरूमा समेत जागृत भैरहेको हुन्छ । यद्यपि कतिपय कारणले यी कुरा उनीहरूको सपनामै सीमित हुन्छ ।


१० देखि ५ बजेसम्मको जागिर गर्ने धेरै घुम्न नपाएको गुनासो गरिरहेका हुन्छन्, तर एक नेपाली दम्पतीले जागिरबाट समय निकालेर २ वर्षको अवधिमा ४० मुलुक घुमेको कुराले अहिले विश्वव्यापी चर्चा पाइरहेको छ । हाल बेलायतको डर्टफोर्डमा बसोबास गर्ने संगम भण्डारी तथा उनकी श्रीमती शिखा न्यौपानेले गरेको विदेश भ्रमणको उपाय पनि रोचक छ । शिखा लन्डनको एक ट्रान्सपोर्ट कम्पनीमा कार्यरत छिन् भने संगम एक आईटी कम्पनीमा कार्यरत छन् । उनीहरू दुवैको वार्षिक पारिश्रमिक करिब ७३ लाख नेपाली रुपैयाँ हुने गरेको छ भने महिनामा एक जनाको औसत खर्च २ लाख रुपैयाँ भन्दा बढी हुन्छ । यस्तो अवस्थामा भण्डारी दम्पती अनावश्यक खर्च जोगाएर विभिन्न विमान कम्पनी तथा होटलहरूले दिने अफरहरूको फाइदा उठाएर घुम्न सफल भएका हुन् । न्यौपाने भन्छिन्- हामी अनावश्यक सामान कमै किन्छौं । मोबाइल पनि ठिक्ककै प्रयोग गर्छौं भने छुट्टीका बेला गरिने खर्चसमेत कटौती गर्छौं ।

हामी यूरोपका विभिन्न मुलुकमा दिइने छुटका योजनाहरू हेर्छौं । केहीले त दुई जनालाई ३० हजार रुपैयाँमै घुम्ने प्याकेज दिइरहेका हुन्छन् । हो, हामी यही कुराको फाइदा उठाउँछौं । बिहिवारको विमान यात्रा तुलनात्मक रूपमा अरु बेलाको भन्दा सस्तो हुने हुँदा हामी यात्राका लागि त्यही दिन छान्छौं । यात्रामा निस्कदा खर्च नहुने कुरै हुँदैन तर कम खर्चमा कसरी रमाइलो गर्ने भन्ने कुरामा बढी केन्द्रित हुन्छौं ।


उनीहरूले गरेको सबैभन्दा सस्तो भ्रमण बार्सिलोनाको हो । बार्सिलोना घुम्दा उनीहरूको साढे १४ हजार रुपैयाँ मात्र खर्च भएको थियो । यसमा उनीहरूको विमान यात्रा लगायत होटलमा बस्ने-खाने खर्च समेत संलग्न छ । यसरी यात्रा गर्ने ठाउँको खोजी, अफर लगायत अन्य सबै कामको तयारी शिखाले गर्छिन् ।

**स्रोतः डेली मेल**

















## दुई वर्षमा शिखा र संगमले घुमेका देश

१. बेलायत २. एन्डोरा ३. अस्ट्रिया ४. बेल्जियम ५. बुल्गेरिया ६. क्रोएसिया ७. साइप्रस ८. चेक रिपब्लिक ९. डेनमार्क १०. फ्रान्स ११. जर्मनी १२. ग्रिस १३. हंगेरी १४. आइसल्यान्ड १५. इटाली १६. लिचेष्टाइन १७. लक्जेम्बर्ग १८. माल्टा १९. मोनाको २०. नेदरल्यान्ड २१. नर्वे २२. पोल्यान्ड २३. पोर्चुगल २४. रोमानिया २५. सेन्ट मारिनो २६. स्लोभाकिया २७. स्लोभेनिया २८. स्पेन २९. स्विडेन ३०. स्विटजरल्यान्ड ३१. भ्याटिकन सिटी ३२. भारत ३३. इन्डोनेसिया ३४. मलेसिया ३५. नेपाल ३६. सिंगापुर ३७. थाइल्यान्ड ३८. भियतनाम ३९. अमेरिका ४०. अस्ट्रेलिया

# रोमान्टिक मुडका लागि पहिरन

● रोजिन शाक्य


जो-कसैको पहिरन व्यक्तित्वमा आकर्षण र प्रभावकारिता थप्न महत्वपूर्ण मानिन्छ । अझ विशेष अवसरका लागि पहिरन छनौट गर्न समय, श्रम र पुँजी खर्च गर्न जो-कोही उदार हुन्छन् । भ्यालेन्टाइन डेको रोमान्टिक वातावरणमा व्यक्तित्वलाई विशेष दर्शाउन भ्यालेन्टाइन ड्रेस कोडको समेत विकास हुन थालेको छ । यही प्रसंगमा नमुना कलेज अफ फेसन टेक्नोलजीमा पाँचौं सेमेस्टरमा अध्ययनरत १५औं ब्याचका विद्यार्थी डिजाइनर मुस्कान गुरागाई, नविना लिम्बु, सुष्मा पौडेल, समिना बज्राचार्य, सुमन्ता थोकर, सन्ध्या श्रेष्ठ, मिना मगर, सुनिता लामा तथा विपाशा बाहिकले कल्पना गरेका रोमान्टिक मुडका केही भ्यालेन्टाइन पहिरन :



मुस्कान गुरागाईको सिर्जना भ्यालेन्टाइन डेको साँझको समयका लागि लक्षित मर्मेड गाउन हो । प्रणय दिवसको मुख्य रंग रातोमा प्रस्तुत गरिएको यो पहिरनलाई शियर लेस फ्याब्रिकमा परिकल्पना गरिएको छ जसमा पर्लको आकर्षण छ । यो फुल लेन्थ पहिरनमा देब्रे खुट्टातिर भुईं देखि लोअर थाईसम्म स्लिट राखिएको छ । ट्युब शैलीको यो पहिरन ५ फिट ६ इन्चभन्दा अग्लो शरीरमा विशेष सुहाउँछ ।




नविना लिम्बुको पहिरन भने हार्ट शेप नेकलाइन भएको वन् पिस स्लीवलेस ड्रेस हो । शरीरको माथिल्लो भागमा प्रिन्टेड ब्ल्याक नेट प्रयोग गरिने यो पहिरनको तल्लो भागमा टाइट फिटेड रेड स्कर्टको जोडा प्रस्तुत गरिएको छ । यसमा कालो रंगको शिफनको टायर्ड ग्याडरको प्रभाव पनि छ । पहिरनको मुख्य रंग रातो भए पनि त्यससित सुहाउँदो कालो रंग सम्मिश्रण गरिएको छ । यो पहिरनका साथमा न्यानो अनुभूतिका लागि रातो रंगको फरको शल प्रयोग गर्न सकिन्छ ।




विपाशा बाहिकको पहिरन रोमान्टिक पार्टी मुडमा आधारित छ । लेदरको ज्याकेटसहित रातो रंगको इभिनिङ गाउन यो सिर्जनाको समग्र रुप हो । भेल्भेटको कपडाको यो गाउनमा वेस्ट लाइन देखि फ्लोर लेन्थसम्म साइड स्लिट राखिएको छ । यो पहिरनको जोडाका रूपमा नेकलाइन, स्लिभ तथा हेमलाइनमा फर भएका लेदर ज्याकेट प्रयोग गर्न सकिन्छ । रातो रंगको यो पहिरनसित सुहाउँदो ढंगबाट प्रस्तुत हुन कालो रंगको ब्याङ्गल, बुट, बेल्ट, इयररिङ आदि एक्सेसरिज प्रयोग गर्नुपर्छ । टाइड अप हेयर स्टाइल विथ बन, ब्राइट मेकअप, ब्ल्याक अइलाइनर, हाइलाइटर तथा मरुन लिप्सले यो पहिरन लगाउँदाको लुकलाई पूर्णता प्रदान गर्ने डिजाइनर विपाशाको सुझाव छ ।



समिना बज्राचार्यले प्रस्तुत गरेको डिजाइन भने प्लेसुट हो जसले पहिरन लगाउने व्यक्तिको स्टाइल, फेमिनिटी तथा सुन्दर छविलाई आकर्षक ढंगबाट प्रस्तुत गर्छ । रातो रंगको यो पहिरनमा सिक्वेन्स र केही स्टोन वर्कको समायोजन छ । पहिरनको माथिल्लो भाग भी नेकलाइनमा छ भने यसमा सिल्क फ्याब्रिक प्रयोग गर्न सकिन्छ । यो पहिरनको तल्लो भाग फ्लोर लेन्थमा प्लेन रोज भेल्भेट प्रयोग गर्नुपर्छ । यो पहिरनलाई पेन्सिल हीलमा प्रयोग गर्नु उपयुक्त हुन्छ ।



१६ देखि २६ वर्ष उमेर समूहका लागि उपयुक्त मानिएको सुमन्ता थोकरको रातो रंगको पहिरनमा बेली भाग सम्म फ्रन्ट ओपन छ । पहिरनको केन्द्रीय भागमा ट्वीस्टेड इफेक्ट दिइएको छ । यो पहिरनको भित्र शोर्ट्स लगाउनु उपयुक्त हुन्छ । पहिरनको हिप लाइन देखि पारदर्शी नेट फ्याब्रिक प्रयोग भएको छ जुन लम्बाईमा फ्लोर लेन्थको छ । साँझको जमघटका लागि उपयुक्त मानिएको यो पहिरनको फ्याब्रिक चहकिलो खालको हुनुपर्छ ।




सन्ध्या श्रेष्ठको सिर्जना रातो तथा पंक लुकबाट प्रेरित छ । पहिरनको माथिल्लो भागका लागि रेड एप्पल सिल्क फ्याब्रिक उचित मानिएको छ । यो पहिरनमा भ्यालेन्टाइन डेको मुडलाई व्हाइट कलर प्रिन्टमा हार्ट शेप प्याटर्नलाईसमायोजन गरिएको छ । अफ शोल्डर ड्रेसका रूपमा प्रस्तुत यो सिर्जनाको तल्लो भाग पंक फ्युजन स्टाइलको छ । पहिरनमा आकर्षक ढंगबाट रोज पेटलको शैलीमा एक्स्ट्रा फ्याब्रिक प्रयोग गरिएको छ ।



भ्यालेन्टाइन डेको युनिक पार्टी वेयरको खोजीलाई सुष्मा पौडेलको गुलाफको कोपिलाबाट प्रेरित पहिरनले मूर्त रुप दिन्छ । रातो रंगको हिल जुत्ता, हरियो टप्स, पिंक रोज बड शेपको स्कर्टको जोडाले फेमिनेन लुक तथा प्रकृतिप्रतिको लगावलाई प्रस्तुत गर्छ । पहिरनको वेस्ट लाइनमा प्रयोग भएको मुटु आकारको रातो बक्कलसहितको कालो स्ट्राइप रिबन यो पहिरनको विशेष आकर्षण हो । यसको नेकलाइन बोट शेप भएकाले घाँटीमा थप ज्वलेरी लगाइरहनु पर्दैन ।



भ्यालेन्टाइन डेका लागि कल्पना गरिएको सुनिता लामाको सिर्जना भने फ्लोर लेन्थ हो । यो पहिरन ५ फिट ५ इन्चभन्दा अग्ला १६ देखि २६ वर्षका युवतीहरूमा केन्द्रित छ । सुहाउँदो कालो रंगको कम्बीनेसन सहित रातो रंगमा परिकल्पना गरिएको यो पहिरनको दायाँतर्फ लामो स्लिट राखिएको छ । यो स्लिट हिप लाइन भन्दा दुई इन्च मुनिबाट प्रारम्भ हुँदै फ्लोर लेन्थसम्म हुन्छ । पहिरनको नेकलाइन एसिमेट्रिकल छ । यसको दायाँतर्फ स्लिभ रहित छ भने बायाँतर्फ लामो फिटेड स्लिभ छ । वेष्ट लाइनलाई हाइलाइट गर्न एम्बेलिस्ड बेल्ट प्रयोग भएको छ । यो पहिरनको माथिल्लो भाग फिटेड छ भने तल्लो भाग ए लाइन शैलीमा छ ।



मीना मगरको कल्पना भने थ्री पिस ड्रेस सेट हो । यो पहिरन मूलत: १६ देखि २६ वर्ष उमेर समूहका युवतीहरूमा लक्षित छ । पहिरनको माथिल्लो भाग रातो रंगको ब्रालेट, हार्ट शेप नेकलाइन सहित स्लिभलेस शैलीमा छ । तल्लो भाग भने हाई वेष्ट एसिमेट्रिकल स्कर्ट हो । यो स्कर्टको लम्बाई मिड काफसम्म छ । यो पहिरनको तेस्रो पीस नेट फ्याब्रिकको लामो खालको आउटर हो । आउटरको आकार ए लाइन स्टाइलको छ । यो थ्री पिस सेट गोरो वर्णको पियर शेप फिगर भएकाहरूलाई उपयुक्त हुनसक्छ ।




# तेस्रो मिस चब्बी नेपाल

नेपालमा पहिलो पटक सिद्धि मिडियाले आयोजना गरेको नेपाल्स चब्बी मोडलको तेस्रो संस्करण सम्पन्न भएको छ। आफू मोटी छु भनेर आफ्नो प्रतिभा प्रस्फुटन गराउन डराइरहेका महिलाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्च उपलब्ध गराउने उद्देश्यले आयोजित नेपाल्स चब्बी मोडल फरक प्रकारको सौन्दर्य प्रतियोगिता भएको आयोजक अमित शाहले साप्ताहिकलाई बताए। उक्त प्रतियोगिताकी निर्णायक मिसेज एसिया प्यासिफिक चन्दा कार्कीले मोटा युवतीहरू पनि मोडल हुन सक्छन् भनेर समाजलाई सहमत गराउन तपाईं के-के गर्नुहुन्छ भन्ने प्रश्नको उत्तर दिँदै यसपटकको मिस चब्बी नेपाल-२०१९ को उपाधि रविना पोखरेलले जितेकी छिन्। कार्यक्रमको बीच-बीचमा एनएमएस थ्रीका दुई दर्जन मोडलले यो ऱ्याम्पमा ब्राइडल, पार्टी तथा क्याजुअल वेयरहरू प्रस्तुत गरेका थिए।

सिर्जना दुवाल श्रेष्ठ

## विजेताहरू

**मिस चब्बी नेपाल**
रविना पोखरेल (पब्लिक च्वाइस, वेस्ट ऱ्याम्प तथा बेस्ट स्माइल)

**फस्ट रनर अप**
जिज्ञासा चतौट (मिस बब्ली तथा मल्टिमिडिया )

**सेकेन्ड रनर्सअप**
पूनम श्रेष्ठ (बेस्ट स्किन तथा ब्युटी विथ प्रपोज)

**बेस्ट ड्रेस**
श्रीया रेग्मी

**मोस्ट कन्फिडेन्ट तथा मस्ट ट्यालेन्ट**
अस्मिता घले

**मस्ट चार्मिङ**
पुष्पा ज्ञवाली

तस्बिरहरू : श्रुति श्रेष्ठ












जनताको विचार

# पाकिस्तानमा सिस्टर्स डे मनाउन जारी गरिएको उर्दी तपाईंलाई कस्तो लाग्यो ?




इस्लाम धर्मको प्रचलनअनुसार काकाको छोरीसँग विवाह गर्ने पहिलो हक ठूलो बुबाको छोराको हुन्छ । त्यही कारणले पाकिस्तानमा भ्यालेन्टाइन डेको सट्टा दिदी-बहिनी डे मनाउने उर्दी जारी गरिएको होला । कुरा यसरी पनि बुझौं न ।

**सरुन महर्जन**

प्रेम गर्न पाउनुपर्छ । आफूले नचाहे बेग्लै कुरा हो तर प्रेम गर्न चाहने ले त गर्न पाउनुपऱ्यो नि । पाकिस्तानमा मानव अधिकार छैन कि क्या हो ?

**सेप्टेम्बर क्वीन**

राष्ट्रिय एकता दिवस तथा सहिद दिवस त नमनाउने देशमा भ्यालेन्टाइन डेको कुरा गर्ने ? यिनलाई जेल हाल सरकार ।

**आर्यन कुमार**

मलाई लाग्छ राम्रै हो ।

**अल्प कुमार**

भ्यालेन्टाइन डे मनाउने चक्करमा महँगो गिफ्ट दिएर प्रेमी-प्रेमिका खुसी पारे पनि ती प्रेमी-प्रेमिका भविष्यमा आफ्नो हुन्छन् कि हुँदैनन् थाहा हुँदैन । पैसाको सत्यानाश मात्र हुन्छ तर आफ्ना दिदी-बहिनी सधैं आफ्नै हुन्छन् । अर्काको घर गए पनि आफ्ना दाजुभाइलाई सम्झन्छन्, आवश्यक पर्दा सहयोग गर्छन् ।

**दिपक तामाङ**

अरू देशले जेसुकै गरून्, तर प्रेम दिवस नेपालसँग सरोकार राख्ने विषयचाहिँ होइन ।

**सविना राई**

यो साह्रै राम्रो थालनी हो । पश्चिमा संस्कृतिलाई यसैगरी दुरुत्साहित गर्नुपर्छ ।

**अकृत शेर्पा**

भ्यालेन्टाइन डेलाई नेपालमा भालेपोथी दिवसका रूपमा मनाउँदा कसो होला ?

**वर्षा थापा**

अरुको देशको के कुरा गर्नु ? आफ्नो देशमा मनाउनु पर्ने विभिन्न दिवस तथा चाडपर्वको त सरकारलाई मतलब छैन ।

**सुभाष शिवाकोटी**

खै कस्तो लाग्यो भन्नु ? अर्काको देशमा भएको कुरा, आफ्नो देशमा भएको भए भन्न हुन्थ्यो । नजाने गाउँको बाटै नसोध्नु ।

**जर्नादन ढुंगाना**

केटीलाई त ठिकै हो, केटाहरूका लागि त अत्याचार नै भयो नि ।

**सागर आचार्य**

सही हो, आफ्नो देश, आफ्नै चलन बेस्ट ।

**राम राना**

राम्रै हो नेपालमा पनि यस्तै उर्दी जारी गर्नुपऱ्यो ।

**टीका बन्जाडे**

एकदम सही लाग्यो । भड्किलो रूपमा भ्यालेन्टाइन डे मनाउने युवापुस्तामा राष्ट्रियता जगाउने कदम स्वागतयोग्य छ । अंग्रेजी न्यु इयरमा नेपालमा टोपी दिवस मनाएझैं सकिन्छ भने यो दिन कुनै राष्ट्रिय पर्व मनाऊ ।

**बत्तीमुनी अँध्यारो**

मलाई त सारै मनपऱ्यो । हामीले पनि नेपालमा भ्यालेन्टाइन डेलाई मान्यता दिनु हुँदैन यो हाम्रो संस्कार होइन । रह्यो माया गर्ने वा देखाउने कुरा... के माया दसैं-तिहार जस्तो हो र वर्षमा एकपटक मात्र दर्शाउनुपर्ने ?

**पूजना प्रधान**

हामी सिङ्गललाई के सिस्टर के भ्यालेन्टाइन ? उस्तै-उस्तै हो ।

**वीर विक्रम शाहदेव**

आ-आफ्नो देशको नियम हो, हामीले यसमा टाउको दुखाउन जरुरत छैन ।

**रमेश मगर**

निर्णय सही लाग्यो, हाम्रो नेपालमा पनि यस्तै नियम लागू गर्नुपर्छ ।

**रमन पोखेल**

पाकिस्तान जस्तो कट्टर धार्मिक मुलुकबाट अरू के नै अपेक्षा गर्न सकिन्छ र ?

**शिशिर अर्याल**

प्रेम गर्ने जोडीका लागि त्यही एक दिन पो महत्वपूर्ण हुन्थ्यो कि ? दिदी-बहिनी दिवस मनाउनैपरे अरु कुनै दिन मनाए हुँदैन !

**निरन सुवेदी**

मलाई त सही लाग्यो । आफ्नो परम्परा जोगाउन तथा बढ्दो पश्चिमीकरणलाई निरुत्साहित गर्न केही त गर्नैपर्छ ।

**लप्टन साव**

एक दम राम्रो लाग्यो । नेपालमा पनि यस्तै नियम लागू गर्नुपर्छ ।

**मोहन पल**

जसरी पादरी सेन्ट भ्यालेन्टाइनले प्रेमका लागि निषेधाज्ञा तोडेर प्राण उत्सर्ग गरेका थिए, तिनै पादरीको सम्झनामा भ्यालेन्टाइन डे मनाइने कुरा मरिगए उचित लागेन, बरु पादरीले झैं त्यहाँका हरेक प्रेमी-प्रेमिकाले उर्दी (फतवा) तोडेर भ्यालेन्टाइन डे मनाए अर्को इतिहास पो रचिन्थ्यो कि ?

**कुमार गौतम**


नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना

CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

माघ २७ गते : श्रीपञ्चमी, सरस्वती पूजा
माघ २८ गते : विश्व विज्ञान महिला पहुँच दिवस
फागुन १ गते : विश्व रेडियो दिवस
फागुन २ गते : प्रणय दिवस ।

### मेष

प्रतिस्पर्धामा सफलता हात लाग्नेछ । तपाईंको क्षमताले उचित स्थान प्राप्त गरी पदोन्नतिको ढोका खोल्नेछ । विदेश भ्रमणको अवसर जुट्ने सम्भावना छ । जोडी नम्बरको सवारी साधनले विशेष फाइदा पुऱ्याउन सक्छ । गणेश भगवान्को आराधना गर्दा विघ्नहरू समाप्त हुनेछन् ।

### वृष

विभिन्न परिकारमा रमाउँदै प्रेमिकासँग समय बिताउन पाइनेछ । सानै लगानीबाट अपेक्षा गरेजस्तै मुनाफा हात पर्ला । महत्वपूर्ण कार्य सम्पन्न गर्दा पर्याप्त समय लिएर निर्णय लिनु उचित हुन्छ । अभिभावकको रुचिको ख्याल गर्न बिलम्ब नगर्नुहोला । रोकिएका अवसर फुक्का भै जिम्मेवारी प्राप्त हुन सक्छ ।

### मिथुन

साथीबाट विशेष उपहार प्राप्त होला । प्रतिस्पर्धीले आफ्ना त्रुटि आंल्याइदिँदा पुनः सोही कार्यमा समय खर्चनुपर्ने हुनसक्छ । भौतिक सुविधाका साधन खरिद गर्ने साइत जुर्नेछ । सरोकार नभएको काममा फजुल खर्च बढाउने सम्भावना छ । असहयोगी पारिवारिक परिस्थितिबाट उम्कन अझै केही समय कुर्नुपर्ला ।

### कर्कट

आर्थिक हैरानीबाट उम्कन प्रेमिकाले सहयोग गर्नेछिन् । अध्ययनका निम्ति विदेश जाने अवसर प्राप्त हुन सक्छ । गुप्त शत्रुले छवि बिगार्ने षड्यन्त्र गरे पनि अभिभावकहरूको सुझाव पालन गर्दा त्यस्तो षड्यन्त्रलाई परास्त गर्न सकिनेछ । बुधबार तथा बिहीबार सतर्कतापूर्वक कार्य गर्नुहोला ।

### सिंह

रोजगारीमा प्रतिस्पर्धा गर्दा सहजै सफलता हात लाग्नेछ । फरक ढंगले जीवन निर्वाह गर्ने मनोवृत्ति विकसित हुन सक्छ । अभिभावकहरूसँग मतभेद हुँदा मन खिन्न होला । बिनायोजना आकस्मिक यात्रा गर्नुपर्ला । भोजभतेरमा अनिवार्य उपस्थिति हुनुपर्ने बाध्यात्मक निमन्त्रणा प्राप्त हुनेछ ।

### कन्या

अलोचनालाई सकारात्मक रूपमा लिन सके सहजै उचाइमा पुगिनेछ । स-साना त्रुटिले मर्यादामा आँच पुऱ्याउन सक्छन् । परिवारका सदस्यले तपाईंको लगनगाँठो कसिदिने निर्णय गर्ने सम्भावना छ, बिनाहिचकिचाहट स्वीकार गर्नुहोला । नीलो रंगलाई प्राथमिकतामा राखे फाइदै हुनेछ ।

### तुला

उपलब्धि हात पार्न थप परिश्रम आवश्यक छ । मन पराउनेहरूको सामु स्वाभाविक व्यवहार गर्दा सफलता पाइनेछ । विदेशयात्राको सम्भावना टरेको छैन । साथीहरूसँग घुमफिर तथा गफगाफमा समय व्यतीत गर्दा प्रेमी-प्रेमिका चिढिने सम्भावना छ । साताको अन्त्यमा रोजगारीको चिन्ताले पिरोल्न सक्छ ।

### वृश्चिक

प्रेमी-प्रेमिकाबीचको खटपटमा मल्हम लगाउन सुनौलो रंगको उपहारको आवश्यकता पर्नेछ । हात लागेका अवसरहरूलाई समात्न सके भविष्यको चिन्ता सहजै निर्मूल हुनेछ । चियोचर्चा गर्नेहरूसँग सावधान रहनुहोला । साताको अन्त्यमा सवारी साधन खरिद गर्न उत्सुक भइनेछ ।

### धनु

मनोरञ्जनका क्रममा भेटिएका विपरीत लिंगीहरूले मन पराएको भावना व्यक्त गर्ने सम्भावना छ । साथीभाइहरू सहयोग गर्न तत्पर देखिन्छन् । आफन्तहरूको भेटघाटबीच साता रमाइलोसँग बित्नेछ । पूर्व दिशाको यात्रालाई प्राथमिक दिए नयाँ अवसर फेला पर्न सक्छ ।

### मकर

विशेष उपहारका साथ प्रेम प्रस्ताव प्राप्त हुन सक्छ । प्रियजनसँगको भेटघाटले सातालाई रमाइलो बनाउनेछ । मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउनुका साथै धेरैको मन लोभ्याउन सकिनेछ । आम्दानीको दिगो स्रोत फेला पर्नेछ । सोमबार र मंगलबार अभिभावकहरूलाई रिझाउने प्रयत्न गर्नुहोला ।

### कुम्भ

प्रेमी-प्रेमिका घुमघाम गर्न लालायित भएको अवस्थालाई मध्यनजर गर्दै भ्रमणमा सहभागी भइनेछ । बोलीको प्रभावले नकारात्मक स्थिति सिर्जना गर्न सक्छ, कम बोल्नुमै कल्याण छ । सामाजिक कार्यक्रममा समय खर्चनुपर्ने हुन सक्छ । सवारी साधन चलाउँदा संयम अपनाउनुहोला ।

### मीन

सुनौलो रंगको पहिरनले कार्य सम्पन्न गर्न सहज महसुस गराउनेछ । मन पराउनेहरूले घुमाउरो भाषा प्रयोग गरी प्रेम प्रस्ताव राख्न सक्छन्, संयम अपनाउनुहोला । हेलचेक्र्याइँपूर्वक यात्रा गर्दा आर्थिक नोक्सानीमा पर्न सकिन्छ । नयाँ काम सफल तुल्याउन खर्च र मेहनत दुवैको आवश्यकता छ ।



# प्रेम, यौन र जीवन

विवाहपूर्वको प्रेममा समान हैसियतमा रहेका दुई व्यक्ति विवाहपश्चात् फरक-फरक भूमिकामा पुग्छन् । भूमिका फरक हुन्छ भने व्यवहार पनि फरक हुनु स्वाभाविक हो । विवाहअघि मनोवैज्ञानिक धरातलमा एक-अर्कालाई स्वच्छन्द प्रेम गरिरहेका प्रेमी-प्रेमिका जब पति-पत्नीमा परिणत हुन्छन् तब व्यवहार पनि प्रेमी-प्रेमिकाको होइन पति-पत्नीकै हुन्छ । हाम्रै समाज सापेक्षतामा हेर्ने हो भने विवाहपश्चात् पति मालिक बन्छ पत्नी वस्तु बन्छे अनि मालिकको इच्छा पूरा गरिदिनु वस्तुको कर्तव्य हुन्छ ।

डा. टीकाराम पोखरेल

प्रेम करुणा होइन भावना हो, यो हरेक मानिसको जीवनको हिस्सा हो । जीवन भनेको शरीर होइन, मानिसको भोगाइ हो । एउटा व्यक्तिको जन्मदेखि मृत्युसम्मका भोगाइ र अनुभूतिको समग्रता नै त्यो व्यक्तिको जीवन हो, जसमा प्रेम पनि पर्छ । प्रेम जीवनको सबैभन्दा महत्वपूर्ण पाटो हो । प्रेमबिनाको जीवन अपूर्ण मात्र हुँदैन, प्रेमबिनाको जीवनको कल्पना नै गर्न सकिँदैन ।

प्रेम र जीवन एक-अर्काका परिपूरक हुन् । जहाँ जीवन छ त्यहाँ प्रेम छ । जुन जीवनमा प्रेमको भाव व्यक्त हुँदैन त्यो प्राकृतिक होइन, कृत्रिम हो । कृत्रिमतामा शरीर मात्र हुन्छ, जीवन हुँदैन । जीवनको अर्थ नै जीवन्तता हो । प्रेम शाश्वत सत्य हो । संसारका हरेक व्यक्तिमा प्रेम विषयक गुण हुने भएकाले नै प्रेमलाई शाश्वत सत्य भनिएको हो, तर पनि कतिपय मानिस कृत्रिम सत्य (जो हामी आँखाले देखिरहेका छौं) को आडमा शाश्वत सत्यलाई ढाक्न खोज्छन् । यही कारणले प्रेम र जीवनमाथि धेरैको बुझाइ सामाजिक धरातलमा मात्र छ । मनोवैज्ञानिक धरातलप्रति मानिसहरू उदासीन छ । जब कि प्रेम सामाजिक विषय होइन यो त विशुद्ध मनोवैज्ञानिक विषय हो ।

## प्रेम र यौन

कतिपय मानिस प्रेम र यौनलाई छुट्टा-छुट्टै रूपमा हेर्छन् । प्रेमलाई करुणाको दृष्टिले मात्र हेर्नेहरू यौनलाई प्रेमको विपरीत मान्छन् । यौनलाई मनोवैज्ञानिक आँखाले हेर्न नजान्नेहरू त यौनलाई विकृति नै पनि भन्छन् । आफू यौन समागमबाटै जन्मिएर पनि यौनलाई छिःछिः र दूरदूर गर्ने विद्वत् वर्ग पनि ठूलै छ । यद्यपि यौन र प्रेम फरक विषय होइनन् । प्रेम मानिसको चरित्रगत विशेषता हो भने यौन प्रेमको चरम रूप हो । प्रेमको शारीरिक अभिव्यक्ति यौन हो भने मनको तहमा गरिएको यौन समागम नै प्रेम हो । त्यसैले प्रेम र यौनलाई छुट्टै राख्न सकिँदैन ।

प्रेमबिनाको यौन र यौनबिनाको प्रेम दुवै अपूर्ण हुन् । आफूलाई आदर्श प्रेमका पक्षधर मान्नेहरू प्रेममा यौनको छिटा नै पर्न नहुने भन्ने धारणा राख्छन्, तर तिनीहरू के बुझ्दैनन् कि प्रेममा यौनको अंश नहुँदो हो त विपरीत लिङ्गसँग प्रेम हुने नै थिएन । सायद यस्ता दृष्टिभ्रम भएकाहरू प्रेमलाई करुणाको तहमा मात्र बुझ्न सक्छन् । विपरीत लिङ्गबाहेक अरूसँग हुने प्रेम भावनाको भन्दा पनि करुणाको तहमा हुन्छ । भावनात्मक निकटताको प्रेम विपरीतलिङ्गी प्रेम हो र त्यसमा कुनै न कुनै रूपमा यौनको घुलन हुन्छ । चाहे त्यो शारीरिक तहमा होस् वा मनोवैज्ञानिक तहमा नै किन नहोस् ।

यौनलाई शारीरिक आनन्दको क्रियाकलाप मान्ने र बुझ्नेहरू पनि छन् । पछिल्लो समय विश्वका कतिपय देशमा यौन पर्यटनका कुरा आइरहेका छन् । विश्व यौनबजारमा यौन पारखीहरूको मेला चलेको छ, तर यी बजारमा बिक्री हुने यौन सतही आनन्दका कुरा हुन् । जहाँबिना प्रेम यौन समागम हुन्छ त्यसबाट चरम आनन्द प्राप्त हुन सक्दैन । यौनमा ऊर्जा चाहिन्छ । बजारको यौनमा ऊर्जा हुँदैन किनभने त्यहाँ मन हुँदैन, शरीर मात्र हुन्छ, मन नभएपछि प्रेम हुँदैन, बिनामनको शरीरले यौनमा ऊर्जा दिन सक्दैन । बिनाप्रेमको यौनले ऊर्जा समाप्त गरिदिन्छ । प्रेमसहितको यौनमा मात्र ऊर्जा थपिन्छ । त्यसैले जुन यौन समागममा प्रेम छैन त्यसमा चरम सुख छैन । शरीरले यौनको वास्तविक आनन्द लिन सक्दैन । शरीरले लिएको आनन्द सतही आनन्द मात्र हो । यौनमा आनन्दका लागि मानिस शारीरिक रूपमा भन्दा मनोवैज्ञानिक रूपमा सबल हुनु आवश्यक छ ।

## प्रेम र विवाह

प्रेम र विवाह बिल्कुलै भिन्न कुरा हुन् । प्रेम भनेको भावनाको मिलन हो भने विवाह सामाजिक मिलन । कतिपयले त विवाहलाई मिलन भन्दा पनि सम्झौता भन्छन् । पछिल्लो समय अधिकांश प्रेमसम्बन्ध विवाहमा परिणत भैरहेका छन् । विवाहमा परिणत भएका यी प्रेमकहानीहरू सामाजिक दृष्टिमा सुन्दर पनि लाग्छन् । यद्यपि प्रेमजस्तो स्वतःस्फूर्त विषयलाई विवाहजस्तो सम्झौतामा परिणत गर्दा प्रेम कति बाँच्छ र कति मर्छ भन्ने विषयमा चाहिँ कसैले विचार गरेको पाइँदैन ।

विवाहपूर्वको प्रेममा समान हैसियतमा रहेका दुई व्यक्ति विवाहपश्चात् फरक-फरक भूमिकामा पुग्छन् । भूमिका फरक हुन्छ भने व्यवहार पनि फरक हुनु स्वाभाविक हो । विवाहअघि मनोवैज्ञानिक धरातलमा एक-अर्कालाई स्वच्छन्द प्रेम गरिरहेका प्रेमी-प्रेमिका जब पति-पत्नीमा परिणत हुन्छन् तब व्यवहार पनि प्रेमी-प्रेमिकाको होइन पति-पत्नीकै हुन्छ । हाम्रै समाज सापेक्षतामा हेर्ने हो भने विवाहपश्चात् पति मालिक बन्छ पत्नी वस्तु बन्छे अनि मालिकको इच्छा पूरा गरिदिनु वस्तुको कर्तव्य हुन्छ ।

## विवाहपछिको प्रेम

नेपाली समाज पूर्वीय धर्म, संस्कृति एवं परम्परामा आधारित छ । पश्चिमा संस्कृतिमा झैं प्रेमको मामिलामा हाम्रो समाज त्यति पूर्ण उदार छैन । हाम्रो समाज भन्छ- 'विवाहपश्चात् पतिले पत्नीलाई र पत्नीले पतिलाई मात्र प्रेम गर ।' विवाहपश्चात्को परपुरुष वा परस्त्री प्रेमलाई हाम्रो समाज पचाउँदैन । सामाजिक आँखाले हेर्दा विवाहपश्चात्को परपुरुष/स्त्री प्रेम अनैतिक देखिन्छ, कारण यसले सामाजिक मूल्य-मान्यतालाई ध्वस्त पारिरहेको छ । प्रेम गर्नेहरू कर्तव्यविमुख भैदिँदा वा उत्छृङ्खल हुन पुग्दा समाजको नकारात्मक धारणालाई अन्यथा मान्न पनि सकिँदैन ।

यद्यपि हाम्रो सामाजिक मान्यतालाई थाति राखेर सोच्दा विवाहपछिको प्रेम पनि स्वाभाविक ठहर्छ । विवाहपछि पतिले पत्नीलाई र पत्नीले पतिलाई मात्र माया गर्नुपर्छ भन्ने कुरा सामाजिक रूपमा जति प्रिय लाग्छ, मनोवैज्ञानिक आँखामा त्यत्तिकै अप्राकृतिक पनि देखिन्छ । प्रेम गर्न मनको आकर्षण चाहिन्छ । कुनै व्यक्तिबीच मनको आकर्षण छैन, चाहे ती पति-पत्नी नै किन नहुन्, त्यहाँ करुणा र दयाको प्रेम त बाँकी रहला तर भावनात्मक प्रेम हुँदैन । भावनाको प्रेम भनेको जोसँग मनको आकर्षण हुन्छ त्यहीसँग हुने कुरा हो । यसकारण पति वा पत्नी दुवैले आफ्नो पति/पत्नीबाट प्रेम प्राप्त गर्न आफ्नो विवाहको लाइसेन्स तेर्स्याएर अधिकार खोजेर हुँदैन भावनात्मक मायाले एक-अर्कालाई जित्न सक्नुपर्छ ।

प्रेमका विश्लेषकहरू भन्छन्- 'प्रेम भनेको सम्बन्ध होइन, मनस्थिति हो ।' कसैले तोकिदिएको व्यक्तिसँग सम्बन्ध त होला तर प्रेम हुन सक्दैन, किनभने समाजले तोकिदिएको व्यक्तिसँग आफ्नो मन नजोडिन सक्छ । प्रेम बुद्धिको विषय होइन, जसमा दिमागले काम गरोस् । प्रेम त हृदयको विषय हो । प्रेमले सामाजिक नियम मान्दैन, यसले न त विज्ञानका तर्क र प्रमाणहरूलाई नै स्थान दिन्छ । हृदयको विषय भएकाले प्रेम निर्बन्धन बगिरहन्छ जताततै । भनिन्छ- 'प्रेम गर्ने मन अराजक हुन्छ ।'

## प्रेम र समाज

प्रेम के हो भन्ने विषयमा हरेक समाजका आ-आफ्नै धारणा छन् । कुनै समाज प्रेमप्रति उदार हुन्छ त कुनै समाज अनुदार । हाम्रो समाज प्रेमप्रति मिश्रित धारणा राख्छ । कुनै समय थियो, प्रेम गर्नुलाई उत्ताउलोपनको संज्ञा दिइन्थ्यो । प्रेमविवाह गर्नेलाई 'पोइल गएको' भन्ने पुस्ताको अवशेष अझै बाँकी छ । नयाँ पुस्ताले प्रेमविवाहलाई 'पोइल गएको' त भन्न छोड्यो, तर पनि प्रेमलाई हेर्ने आँखा भने असामजिक नै छ । कुनै व्यक्तिले कसैसँग प्रेम गऱ्यो भने कोसँग प्रेम गऱ्यो ? कस्तो मानिससँग प्रेम गऱ्यो ? प्रेम गरेको मानिस कति धनी हो ? प्रेम गरेको मानिस प्रतिष्ठित हो कि होइन ? आदि जस्ता प्रश्न अझै पनि उठिरहेका छन्, तर मन त्यस्तो यन्त्र होइन जसले समाजले तोकिदिएको प्रतिष्ठित र धनी मानिससँग प्रेम गरोस् । मनले त त्योसँग प्रेम गर्छ जोसँग मनको निकटता हुन्छ । धन, प्रतिष्ठा र पद त मनका विषय नै होइनन् मात्र समाजका विषय हुन् । यसकारण प्रेम सामाजिक विषय होइन, मनोवैज्ञानिक विषय हो भनेर स्वीकार गर्ने हो भने प्रेमलाई मनोवैज्ञानिक आँखाले नै हेर्नुपर्छ । सामाजिक बन्धनमा प्रेम टाक्सिन्छ । मनोवैज्ञानिक धरातल नै प्रेमका लागि उर्वर भूमि हो ।


प्रेम र समाज न छुट्ट्याउन सकिने न मिलाउन सकिने जस्ता विषय हुन् । प्रेम सामाजिक मानिसले नै गर्ने भए पनि प्रेमको महासागरमा डुब्दै गएपछि त्यो सामाजिक मानिस पनि मनोवैज्ञानिक बन्छ र समाजलाई पूर्णतः भुलिदिन्छ । प्रेमलाई सामाजिक धरातलमा न्याय नमिल्ने भएकाले नै प्रेमिप्रेमिकाहरू समाजलाई भुल्छन् । हाम्रो जस्तो सामाजिक आँखाले त प्रेमलाई चिन्नै सक्दैन । त्यसैले हाम्रो समाज प्रेमको साधक होइन, बरू बाधक हो ।

के प्रेम स्वच्छन्द छ भन्दैमा जसले जहाँ जोसँग पनि प्रेम गर्न सक्छ त ? यो प्रश्नको उत्तर त्यति सरल छैन तर असम्भव पनि छैन । हरेक मानिसमा प्रेम तत्त्व छ र त्यो तत्त्व अर्को त्यस्तै तत्त्वगत निकटता भएको मानिससँगको भावनात्मक अनुभूतिले मात्र ब्युँझन्छ, न कि समाजले तोकिदिएको मानिससँग ब्यूँझियोस् । एउटा व्यक्तिको शरीरलाई अर्को व्यक्तिको शरीरसँग निकट हुन वा टाढा रहन बाध्य पार्न वा बन्देज लगाउन सकिएला तर के उनीहरूबीचको मनलाई बन्देज लगाउन सकिन्छ ? सकिँदैन । बन्देजका जतिसुकै बलिया सामाजिक पर्खाल भए पनि मनले तोडिदिन्छ । मानिसको अवचेतन मन समाजको त कुरै छाडौं स्वयम् आफ्नो वशमा समेत हुँदैन । तब मनमाथि बन्देज किन ? के बन्देजले प्रेम रोकिएको छ र ?




# कथा त्रिकोणात्मक प्रेमको









कुनै समय थियो, भारतीय क्रिकेटका दुई स्टार खेलाडी मुरली विजय र दिनेश कार्तिकबीच राम्रो मित्रता थियो, तर अहिले उनीहरूबीच बोलचाल त छैन नै, उनीहरू एक-अर्काको अनुहारसम्म हेर्न चाहँदैनन् । दुवै चेन्नईका खेलाडी हुन् र अहिले पनि भारतीय टिमबाट खेल्ने राम्रा दावेदार हुन् । विकेटकिपर तथा ब्याट्सम्यान दिनेशले सन् २००७ मा निकितासँग विवाह गरेका थिए । उनीहरू दुवै सानै उमेरदेखिका साथी थिए, दुवैको परिवार पनि नजिक थियो ।

सन् २०१२ को इन्डियन प्रिमियर लिग (आईपीएल) का क्रममा निकिता प्रारम्भिक ब्याट्सम्यान विजयको सम्पर्कमा आइन् अनि तयार भयो, त्रिकोणात्मक प्रेम सम्बन्धको कथा । दिनेशसँग विवाहित भएर पनि निकिता विजयको नजिक पुगिन् । आखिर दिनेशले निकितासँग डिभोर्स लिए । यता निकिताले विजयसँगै दोस्रो विवाह गरिन् । विवाहका क्रममा उनी 'प्रेगेनेन्ट' समेत थिइन् । उक्त गर्भस्थ शिशु कसको थियो, अहिलेसम्म कसैले केही बताएको छैन ।

यद्यपि विजय नवजात शिशुको अभिभावकत्व लिन सहर्ष तयार थिए । अहिले उनीहरू आफ्नो सम्बन्धलाई लिएर खुसी छन् । जति बेला भारतीय क्रिकेटमा प्रेम प्रसङ्गको चर्चा हुन्छ, विजय र दिनेशका सम्बन्धमा पनि कुरा उठ्छ र त्यति बेला सबैले अप्ठ्यारो अनुभव गर्छन् । विश्व खेलकुदमा यस्ता घटना दुर्लभ नै भने होइनन् । त्रिकोणात्मक प्रेमको अरू पनि यस्तै कथा सुन्न पाइन्छ, जसको दुवै पक्षमा खेलाडी नै रहने गरेका छन् ।

अर्जेन्टिनी फुटबलका समर्थकका लागि म्याक्सी लोपेज र मउरो इकार्डी परिचित नाम हुन् । उनीहरू दुवै एक समय इटालीमा व्यवसायिक फुटबल खेल्थे, त्यो पनि एउटै क्लब साम्पडोरियाबाट । त्यस क्रममा उनीहरूबीच नजिकको सम्बन्ध रह्यो । भनिन्छ, त्यसै क्रममा इकार्डीले आफ्ना साथीकी पत्नी चोरे । एक दिन समाचार के आयो भने लोपेजकी पत्नी वान्डा नाराले आफ्ना श्रीमानलाई छाड्ने भइन् । प्रश्न थियो– किन ?

उत्तर थियो– इकार्डीका लागि । अहिले इकार्डी इटालीकै अर्को ठूलो क्लब इन्टर मिलानबाट खेलिरहेका छन् । उनी क्लबका कप्तान पनि हुन् र लियोनल मेसीपछि उनलाई अर्जेन्टिनी फुटबलको सबैभन्दा ठूलो नाम मानिन्छ । इकार्डीले आखिर तिनै नारासँग विवाह गरे । जत्तिकै उत्कृष्ट खेलाडी भए पनि इकार्डीले खासमा अर्जेन्टिनाका लागि राम्रोसँग खेल्न पाएका छैनन् । यसको कारण भने मेसी हुन् । मेसीलाई इकार्डीको काम पटक्कै चित्त बुझेको छैन् । फेरि मेसी लोपेजका नजिकका साथी पनि हुन् । त्यसैले मेसी सकेसम्म इकार्डीलाई अर्जेन्टिनाबाट खेल्न रोक्ने प्रयास नै गर्छन् ।

यस्तै एउटा घटना इंग्लिस फुटबलमा घटेको थियो र त्यसलाई खेल प्रेमीहरू अहिले पनि सम्झिन्छन् । घटना सन् २०१० को विश्वकपअघिको हो, त्यति बेला इंग्लिस फुटबलमा यो घटनाले ठूलै काण्डको रूप लिएको थियो । उक्त विश्वकपमा सहभागी खेलेको इंग्लिस टिमका दुई प्रमुख सदस्य थिए, जोन टेरी र वायन ब्रिज ।

दुवै एउटै क्लब चेल्सीबाट खेल्थे । टेरी त चेल्सीका कप्तान पनि थिए, तर उनले ब्रिजकी प्रेमिका भनेसासँग सम्बन्ध बढाए र उनलाई गर्भवतीसमेत बनाए । यसले एकातर्फ ब्रिजको सम्बन्ध टुट्यो भने अर्कातर्फ टेरीको निजी जीवन पनि तहसनहस जस्तै भयो । पछि ब्रिज म्यानचेस्टर सिटी गए । इंग्लिस प्रिमियर लिगमा चेल्सी र सिटीबीच खेल भयो, सन् २०१० मा । त्यति बेला खेल सुरु हुनुअघि ब्रिजले टेरीसँग हात मिलाउन अस्वीकार गरेका थिए ।

अर्को कथा पनि फुटबलकै हो र यो अझ गज्जबको छ । अहिले बेल्जियमको फुटबलका दुई ठूला नाम हुन्, केभिन डे ब्रुन र थिबो कोर्टियस । दुवैको राम्रो प्रदर्शनकै कारण बेल्जियमको फुटबल अहिले माथिल्लो दर्जामा छ । यो घटना भने केही पुरानो हो, जति बेला डे ब्रुन जर्मनीमा उल्भबर्गबाट खेल्थे, त्यति बेला उनले आफ्नी प्रेमिकालाई धोका दिँदै तिनै प्रेमिकाकी सबैभन्दा मिल्ने साथीसँग सम्बन्ध राखेका थिए ।

उक्त घटनापछि क्यारोलिन लिन्जेन नामकी ती युवती स्तब्ध त भइन् नै, उनीहरूबीचको सम्बन्धसमेत नाजुक मोडमा पुग्यो । यता लिन्जेन पनि कम थिइनन् र उनले पनि डे ब्रुनसँग बदला लिने सोच बनाइन् । यसका लागि उनले डे ब्रुनकै सबैभन्दा नजिकका साथीसँग सम्बन्ध राखिन र ती साथी थिए– गोलरक्षक कोर्टियस । यो घटनापछि डे ब्रुन र कोर्टियस कहिल्यै राम्रा साथी हुन सकेनन्, भलै उनीहरू बेल्जियमका लागि सँगै खेल्छन् ।

# भोलिदेखि डीपीएल थ्री



तस्बिर : क्रिकेटिङ नेपाल

नेपालमा फ्रेन्चाइज क्रिकेटको जग हाल्ने सबैभन्दा ठूलो श्रेय जान्छ, धनगढी प्रिमियर लिग (डीपीएल) लाई । मोफसलमा राष्ट्रिय स्तरमा ठूलो क्रिकेट प्रतियोगिता हुन सक्छ भनेर विश्वास तयार गर्ने काम पनि यसैले गरेको हो । त्यति मात्र होइन, अहिले नेपाली क्रिकेटमा पश्चिमेली खेलाडीहरूको बाहुल्य छ । एकपछि अर्को पश्चिमेली खेलाडीको उदय भैरहेको छ, अझ भनौं सुदूर पश्चिमेलीको । यसको जस पनि डीपीएललाई नै जान्छ ।

यही डीपीएलको तेस्रो संस्करण भोलिदेखि धनगढीमा प्रारम्भ हुँदैछ अर्थात् अब पालो हो– डीपीएल थ्रीको । यसअघिका दुवै संस्करण संयोगले टिम चौराह धनगढीले नै जितेको थियो । अहिले यो टिमको स्वामित्व फेरिएको छ र अहिले टिमका मालिक हुन्- कृष्ण बोहराको समूह । अब यसको नयाँ नाम जुरेको छ, धनगढी स्टार्स । यसपटक धनगढी सोमपाल कामीको नेतृत्वमा छ । पहिलो दिनको खेलमा धनगढीले विराटनगर किङ्सको सामना गर्नेछ ।


त्यसपछि प्रतियोगितामा सहभागी छ टिममध्ये दोस्रो दिन महेन्द्रनगर युनाइटेडले गत वर्षको उप विजेता काठमाडौं गोल्डेन्सविरुद्ध खेल्नेछ । लगत्तै विराटनगरले सीवाईसी अत्तरियाको सामना गर्नेछ । प्रतियोगिताको अर्को टिम रुपन्देही च्यालेञ्जर्स हो । माघ २६ देखि फागुन ११ गतेसम्म चल्ने यो प्रतियोगिताका क्रममा ६ वटा फ्रेन्चाइज टिमले सुरुमा प्ले अफ खेल्नेछन् । त्यसको समाप्तिमा शीर्ष दुई टिमले क्वालिफायर १ खेल्नेछ र त्यसको विजेता फाइनल पुग्नेछ ।

तेस्रो र चौथो हुने टिमले इलिमिनेटर खेल्नेछन् अनि त्यसको विजेताले क्वालिफायर १ मा पराजित टिमको सामना गर्नेछ । त्यसमा विजयी टिम फाइनल पुग्ने अर्को टिम हुनेछ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको मान्यता पाइसकेको डीपीएल थ्रीका प्रत्येक टिममा १५ खेलाडी हुनेछन् । त्यसमा अक्सनबाट ११ जना खेलाडी छानिएका छन् । त्यसपछि १ जना स्थानीय प्रतिभाशाली खेलाडी रहनेछन् अनि १ मार्की प्लेयर तथा अर्का दुई जना विदेशी खेलाडी ।

यसपटकको प्रतियोगिताको सबैभन्दा ठूलो विशेषता हो– डीपीएलका खेल फाप्ला क्रिकेट मैदानमा हुनेछन् । यसअघि प्रतियोगिताका दुवै संस्करण एसएसपी क्रिकेट ग्राउन्डमा भएका थिए । फाप्ला मैदान धनगढी उपमहानगरपालिका-३ स्थित मोहना नदीको किनारमा छ । डीपीएलको आयोजक धनगढी क्रिकेट एकेडेमीले दुई वर्ष अगाडि नै 'ड्रिम फाप्ला' अभियान सुरु गरेको थियो । त्यस क्षेत्रको सबैभन्दा महत्त्वकांक्षी क्रिकेट योजना हो– फाप्ला क्रिकेट मैदान ।

सुदूरपश्चिम प्रदेश सरकारले फाप्ला क्रिकेट मैदानको स्तरोन्नतिका लागि चालू आर्थिक वर्षमा ५ करोड रुपैयाँ विनियोजन गरेको छ । डीपीएल थ्रीका क्रममा यो मैदान आफैं पनि परीक्षाबाट गुज्रिनेछ । जति बेला यो पूर्ण रूपमा तयार हुनेछ, यो नेपाली क्रिकेटकै लागि एउटा कोसेढुंगा सावित हुनेछ । आयोजक सुवास शाहीका अनुसार पनि यसपटकको डीपीएल थ्री तथा फाप्ला मैदानको प्रयोगसँगै नेपाली क्रिकेट नयाँ युगमा प्रवेश गर्नेछ ।

मैदान बाहिर



तस्बिर : क्रिकेटिङ नेपाल

# सोमपालको जन्मदिन

क्रिकेट टुरकै क्रममा आफ्नो जन्मदिन मनाउन पाउनु पनि भाग्यमानी नै हुनु रहेछ । यस्तै भाग्यमानी खेलाडी रहे, सोमपाल कामी । माघ १८ गते सोमपालको जन्मदिन परेको थियो । त्यति बेला नेपाली राष्ट्रिय टिम संयुक्त अरब इमिरेट्स (युएई) मा थियो ।

त्यस क्रममा सोमपालले टिमका सबै साथी खेलाडी, प्रशिक्षक एवं पदाधिकारीहरूका अघि केक काटेर आफ्नो जन्मदिन मनाए । सोमपालले ट्विटरबाट सबैलाई धन्यवाद दिँदै लेखे, 'जन्मदिनको शुभकामना दिनु हुने सबैलाई धन्यवाद । व्यस्तताबीच पनि समय निकालेर मलाई शुभकामना दिनुको विशेष अर्थ छ ।'

# अब घरेलु श्रृंखला




पछिल्लो एक साता नेपाल पूर्णतः क्रिकेटमय रह्यो । नेपाल एकदिवसीय तथा टी–२० श्रृंखला खेल्न युएई गएको थियो । दुवै श्रृंखलामा नेपालको जित ऐतिहासिक सफलता थियो । श्रृंखलाकै क्रममा धेरै कीर्तिमान पनि बने । त्यस क्रममा नेपाली मिडिया पनि स्वभाविक रूपमा क्रिकेटमय भयो । जति बेला नेपाली टिम युएईबाट काठमाडौं फर्कियो, खेलाडीहरूलाई स्वागत गर्न हजारौं क्रिकेट समर्थक त्रिभुवन विमानस्थल पुगेका थिए ।

समर्थक कति धेरै थिए भने खेलाडीहरूलाई मुस्किल भैरहेको थियो, विशेषतः कप्तान पारस खड्कालाई । त्यसैले उनले सुटुक्क साथीको गाडी चढेर बाहिर निस्कनुपर्‍यो । टिम बससम्म पुग्ने स्थिति पनि थिएन । त्यसअघि पारसले मिडियासँग लामै कुराकानी गरे । आफ्नै ट्विट र फेसबुकबाट पनि उनले सबैलाई धन्यवाद दिए ।

अब एउटै प्रश्न छ– नेपालले आफ्नै भूमिमा कहिले श्रृंखला खेल्नेछ ? अनि कोसँग ? यसको जवाफ पारससँग छ । उनले भनेका छन्, 'नेपालले अब चाँडै घरमै श्रृंखला खेल्नेछ । त्यसका लागि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको टिम कीर्तिपुरस्थित क्रिकेट मैदान निरिक्षण गर्न आउँदैछ ।' तय छ, जति बेला नेपालले घरमै एकदिवसीय र टी–२० सिरिज खेल्नेछ, त्यति बेला दर्शकहरू उर्लनेछन् । दर्शकको यस्तो क्रेज नेपालबाहेक अरू क्रिकेट खेल्ने देशतिर विरलै पाइन्छ ।

# जोन्टी रोड्सको नेपाल प्रेम




विश्व क्रिकेटले देखेका ठूला नाममध्ये एक हुन्, दक्षिण अफ्रिकाका– जोन्टी रोड्स । उनी फिल्डिङका कारण सधैं चर्चामा रहे । तिनै रोड्सलाई नेपाल धेरै मन परेको छ । केही समयअघि मात्र नेपाल आएका रोड्स धनगढी प्रिमियर लिग डीपीएल श्रीका गुडविल एम्बेसडरसमेत हुन् । त्यसको अर्थ उनी पूरा प्रतियोगिताका क्रममा धनगढीमै हुनेछन् । जोन्टी पहिलो पटक नेपाल आउँदा उनलाई यो देश कति मन पर्‍यो भने उनी तोकिएको समय भन्दा बढी यहाँ बसे । त्यसक्रममा उनी शाश्वतधाम पुगे र त्यहाँ पूजासमेत गरे । सम्भवतः यसपटक पनि रोड्सले धनगढी बसाइका क्रममा आफूलाई क्रिकेटमा मात्र सीमित राख्ने छैनन् ।



# नेपाली हक्कीको दाबी

विविध कारणले विश्वस्तरमै आफ्नो लोकप्रियता गुमाउने खेलमा पर्छ– हक्की । कुनै समय नेपालमा पनि हक्की निकै लोकप्रिय थियो, अहिले लगभग शून्यको स्थितिमा छ । यद्यपि नेपाल हक्की संघको दाबी मान्ने हो भने नेपाली हक्कीमा धेरै काम भैरहेको छ । हालै मात्र चार जना नेपाली खेलाडीले पाकिस्तानमा यो खेल खेल्ने भएका छन् । यी चार खेलाडी हिरोज क्लबसँग अनुबन्ध भएका हुन् । संघले केही समयअघि मात्र साहना प्रधानको स्मृतिमा एउटा प्रतियोगिता सम्पन्न गरेको थियो । संयोगले हक्की संघका अध्यक्ष उमेशलाल श्रेष्ठ साहनाकै छोरा हुन् । उनी लामो समयदेखि हक्की संघमा छन् र समय-समयमा विवादमा पनि परिरहन्छन् । हालै मात्र नेपाली मिडियासँगको कुराकानीमा उनले दाबी गरे– दुई तीन वर्षमा नेपाली हक्कीमा ठूलै परिवर्तन आउनेछ ।

# कोलकाताबाट घाँस




खेलकुद खेलाडी, टिम र प्रतियोगितामै मात्र सीमित हुँदैन । यसका अरू धेरै प्राविधिक पक्ष पनि छन् । यसमै एउटा हुन सक्छ, घाँस । मैदानको घाँस कस्तो छ, त्यसले फुटबल र क्रिकेटजस्ता खेलमा धेरै फरक पार्छ । ढिलो-चाँडो जुन समयमा होस्, नेपालगञ्जतिर राष्ट्रिय खेलकुद हुने नै छ । त्यसका लागि अहिले नेपालगञ्ज रंगशालामा तयारी चलिरहेको छ र हालै मात्र त्यहाँ बुर्मडा घाँस रोपिएको छ । उक्त घाँस लगभग ४० लाख रुपैयाँ खर्चेर भारतको कोलकाताबाट ल्याइएको हो । रमाइलो कुरा के भने उक्त घाँसलाई फिफाले समेत मान्यता दिएको छ । नेपालमा यस्तो घाँस रोपिएको यो पहिलो घटना हो । जति बेला उक्त घाँसले पूर्ण रूप लिनेछ, त्यति बेला नेपालगञ्ज रंगशाला वास्तवमै मोहक र हरियो देखिनेछ ।

# सेलिब्रेटी महर्जन




सफलताले एउटा खेलाडीलाई कसरी सेलिब्रेटी बनाउँछ भन्ने कुराको पछिल्लो उदाहरण भएका छन्– महेश्वर महर्जन । दसौं विश्व शारीरिक सुगठन प्रतियोगितामा स्वर्ण पदक जितेपछि चर्चामा आएका महर्जनलाई यतिबेला सम्मान थाप्न र विभिन्न उद्घाटन गर्न भ्याइ-नभ्याइ छ । फागुन ३-४ गते नेपालमै आयोजना हुन लागेको अन्तर्राष्ट्रिय स्तरको शारीरिक सुगठन प्रतियोगिताको लागि तयारी गरिरहेका महर्जन गत शनिबार रुपन्देहीमा देखापरे । त्यहाँ उनले विभिन्न संघसंस्थाले दिएको सम्मान थापेका थिए भने विगत ७ वर्षदेखि महिलाहरूलाई शारीरिक फिटनेसको सेवा दिँदै आएको सि-इनर्जी लेडिज फिटनेस सेन्टरको उद्घाटनसमेत गर्न भ्याए । सोही कार्यक्रममा प्रथम महिला अन्तराष्ट्रिय पदक विजेता ननिता महर्जनलाई समेत कदरपत्रद्वारा सम्मान गरिएको थियो ।



तस्बिर : एजेन्सी

# नाडाल र परेलोको इन्गेजमेन्ट

१४ वर्षदेखि डेटिङमा रमाइरहेका टेनिस खेलाडी राफेल नाडाल तथा उनकी प्रेमिका सिस्का परेलोबीच इन्गेजमेन्ट भएको छ । १७ पटकका ग्रान्ड स्लाम विजेता राफेल नाडाल केही दिन पहिले सम्पन्न अस्ट्रेलियन ओपन टेनिसमा राम्रो प्रदर्शन गर्न नसके पनि हाल आफ्नी गर्लफ्रेन्डसँगको इन्गेजमेन्टका कारण चर्चामा छन् । स्पेनको होला म्यागजिनले पहिलो पटक उक्त समाचार सार्वजनिक गरेको हो । केही महिनापहिले बिदा मनाउन इटालीको रोम गएको समयमै नाडालले परेलोलाई इन्गेजमेन्ट रिङ लगाइदिएको बताइन्छ । उनीहरू यही वर्ष विवाह बन्धनमा बाँधिने सम्भावना छ । राफेल नाडालले करिब १० वर्ष पहिले स्थापना गरेको फाउन्डेसनको प्रोजेक्ट डाइरेक्टर परेलो एक इन्स्योरेन्स पोलिसी वर्करसमेत हुन् । नाडाल कोर्टमा हुँदा सिस्का प्रायः जसो दर्शक दीर्घामा हुन्छिन् ।

जाँदा-जाँदै

# अहिलेसम्म सिंगल नै छु

पल शाह, अभिनेता

अभिनेता पल शाह अहिले असाध्यै व्यस्त छन् । चलचित्र तथा म्युजिक भिडियोमा त उनी व्यस्त थिए नै, यसै सातादेखि उनले मोफसलमा आयोजना हुने महोत्सवमा समेत सहभागिता जनाउन थालेका छन् । यसअघि महोत्सवहरूमा अतिथिका रूपमा सहभागिता जनाउने अभिनेता शाह यसै साता आयोजित टीकापुर महोत्सवमा भने पर्फमरका रूपमा सहभागी भए । टीकापुर महोत्सवमा आफ्ना तीन जना साथीसँग स्टेजमा उक्लिएर आफ्ना चारवटा लोकप्रिय गीतमा कम्मर मर्काउँदा आयोजकहरूलाई दर्शकहरूको भीड नियन्त्रण गर्न मुस्किल परेको थियो । मंगलबार साँझ टीकापुरबाट काठमाडौं फर्किएका अभिनेता शाहसंग साप्ताहिकका कृष्ण भट्टराईको जम्काभेट :

**हुँदा-हुँदा महोत्सवमा पनि छाउन थाल्नुभयो हैन ?**

(हाँस्दै) ..त्यस्तै भन्नु पऱ्यो । आयोजक साथीहरूको अनुरोधलाई नाइँ भन्न सकिन । वास्तवमा म महोत्सवहरूमा अतिथिका रूपमा मात्र सिमित थिएँ, तर कलाकार भएपछि प्रस्तुति पनि दिनुपर्छ भन्ने लागेर पहिलो पटक महोत्सवमा नृत्य गरेको हुँ ।

**यसलाई निरन्तरता पनि दिने योजना छ कि ?**

समयले भ्याएसम्म निरन्तरता दिनेछु ।

**महोत्सवको तपाईंको पहिलो प्रस्तुति कस्तो रह्यो ?**

उत्कृष्ट, टीकापुरका दर्शकहरू अति नै मज्जाका हुनु हुँदो रहेछ । मेरो प्रस्तुतिसँगै नाचेर साथ दिनुभयो ।

**कतिवटा गीतमा नाच्नु भयो ?**

पिरतीको मिठो तिर्सना, रूपै मोहनी, पिरतीको बर्को तथा पोखराका गायक विनोद बानियाँको बलेनीमा (आधुनिक) गीतमा नृत्य गऱ्यौं । मसँगै अरू तीन जना नृत्य कलाकारको एउटा समूह छ । टीकापुरको यो प्रस्तुतिपछि अन्य महोत्सवमा हाम्रो माग बढ्ने निश्चित छ ।

**त्यसरी नृत्य गर्दा जोडीको खाँचो परेन ?**

जोडीसहित प्रस्तुत हुन पाउँदा त रमाइलै हुन्थ्यो होला, तर सधैं त्यस्तो संयोग जुर्दैन ।

**भिडियो र चलचित्रमध्ये एउटा रोज्नुपऱ्यो भने ?**

रथमा एउटा मात्र पांग्रा राख्दा नगुडे जस्तै हो । म दुवै विधामा उत्तिकै सक्रिय हुन रुचाउँछु ।

**कुनलाई बढी समय दिनुहुन्छ ?**

भिडियो छोटो समयमै सकिन्छ, चलचित्रलाई बढी समय दिनुपर्छ । यद्यपि म समय मिलाएर काम गर्छु । पछिल्लो चलचित्र वीर विक्रमको छायांकनमा व्यस्त हुँदा झण्डै १२ वटा भिडियो पेन्डिङमा भए । धेरैवटा गरिसकें, अब पाँचवटा जति बाँकी छन् । दिनका दिन नयाँ भिडियोबाट प्रस्ताव आउने क्रम रोकिएको छैन ।

**भिडियोमा बढी समय दिंदा चलचित्रका दर्शक बाँडिन्छन् जस्तो लाग्दैन ?**

दुवै विधामा हामीले आफ्नो कला प्रस्तुत गर्ने हो । भिडियो त अझ छिटो दर्शकमाझ पुग्छ । त्यसैले हामी कलाकारले यो भिडियो, यो चलचित्र भनेर भेदभाव गर्नुहुँदैन ।

**विदेश जाने तयारीमा हुनुहुँदो रहेछ ?**

हो, यही साता चलचित्र वीरविक्रम-२ को बाँकी छायांकनका लागि हामी युरोप जाँदैछौं ।

**वीरविक्रम-२ बाट कत्तिको आशावादी हुनुहुन्छ ?**

अत्यन्त आशावादी छु । निर्देशक मिलन चाम्सले मसहित वर्षा शिवाकोटी, नाजिक हुसेन तथा बुद्धि तामाङबाट यति धेरै काम निकाल्नु भएको छ कि म शब्दमा त्यसको वर्णन गर्न सक्दिन ।

**पिरतीको मिठो सम्झनाको सफलताप्रति तपाईंको धारणा ?**

अत्यन्त मिठो । पुसको चिसोमा मुस्ताङको डाँडामा गरेको मेहनतले रंग ल्याएको छ । त्यो गीतबाट पनि अनुमान लगाउन सक्नुहुन्छ, चलचित्र कस्तो बनेको होला ?

**नयाँ चलचित्र हृदयभरीमा कस्तो भूमिका छ ?**

फागुन २२ गतेदेखि फ्लोरमा जाने उक्त चलचित्रमा मैले पोल्ट्रिफार्म सञ्चालन गरेर बसेको एउटा युवकको चरित्र निर्वाह गरेको छु । मेरो भूमिका लभर ब्वाइको हो ।

**भ्यालेन्टाइन डे नजिकिँदै छ, के छ प्लान ?**

(हाँसो) म यसपटकको भ्यालेन्टाइन डेमा नेपालमा हुन्न, किनभने म आज शुक्रबार नै बेलायततर्फ प्रस्थान गर्दैछु ।

**अघिल्ला भ्यालेन्टाइन डे कसरी मनाउनु हुन्थ्यो ?**

मेरो कोही स्पेशल भ्यालेन्टाइन नभएकाले अहिलेसम्म मनाएको छैन ।

**तपाईंकी त जोडी त छिन् नि, होइन र ?**

होइन-होइन । म अहिलेसम्म सिंगल छु । त्यो त सञ्चारमाध्यममा चलेको हल्लामात्र हो ।

**अरूले प्रणय दिवस मनाएको देख्दा आफू पनि त्यसैगरी रमाउँ भन्ने लाग्दैन ?**

मलाई त यत्तिकै रमाइलो लाग्छ । म त्यो दिन आफ्नो बुवालाई ह्याप्पी भ्यालेन्टाइन्स डे बुवा भन्छु । किनभने भ्यालेन्टाइन्स डे प्रेम अभिव्यक्त गर्ने दिन हो । त्यो प्रेम तपाईंले आफ्नी गर्ल फ्रेण्डलाई मात्र गर्नुपर्छ भन्ने छैन । दाजु-भाइ, दिदी-बहिनी, आमा-बुवा जसलाई पनि प्रेम व्यक्त गर्न सकिन्छ ।



तस्बिर : महेश प्रधान

# राखी सावन्तको धमाका



खैरो केश अनि कालो पारदर्शी पहिरनमा जब बलिउड आइटम गर्ल राखी सावन्त उपस्थीति भइन् मैदानभरि जम्मा भएको भीडले ताली बजाएर स्वागत गऱ्यो । स्थानीय कलाकारका साथमा राखीले हिन्दी 'रिमिक्स' गीतबाट आफ्नो प्रस्तुति प्रारम्भ गरिन् । मन्चको छेउमा राखिएको इनर्जी ड्रिंक पिउँदै नाचिरहेकी राखी सुरुवातमा पाँच मिनेट नाचिन् । नेपाली भाषा बोल्न नजाने पनि उद्घोषकको सहयोगमा उनले नेपाल राम्रो लागेको बताउँदै नेपाली आइटम गीतमा नृत्य गर्ने बताइन् । पहिरन फेरेर आधा घण्टापछि उनी पुनः मञ्चमा आइन् । 'छङ्के तिलहरी'का साथ फरिया चोलीमा राखीले हिन्दी गीतमै नृत्य गरिन् भने त्यसपछि 'काले दाइ काले दाइ...' मा नृत्य गर्दै उपस्थित सबैलाई नचाइन् । विराटनगर महानगरपालिको सिमाना जोडिएको कटहरी गाउँपालिका स्थित गोपाल फन पार्कमा आयोजित 'बुलेट इन्टरनेसनल म्युजिक फेस्टिभल-२०१९' मा केही भारतीय कलाकारहरूका साथमा स्थानीय उद्योगी, व्यापारी, राजनितीकर्मीदेखी सर्वसाधारण सबै उपस्थित थिए । राखीले काले दाइ काले दाइ.... गीतमा नृत्य गर्दा तन्नेरीहरूको 'वान्समोर' पाइन् । दर्शदीर्घाबाट निरन्तर हुटिङ भैरह्यो । २० मिनेटको प्रस्तुतिबीच राखीले हिन्दी रिमिक्स तथा आइटम गीतमा दमदार प्रस्तुति दिइन् । उक्त अवसरमा राखीसँगै इन्डियन आइडल-२०१७ फेम मानषी भारद्वाज तथा मेघा कौरले समेत प्रस्तुति दिएका थिए ।

अनिल श्रेष्ठ

# नेपाली चलचित्रमा कोरियोग्राफी गर्ने चाहना

नेपाली नृत्य कलाकार तथा कोरियोग्राफर सुजन मार्फा तामाङले स्टार प्लसबाट प्रसारित नृत्यमा आधारित रियालिटी शो 'डान्स प्लस-४' मा दोस्रो स्थान हासिल गरेका छन् । सुजन गत आइतबारै स्वदेश फर्किएका छन् । विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै सुजनले नेपाल र नेपालीलाई गौरवान्वित गर्न सफल भएकोमा खुसी लागेको बताए । नेपाली ढाका टोपीमा सजिएका सुजनले हँसिलो मुद्रामा भने, 'नेपाललाई गौरवशाली बनाउने धेरै पहिलेदेखिको सपना थियो, त्यो सपना पूरा भएकोमा खुसी लागेको छ ।' भारतजस्तो ठूलो देशमा एउटा नेपाली कलाकारले दोस्रो स्थान हासिल गरेर फर्कनु पनि ठूलै उपलब्धि हो, सुजनले बताए ।




सुजनका अनुसार उनीहरूले दोस्रो स्थान हासिल गरेपछि प्रशंसकहरूको धेरैभन्दा धेरै शुभकामना सन्देश तथा फोन कलहरू प्राप्त गरे । 'अधिकांशले आँचल र मेरो जोडी नै डिजर्भिङ थियो भन्नुभएको छ, सुजन भन्छन्- 'दर्शकको मन जित्न सफल भएकोमा अत्यन्त खुसी छु ।'

प्रतियोगिताका क्रममा सुजन करिब ६ महिना भारत बसेका थिए । मुम्बईमा अभ्यास गर्दा कठोर मेहनत गर्नुपरेकाले आफ्नो तौल घटेको सुजनले बताए ।

समग्रमा डान्स प्लस-४ प्रतियोगिता निकै टफ भएको तामाङ बताउँछन् । सबैभन्दा धेरै ब्याटल आफैंले जितेकोमा उनी थप खुसी छन् । 'प्रतियोगितामा व्यस्त रहँदा परिवार तथा साथीभाइहरूलाई फोन गर्न नपाएकोमा दुःख लागेको छ,' तामाङ भन्छन्- 'यद्यपि नेपालबाट जाने सन्देशहरूले मलाई सधैं खुसी र उत्साही बनाइरहन्थे ।'

सुजनले अब नेपालमै डान्सिङ करियर बनाउने कुरा बताएका छन् । अब म नेपालमै केही गर्न चाहन्छु भन्दै सुजनले नेपाली चलचित्रमा कोरियोग्राफीमार्फत नेपालकै उत्कृष्ट चलचित्र कोरियोग्राफर बन्ने लक्ष्य लिएको जानकारी दिए । यसका साथै उनले वर्ल्ड अफ डान्स (डब्लूएफडी) मा नेपालको प्रतिनिधित्व गर्ने आफ्नो रहर लुकाएनन् ।

प्रतियोगिताको ग्रान्ड फिनालेमा सुजन र आँचलसहित बर्तिका झा, भी अनबिटेबल तथा चेतन सालुंखेबीच कडा प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा टिम पुनितबाटै प्रतिनिधित्व गर्ने पुणेका चेतन सालुंखेले डान्स प्लस-४ को उपाधि जितेका थिए भने बर्तिका झाले सेकेन्ड रनर्सअप तथा भी अनबिटेबलले थर्ड रनर्सअपको उपाधि जिते थिए । फाइनल प्रतिस्पर्धाको निर्णयमा जजहरूका साथै पब्लिक भोटको पनि महत्वपूर्ण भूमिका थियो जसमा मराठी भाषी चेतनले बाजी मारेका थिए ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुवास ढकाल ।